# हनुमानढोका मोहनचोकका भित्तेचित्रहरु

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय
अर्न्तगत नेपाली इतिहास, सँस्कृति तथा पुरातत्व
विषयमा स्नातकोत्तर उपाधिको आंशिक
परिपूर्तिको निमित्त प्रस्तुत

## शोधपत्र

प्रस्तोता
**सुबासकृष्ण डंगोल**
रोल नं. २८००४२
रजिष्ट्रेशन नं. ६-२-२६४-७०-२००४
नेपाली ईतिहास, सँस्कृति तथा पुरातत्व केन्द्रिय विभाग
त्रि.वि. कीर्तिपुर
२०६८

**त्रिभुवन विश्वविद्यालय**
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रिय विभाग, कीर्तिपुर
विभागीय प्रमुखको कार्यालय

टेलिफोन नं. ४३३१९७६

प.सं.
च.नं.

मिति : २०६९/०२/१७

## शोधप्रबन्धको स्वीकृति

श्री सुबाशकृष्ण डंगोलद्वारा पेश गरिएको **"हनुमानढोका मोहनचोकका भित्तेचित्रहरु "** शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकाय अर्न्तगत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृत गरियो ।

| | | |
|---|---|---|
| प्रा.डा. विणा पौड्याल<br>विभागीय प्रमुख | भेष नारायण दाहाल<br>बाह्य परिक्षक | सह प्रा. डा.सावित्री मैनाली<br>शोधनिर्देशक |

टेलिफोन नं ४३३१९७६

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र संकाय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाण्डौ

## शोधनिर्देशनको सिफारिश पत्र

श्री सुवाशकृष्ण डंगोलले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्र्तगत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको निमित्त **"हनुमानढोका मोहनचोकका भित्तेचित्रहरु"** शीर्षकमा यो शोधपत्र तयार गर्नु भएको हो । म निजको कार्यबाट सन्तुष्ट छु । अतः प्रस्तुत शोधपत्र परिक्षण मूल्याङ्कनका लागि सिफारिश गर्दछु ।

मिति : २०६९/१/४

........................

सह प्रा. डा. सावित्री मैनाली

शोध निर्देशक

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व

केन्द्रिय विभाग त्रि.वि.

कीर्तिपुर, काठमाण्डौ

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र **"हनुमानढोका मोहनचोकका भित्तेचित्रहरु"** त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग अर्न्तगतको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको निमित्त तयार पारिएको हो ।

प्रस्तुत शोधपत्रको शोध-प्रस्ताव लेखनको समयदेखि नै अमूल्य समय दिई आवश्यक सल्लाह तथा सुझाव दिनुहुने यस नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा.वीणा पौड्यालप्रति आभार व्यक्त गर्दछु । शोधपत्रको क्रममा सुरुदेखि अन्त्यसम्म आवश्यक सल्लाह तथा सुझाव दिई मार्ग निर्देशन गर्नु भएकोमा आदरणीय गुरुआमा सहप्राध्यापक डा. सावित्री मैनालीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै मलाई संस्कृति विषय पढाउनु हुने सम्पूर्ण गुरुजनहरुप्रति पनि आभारी छु ।

यो शोधकार्य गर्न स्वीकृति दिनुभएकोमा हनुमानढोका राजदरबार हेरचाह अड्डाका तत्कालिन कार्यालय प्रमुख श्यामसुन्दर राजवंशीप्रति म ज्यादै ऋणी छु । साथै अध्ययन र अनुसन्धान गर्ने वातावरण मिलाइदिनु भएकोमा हनुमानढोका राजदरबार संग्रहालय विकास समितिका सदस्य सचिव (कार्यकारी निर्देशक) सरस्वती सिंहप्रति पनि आभारी छु । त्यस्तै नेपालको भित्तेचित्रहरुको संरक्षण तथा रङ्गहरुको बारेमा अन्तर्वार्तामा सहभागी भई महत्वपूर्ण तथ्य र जानकारी उपलब्ध गराइदिनुहुने केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशालाका कला अधिकृत पुष्पकृष्ण डंगोल, कला अधिकृत सूर्यकुमारी मानन्धर र योङ्ग आर्टिस् ग्रुपका भूतपूर्व अध्यक्ष पुष्परत्न शाक्यप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधकार्यको लागि चाहिने आवश्यक पुस्तकहरु उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने केन्द्रीय त्रि.वि.पुस्तकालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभागको पुस्तकालय र आशा सफूकुथिप्रति पनि कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै जोशी रिसर्च इन्सिच्युटका उपयोगी पुस्तकहरु उपलब्ध गराई आफ्नो शोधपत्रलाई अगाडि बढाईदिनु भएकोमा संस्कृति शिरोमणि श्री हरिराम जोशीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरि महत्वपूर्ण पुस्तकहरु उपलब्ध

गराईदिनु भएकोमा इतिहास संशोधन मण्डलका सदस्य डा. महेशराज पन्तप्रति आभार व्यक्त छु । साथै आफ्नो व्यक्तिगत संग्रहमा रहेका पुस्तकहरु समयमै उपलब्ध गराई सहयोग गरिदिनु भएकोमा कर्ण मर्हजनलाई पनि धन्यवाद टक्र्याउँदछु ।

यस शोधकार्यको लागि सुरुदेखि नै निरन्तर सहयोग एंवम् हौसला प्रदान गर्नुहुने मेरा श्रद्धेय पिता पुष्पकृष्ण डंगोल र माता तारालक्ष्मी डंगोलप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । जसको प्रेरणाले अध्ययन कार्यलाई उर्वर गराई प्रस्तुत शोधपत्र तयार हुनसक्यो । साथै समयसमयमा सल्लाह र सुझाव दिनुहुने मेरा दाजु दिपुकृष्ण डंगोललाई पनि विर्सन्न सकिन्न ।

यस शोधकार्यको शिलशिलामा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने अन्य सम्पूर्ण महानुभावहरुप्रति हार्दिक कृतज्ञता र धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा यो शोधपत्र मेरो अध्ययनको पहिलो खुड्किलो भएकोले कुनै गल्ती भएमा प्रतिक्रियाको अपेक्षा गरेको छु ।

**सुबासकृष्ण डंगोल**

शोधकर्ता

# विषय सूची


| | |
|---|---|
| शोधप्रबन्धको स्वीकृति पत्र | २ |
| शोधनिर्देशकको सिफारिश पत्र | ३ |
| कृतज्ञता ज्ञापन | ४ |
| नक्सा | |

**अध्याय १**

| | |
|---|---|
| **अनुसन्धान परिचय** | ८–१९ |
| १.१ परिचय | ८ |
| १.२ समस्या कथन | १० |
| १.३ अध्ययनको उद्देश्य | ११ |
| १.४ अध्ययनको औचित्य | ११ |
| १.५ अध्ययनको क्षेत्र र सीमा | १२ |
| १.६ अनुसन्धान पद्धति | १३ |
| १.७ पूर्वसाहित्य समिक्षा | १४ |

**अध्याय २**

| | |
|---|---|
| **कलाको परिचय** | २०–३३ |
| २.१ परिचय | २० |
| २.२ चित्रकलाको इतिहास | २२ |
| २.३ नेपाली भित्तेचित्रकलाको इतिहास | २७ |

**अध्याय ३**

**हनुमानढोका मोहनचोकका भित्तेचित्रहरु** ३४–११७

३.१ हनुमानढोका राजदरबारको परिचय ३४

३.१.१ हनुमानढोका दरबारभित्र रहेका चोकहरु ३७

३.१.२ मोहनचोकको परिचय ३८

३.२ मोहनचोकका भित्तेचित्रहरु ४१

३.२.१ पहिलो भागका भित्तेचित्रहरु ५२

३.२.२ दोस्रो भागका भित्तेचित्रहरु १०९

**अध्याय ४**

**नेपाली भित्तेचित्र निर्माण गर्ने प्रविधि** ११८–१२३

**अध्याय ५**

**भित्तेचित्र संरक्षण गर्ने प्रक्रिया** १२४–१३१

**अध्याय ६**

**उपसंहार** १३२–१३६

**परिशिष्ट** १३७–१३९

**सन्दर्भ ग्रन्थसूची** १४०–१४२

**चित्रहरु** १४३–१७४

अध्याय एक

# अनुसन्धान परिचय

## १.१ परिचय

नेपाल एक बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक एवंम् बहुजातिय देश हो । जहाँ आफ्नै आस्था अनुसार आफ्नै किसिमको धर्म, संस्कृति, रीतिरिवाज, रहनसहन आदि रहेका छन् । यहाँको रहनसहन, लवाइखवाइ र साँस्कृतिक वातावरण भौगोलिक स्थितिसँग अभिन्न रुपमा जोडिएर रहेका छन् भने विभिन्न समुदायहरुको जातीय आधारमा संस्कृति र रहनसहनमा विविधता रहेको पाइन्छ । यसरी विभिन्न जातजाति र भाषाभाषीहरु, धर्म, संस्कृति भएकाहरु बीचको एकता र भ्रातृत्वको भावनाले नै नेपाल राज्य अनेकतामा एकता भएको एउटा सुन्दर फुलबारीको रुपमा रहि आएको छ । यहि नेपालको राष्ट्रिय गौरव र सम्पन्नताको पहिचानको द्योतक पनि हो । भौगोलिक रुपमा नेपाल हिमाल, पहाड र तराईले सजिएको छ भने पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको भूभागहरुमा विभिन्न प्रजातिका जीवजन्तु, वनस्पति र फूलहरु आदिले यो देशको सुन्दरतालाई अझ थपेको छ । देशभित्र रहेका विभिन्न समुदायका मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदाहरु, कला कौशलका अनुपम नमूनाहरुले विश्वसामु सुसंस्कृत नेपालको परिचय स्थापित गर्न सफल भएको छ ।

नेपालको राजधानी एवं कला कौशलका केन्द्रविन्दुको रुपमा रहेको काठमाण्डौलाई पुरातात्विक र साँस्कृतिक हिसाबले ज्यादै नै महत्वपूर्ण स्थल मानिन्छ । यहाँ थुप्रै मठमन्दिर, विहार, दरबार, गुम्बा, मूर्तिहरु रहेका छन् जसले गर्दा बीसौं शताव्दीको उत्तरार्द्ध सम्ममा नेपाल भ्रमणमा आउने विदेशीहरुले काठमाण्डौं शहरलाई घरभन्दा बढि मन्दिर र मानिस भन्दा बढि देवताहरु भएको शहर भनेर प्रशंसा गरेका

थिए । काठमाण्डौं उपत्यकाको कला तथा वास्तुकलाहरुको बारेमा भन्नुपर्दा मन्दिर, चैत्य, बहा: बहिको अलावा उपत्यकाभित्रका तीनवटा मल्लकालिन ऐतिहासिक दरबारहरु हनुमानढोका दरबार, पाटन दरबार र भक्तपुर दरबारलाई युनेस्कोले १९९७ मा विश्व सम्पदा सूचिमा सूचिकृत समेत गरिसकेको छ ।

राजा प्रताप मल्लले वि.सं. १७२९ साल जेठ महिनामा दरबारको मुख्यद्वार नजिकै हनुमानको मूर्ति स्थापना गरेदेखि यस दरबारको नाँउ हनुमानढोका दरबार रहन गएको हो । यो दरबार इतिहासको विभिन्न कालखण्डमा मल्लकालिन राजाहरु रत्न मल्ल, महेन्द्र मल्ल, प्रताप मल्ल लगायत शाहकालिन राजाहरु पृथ्वीनारायण शाह र रणबहादुर शाहको र पछिल्लो समयमा राणा प्रधानमन्त्रीहरु समेतले यस परिसरभित्र विभिन्न निर्माण तथा थपघट गर्ने कार्य गर्दै वर्तमान स्वरुपमा विकास भएको देखिन्छ । पृथ्वीनारायण शाहले उपत्यकालाई विजय गरिसकेपछि उनले नेपालको राजधानी काठमाण्डौलाई बनाए र उनका आठौं पुस्ताका राजा श्री ५ पृथ्वीवीर विक्रम शाहको शासनकालसम्म पनि यही दरवारमा राजाहरु बस्ने गर्दथे । जसले गर्दा अन्य दरबारहरुभन्दा यसको महत्व अझ बढ्न गयो ।

यस हनुमानढोका दरबारलाई अझ आर्कषक र सुन्दर बनाउन यहाँ निर्माण गरिएका चोकहरुको पनि उत्तिकै महत्व रहेको छ । सुरुमा यहाँका चोकहरुको संख्या ३५ वटासम्म थिए । पछि वि.सं. १९९० सालको महाभूकम्प र जुद्ध सडक निर्माण गर्ने बेलामा थुप्रै चोकहरुको अस्तित्व समाप्त हुन पुग्यो । फलस्वरुप हाल जम्मा १० वटा चोकहरु मात्र रहेका छन् । यी चोकहरुमध्ये मोहनचोक पनि ऐतिहासिक महत्व बोकेको चोक हो । प्रस्तरकलादेखि लिएर काष्ठकला, चित्रकला, धातुकलाका विभिन्न नमुनाहरु रहेको यस चोकको आफ्नो छुट्टै मौलिक विशेषता रहेको छ । विशेषत: यस चोकको पूर्वी लङ्गमा शाहकालिन भित्तेचित्रहरु कोरिएका छन् । जसमा सुरथ राजा, मधुकैटभको कथा र देवी भगवती एंवम् महिषासुर दैत्यको कथा रहेका छन् । साथै

ब्रह्मा, विष्णु, शिव, कुमार, गणेश, काली र कृष्णगोपिनीको ज्यादै सुन्दर आर्कषक ठूल्ठूला चित्रहरु पनि कोरिएका छन् । यसरी यहाँ कोरिएका चित्रहरुले तत्कालिन समयको चित्रकलाको विषयवस्तु, चित्रलेखन शैली तथा माध्यम, रंग संयोजन आदि विभिन्न विषयहरुको जानकारी दिने भएकोले यहाँका भित्तेचित्रहरुको विशेष महत्व रहेको छ भने यी चित्रहरुले तत्कालिन नेपाली धार्मिक चित्रकला विधामा महत्वपूर्ण स्थान आगटेको छ ।

आगामी परिच्छेदहरुमा यस हनुमानढोका दरबार, मोहनचोकमा रहेका ती चित्रकलाहरुको विस्तृत विवरण प्रस्तुत गरिने छ ।

छ ।

## १.२ समस्या कथन

कला र सँस्कृतिको क्षेत्रमा नेपालले लिच्छविकालदेखि नै विशिष्ट स्थान हासिल गरेको छ । अझ मध्यकालमा आइपुग्दा नेपाली कलाले निक्कै ठूलो फड्को मार्न सफल भयो । यसबेलाका कलाका नमुनाहरुमा ग्रन्थचित्र, पौभाचित्र, भित्तेचित्र, धातुकला, प्रस्तरकला, काष्ठकला आदि पर्दछन् । तिनीहरुमध्येको भित्तेचित्रकला एक उत्कृष्ट कला विधा हो । नेपाली भित्तामा कोरिएका कतिपय भित्तेचित्रकला प्रकाशमा आइसकेका छन् । तर पनि कतिपय स्थानमा रहेका भित्तेचित्रहरु अनुसन्धानको कसिबाट धेरै टाढा छन् । नेपालका भित्तेचित्रकला एक त संख्यात्मक हिसाबले कम छन्, त्यसमा पनि उचित संरक्षणको अभावमा दिन प्रतिदिन नाँसिदै गएका छन् । हालसम्म विस्तृत रुपमा अनुसन्धान भई नसकेका भित्तेचित्रहरुमा हनुमानढोकास्थित मोहनचोकको पूर्वी लङ्को भित्तामा कोरिएका चित्रहरु पनि पर्दछन् । यहाँ कोरिएका चित्रहरु विषयवस्तु तथा कलाकारिताको दृष्टिले उल्लेखनीय छन् । यिनीहरुको समयमै

अध्ययन अनुसन्धान हुनु आवश्यक ठानी यी चित्रहरुलाई आफ्नो अनुसन्धानको विषय बनाइएको हो । यसका समस्याहरुलाई निम्न लिखित बुँदाहरुमा प्रस्तुत गरिन्छ ।

१. यहाँका भित्तेचित्रहरुका बारेमा विद्वानहरुबाट गहन रुपमा अध्ययन गरेको नपाइनु ।

२. यी भित्तेचित्रका विषयवस्तुहरुको बारेमा विस्तृत रुपमा विश्लेषण नहुनु ।

३. भित्तेचित्रकलामा प्रयुक्त रङ्ग र रङ्ग संयोजनको बारेमा विद्वानहरुमा ध्यान नजानु ।

४. कालक्रमसँगै यहाँका भित्तेचित्रहरु जीर्ण हुनु।

## १.३ अध्ययनको उद्देश्य

यस शोधपत्रको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. हालसम्म विस्तृत रुपमा प्रकाशमा नआएको यी भित्तेचित्रहरुलाई प्रकाशमा ल्याउने ।

२. यहाँ चित्रित चित्रकलाको विषयवस्तुहरुको बारेमा व्याख्या तथा विश्लेषण गर्ने ।

३. भित्तेचित्रमा प्रयुक्त रङ्ग तथा रङ्ग संयोजनको बारेमा प्रष्टाउने ।

४. भित्तेचित्रमा प्रस्तुत चित्रहरुको महत्व दर्शाउने ।

५. भित्तेचित्रमा प्रयोग भएको शिल्पकारिताको बारेमा प्रकाश पार्ने ।

## १.४ अध्ययनको औचित्य

हाम्रो देश नेपाल कला, धर्म र संस्कृतिले सम्पन्न भएको देश हो । नेपालमा अनेक स्थानमा थुप्रै मात्रामा मूर्ति, मठमन्दिर, विहार, स्तूपहरु आदि यत्रतत्र छरिएर रहेका छन् । त्यसैले त नेपाललाई घरभन्दा मन्दिरहरु धेरै र मानिसभन्दा मूर्तिहरु धेरै भएको देश भनिन्छ । नेपालमा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरु थुप्रै रहेका छन् । तिनीहरुमध्ये हनुमानढोका राजदरबार पनि एक हो । यस

क्षेत्रमा धेरै मात्रामा ऐतिहासिक मूर्तिहरु, मन्दिरहरु रहेका छन् । यो एउटा प्राचीन स्थल थियो भन्ने कुरा यहाँबाट प्राप्त भएको अंशुवर्माकालिन अभिलेखबाट पुष्टि हुन्छ । (बज्राचार्य,२०३०:३७५) विशेष गरि यो राजदरबार मल्ल राजाहरु र शाह राजाहरुको निवासस्थानको रुपमा रहेको थियो । यो दरबारको मोहनचोकको पूर्वी लङ्गको भित्तेचित्रहरुको बारेमा विस्तृत रुपमा अध्ययन भएको देखिंदैन । यहाँका चित्रहरु सामाजिक, धार्मिक, साँस्कृतिक तथा कलाकारिताको दृष्टिकोणले पनि महत्वपूर्ण रहेका छन् । चित्रकलामा रंगको फरक फरक प्रयोगले एउटै चित्रमा पनि फरक फरक प्रभाव ल्याउँछ । यस ठाँउका भित्तेचित्रहरुको सूक्ष्म तरिकाले अध्ययन तथा अनुसन्धान गरिने भएकोले पनि यस अनुसन्धानको महत्व अझ बढेको छ । साथै यस अध्ययनले तत्कालिन नेपाली कलाका बारेमा बुझ्न चाहने विद्यार्थी लगायत यस विषयका जिज्ञासुहरुको जिज्ञासालाई पनि मेट्न सक्ने भएकोले यो अध्ययनको औचित्य पुष्टि हुन्छ ।

## १.५ अध्ययनको क्षेत्र र सीमा

नेपालमा भित्तेचित्रहरु विभिन्न स्थानमा पाइएतापनि प्रस्तुत अध्ययनको क्षेत्र मुख्य रुपमा काठमाण्डौस्थित हनुमानढोकाको मोहनचोकमा रहेका भित्तेचित्रहरुमा मात्र सीमित रहने छ । यसभन्दा बाहिरका घर, मठमन्दिर तथा विहार आदिमा भएका भित्तेचित्रहरुको यसमा अध्ययन गरिने छैन ।

## ६. अनुसन्धान पद्धति

यो शोधपत्रमा निम्न लिखित अनुसन्धान पद्धतिहरु अपनाइएको छ ।

### ६.१ प्राथमिक स्रोत

यस स्रोत अन्तर्गत निम्न लिखित स्रोतहरु अपनाई आवश्यक तथ्यांकहरु संकलन गरिएको छ ।

६.१.१ स्थलगत अवलोकन :

हनुमानढोकामा रहेको मोहनचोकका भित्तेचित्रहरुको स्थलगत अवलोकन, अनुसन्धानको विषयसँग सम्बन्धित सम्पूर्ण भित्तेचित्रहरुको डिजिटल क्यामेराको माध्यमबाट तस्बिर खिची भित्तेचित्रहरुको सूक्ष्म अध्ययन गरि सो सम्बन्धि विवरण प्रस्तुत गरिएको छ ।

६.१.२ अन्तर्वार्ता :

सम्बन्धित क्षेत्रका विज्ञ जस्तै कलाकारहरु, भित्तेचित्रको संरक्षणमा खटिएका आधिकारिक व्यक्तिहरु, संस्कृतिविद्का साथै लिपि विशेषज्ञसँग प्रत्यक्ष अन्तर्वार्ता लिई प्राथमिक तथ्यांक संकलन गरी अध्ययन तथा विश्लेषण गर्ने काम भएको छ ।

६.१.३ प्रश्नावली :

अवलोकन र अर्न्तवार्ताबाट प्राप्त हुन नसकेका तथ्यांकहरु यस विधिबाट प्राप्त हुनसक्ने भएकोले सरल र सटिक प्रश्नहरु समावेश गरेर प्रश्नावलीहरुद्वारा आवश्यक सूचना संकलन गरिएको छ ।

## ६.२ द्वितीय स्रोत

यस स्रोत अन्तर्गत निम्न स्रोत अपनाई आवश्यक तथ्यांकहरु संकलन गरिएको छ ।

### ६.२.१ साहित्यिक स्रोत

बिषयसँग सम्बन्धित भित्तेचित्रहरुका बारेमा हालसम्म प्रकाशित तथा अप्रकाशित सामग्री, लेख रचनाहरु, प्रतिवेदनहरु लगायत वेबसाइटमा उपलब्ध भएका सामाग्रीहरुको सूक्ष्म रुपमा अध्ययन गरि तिनीहरुको विवरण दिने काम गरिएको छ ।

## ७. पूर्वसाहित्य समीक्षा

नेपाली चित्रकलाको बारेमा विभिन्न विद्वानहरुले आ-आफ्नै किसिमले अध्ययन अनुसन्धान गरि थुप्रै पुस्तक, लेखहरु प्रकाशित गरेका छन् । तसर्थ यो शोधकार्य तयार गर्नको लागि निम्न लिखित पुस्तक, लेखहरुको अध्ययन गरि साहित्य समीक्षा गरिएको छ ।

- **नेपालको मध्यकालिन कला (वि.सं.२०२६)** – मनबज्र बज्राचार्यद्वारा लिखित यो पुस्तक मध्यकालिन कलाको बारेमा जानकारी दिने एउटा महत्वपूर्ण स्रोत हो । पाँच अध्यायमा विभाजित यो पुस्तकमा मध्यकालिन नेपाली चित्रकलाको विषयवस्तु, कलाशैली, चित्रणविधान, रेखा, रंग, आगिक अनुपात, वर्णविन्यासको तरिका, वस्त्र र वुट्टाहरुको प्रयोग लगायत नेपाली चित्रकलामा देख्नपाइने मौलिकतासम्मको बारेमा विस्तारपूर्वक चर्चा गरिएको छ । यसमा तत्कालिन

समयका ग्रन्थचित्र, पटचित्र, जन्मपत्रिका, चित्रको समेत चर्चा भए तापनि भित्तेचित्रको बारेमा ज्यादै कम उल्लेख गरिएको छ ।

- "नेपालका केहि महत्वपूर्ण भित्तेचित्रहरु (वि.सं.२०३१)" **–** पुरातत्व विभागबाट प्रकाशित **'प्राचीन नेपाल'** नामक पत्रिकामा साफल्य अमात्यद्वारा लिखित यो लेखमा कलाको उत्पत्तिदेखि लिएर नेपालका विभिन्न स्थानमा रहेका भित्तेचित्रहरुको वर्णन गरिनुका साथै त्यसको संरक्षण, प्रवर्द्धन तथा सुरक्षाका बारेमा समेत उल्लेख गरिएको छ । यसमा हनुमानढोकास्थित मोहनचोकका भित्तेचित्रहरुको बारेमा ज्यादै कम चर्चा गरिएको छ ।

- **हनुमानढोका राजदरबार (वि.सं.२०३३)** – गौतमबज्र बज्राचार्यद्वारा लिखित यो पुस्तकको पहिलो अध्यायमा हनुमानढोका राजदरबारको प्राचीनता झल्कने महत्वपूर्ण कुराहरुको वर्णन गरिएको छ । साथै राजदरबार वरिपरि रहेका विभिन्न मठमन्दिर, मूर्ति लगायत त्यहाँ भएका चोकहरुको बारेमा विस्तृत रुपमा व्याख्या गरिएको छ । हनुमानढोका राजदरबार एक सँस्कृतिको केन्द्रविन्दुको रुपमा कसरी रहेको छ भन्ने बारेमा विस्तृत रुपमा अध्ययन गरिएको छ । त्यस्तै चोकहरुको वर्णन गर्ने क्रममा मोहनचोकको पनि व्याख्या गरिएको छ । तत्कालिन समयका राजाहरुद्वारा यस चोकमा गरिने विभिन्न क्रियाकलाप लगायत त्यहाँस्थित विभिन्न मूर्तिहरुको बारेमा चर्चा गरिएको छ । साथै यो पुस्तकमा विभिन्न चोकहरुका कोठा जस्तै मोहनचोकको पूर्वी लङ्ग, न्हुलछेचोक र बसन्तपुरचोकको कोठामा भएका भित्तेचित्रको सामान्य चर्चासम्म गरिएको छ । तर चित्रहरुको बारेमा विस्तृत अध्ययन गरिएको पाइँदैन ।

- **समसामायिक नेपाली चित्रकलाको इतिहास** (२०३३) **–** नारायणबहादुर सिंहद्वारा लिखित यो पुस्तक नेपाली चित्रकलाको बारेमा अध्ययन गर्न ज्यादै नै उपयोगी देखिन्छ । आठ खण्डमा विभाजित यो पुस्तकको दोस्रो खण्डमा नेपालमा पाइएका व्यक्तिचित्र, फोटोग्राफी, चित्रकला, धार्मिक चित्र, दृश्यचित्र, दैनिक जीवनका चित्र, जनावरका चित्रहरुका इतिहासका बारेमा व्याख्या गरिएको छ । यसमा तत्कालिन समयका विभिन्न चित्रकारहरुले चित्रकलाको क्षेत्रमा दिएको योगदानबारेमा पनि उल्लेख गरिएको छ । विशेष गरि दोस्रो खण्डमा धार्मिक चित्र अर्न्तगत विभिन्न चित्रकारहरुले बनाएका चित्रहरुको बयान गरिएको छ । यसै सन्दर्भमा हनुमानढोकाको मोहनचोकको भित्तेचित्रको उल्लेख गरिएको छ । जसमा यहाँको भित्तेचित्रकला लेख्ने चित्रकारको बारेमा पनि छोटो उल्लेख गरिएको छ । त्यस्तै यहाँ चित्रित चित्रहरुमा देवासुर संग्राम, महिषासुर वध र विष्णु, शिव, ब्रह्मा, गणेश र कार्तिकेयका ठूल्ठूला चित्रहरुको सामान्य चर्चा मात्र गरिएको छ । तर सूक्ष्म अध्ययनको अभाव देखिन्छ ।

- **प्राचीन नेपाली चित्रकला (वि.सं २०३४) –** लैनसिङ्ग वाग्देलद्वारा लिखित यस पुस्तकमा नेपालको प्राचीन साँस्कृतिक पृष्ठभूमि सहित समय अनुसार चित्रकलामा आएको शैलीगत परिवर्तनको बारेमा विस्तृत रुपमा चर्चा गरिएको छ । यस पुस्तकमा विभिन्न समयमा बनेका ग्रन्थचित्र, पौभाचित्र, भित्तेचित्रहरुलाई भिन्दा भिन्दै अध्यायमा विभाजन गरि उदाहरण सहित व्याख्या र विश्लेषण गरिएको छ । तर हनुमानढोकास्थित मोहनचोकका भित्तेचित्रहरुको उल्लेख गरिएको छैन ।

- नेपाली भित्ति चित्रकला (२०३५) – पेशल दाहालद्वारा लिखित स्नातकोत्तर तहको यो **शोधपत्रमा** नेपाली चित्रकलाको उत्पत्ति, विकासदेखि लिएर त्यसमा परेको विदेशी प्रभावको बारेमा बयान गरिएको छ । चित्रकलाको विभिन्न प्रकारहरुमध्ये भित्तेचित्रकलाको उत्पत्ति र विकासको साथै नेपालमा प्राचीनकालदेखि आधुनिककालसम्म प्राप्त भएका भित्तेचित्रहरुको बारेमा स-विस्तार व्याख्या गरिएको छ । साथै आधुनिक कालको भित्तेचित्रको बयान गर्ने क्रममा मोहनचोकको भित्तेचित्रहरुको पनि संक्षिप्त रुपमा चर्चा गरिएको छ । तर सूक्ष्म अध्ययनको अभाव छ ।

- द आर्ट अफ नेपाल दोस्रो भाग (ई.१९७८/वि.सं. २०३५) – प्रतापादित्य पालद्वारा लिखित यो पुस्तक नेपाली चित्रकलाको बारेमा फोटो सहित धेरै जानकारी दिने एउटा महत्वपूर्ण स्रोत हो । सात अध्यायमा विभाजित यो पुस्तकको सातौं अध्यायमा नेपाली ग्रन्थचित्र, पौभाचित्र, भित्तेचित्र, पटचित्र, व्यक्तिचित्रका बारेमा धेरै महत्वपूर्ण जानकारी दिइएको छ । जहाँसम्म भित्तेचित्रको कुरा छ यो पुस्तकमा नेपालका विभिन्न स्थानमा रहेका भित्तेचित्र लगायत हनुमानढोकास्थित मोहनचोकको पूर्वी लङ्गमा रहेको भित्तेचित्र पनि उल्लेख गरिएको छ । जसमा सुरथ राजाको कथा, भगवती र महिषासुरको युद्ध र विष्णु र मधुकैटभको युद्धको सामान्य रुपमा मात्र चर्चा गरिएको छ । तर विस्तृत रुपमा चित्रहरुको बयान गरिएको छैन ।

- **विश्वकलाको इतिहास (वि.सं.२०३९) –** मनुजबाबु मिश्रद्वारा लिखित यस पुस्तकमा विश्वकलाको साथसाथै नेपाली चित्रकलाको बारेमा समेत विवेचना गरिएको छ । यसमा नेपाली मूर्तिकला, वास्तुकलाका साथै चित्रकलाको शैलीगत

विशेषता र चित्र रचना विधिका बारेमा ज्यादै राम्रो सँग चर्चा गरिएको छ । तर यस पुस्तकमा नेपाली भित्तेचित्रकलाको गहिरो अध्ययन भएको देखिदैंन ।

- **नेपाल मण्डल भाग एक र दुई (ई.१९८२/वि.सं.२०३९) –** मेरी स्लसरद्वारा लिखित यो पुस्तकमा नेपालमा शासन गर्ने वंशहरु, तत्कालिन समयको कला, वास्तुकला, हिन्दू देवीदेवता, बौद्ध धर्मको इतिहास लगायत विभिन्न पक्षहरुको बारेमा निक्कै गहन रुपमा अध्ययन गरिएको छ । यस पुस्तकको भाग दुईमा कलाका विभिन्न नमूनाहरुलाई फोटोसहित प्रस्तुत गरिएको छ । जसमा विभिन्न स्थानमा रहेका भित्तेचित्रहरुको अलावा हनुमानढोकास्थित मोहनचोकको भित्तामा चित्रित केवल जलासयन विष्णु र मधुकैटभको सामान्य चर्चा बाहेक अरु विवरण पाईंदैन ।

- **नेपाली मूर्तिकला र चित्रकला (वि.सं.२०५७) –** वीणा पौड्यालद्वारा लिखित यस पुस्तकमा नेपाली मूर्तिकला र चित्रकला दुवै विधालाई समेटेको छ । यस पुस्तकको तेस्रो खण्डमा चित्रकलाको परिचय र प्रकारका साथै कलाको सुरुवातको बारेमा चर्चा गरिएको छ । त्यस्तै नेपाली चित्रकलाको प्रारम्भिक अवस्थाको अलावा मल्लकालिन ग्रन्थचित्र, पौभाचित्र र भित्तेचित्रहरुका केहि उदाहरण सहित त्यसको वर्णन गरिएको छ । मध्यकालिन चित्रकलामा रंगको प्रयोग भन्ने शीर्षक अर्न्तगत ग्रन्थचित्र र पौभाचित्रमा प्रयोग गरिएको रंगको बारेमा विस्तृत रुपमा व्याख्या गरिएको छ । अन्तिम अध्यायको रुपमा बनेपास्थित चण्डेश्वरी मन्दिरको भैरवको भित्तेचित्रको राम्रोसँग बयान गरेको छ । तर अन्य ठाँउका भित्तेचित्रहरुको भने उल्लेख गरिएको छैन ।

यसरी माथि उल्लेख गरिएका पुस्तकहरुमा नेपाली चित्रकलाको बारेमा विभिन्न विद्वानहरुबाट केही प्रकाश पारिएका छन् । साँच्चै भन्ने हो भने भित्तेचित्रकलालाई छाडेर चित्रकलाको अन्य विधाहरुको व्याख्या र विश्लेषण गरिएको छ । तर भित्तेचित्रकलाको सवालमा भने माथि उल्लेखित विभिन्न स्रोतहरुमा पूर्ण रुपमा व्याख्या र विश्लेषण गरिएका छैनन् । अर्थात् चित्रकला विधाअन्तर्गत पर्ने भित्तेचित्रकलाको बारेमा तिनीहरुमा गहन रुपमा अध्ययन गरिएको पाँईदैंन । यसर्थ पनि यहाँका भित्तेचित्रहरुको विस्तृत अनुसन्धान गर्न आवश्यक ठानी यसलाई आफ्नो अनुसन्धानको विषय बनाइएको छ । जसले गर्दा कलाका बारेमा बुझ्न चाहने विद्यार्थीहरु तथा अन्य पाठकवर्गहरुलाई शाहकालिन नेपाली भित्तेचित्रकलाको विषयवस्तु, तिनीहरुको शैली, रंग संयोजन आदि विभिन्न विषयमा जानकारी प्राप्त गर्न सहयोग पुग्नेछ । अझ एक पाइला अगाडि बढि भन्नुपर्दा नेपालका भित्तेचित्रहरुको अध्ययनको सिलसिलामा यो शोधपत्र सन्दर्भग्रन्थको रुपमा प्रयोग गर्न लायक हुने कुरामा यो अनुसन्धानकर्ता पूर्ण विश्वस्त छ ।

❖

## अध्याय दुई

# कलाको परिचय

२.१ परिचय

मानिसले आफ्ना भावना तथा विचारहरुलाई कुनै साधन वा माध्यमबाट अभिव्यक्त गर्दछ भने त्यसलाई कला भनिन्छ । मानवीय सिर्जना अभिव्यक्ति गर्ने माध्यम नै कला हो । कुनै पनि वस्तुको आफ्नै रुप, आकार र रंग हुन्छ । यी सबै तत्वहरु भएका दृष्टि सतहमा आउने भौतिक वस्तुलाई कला भनिन्छ । त्यस्तै कल्पनामा रहेको कुनै पनि कुरा अमूर्त हुन्छ । जब त्यो बाहिरी रुप लिएर प्रकट हुन्छ तब त्यसलाई कला भनिन्छ । (श्रेष्ठ, ११२७:२९) कला भन्नु सिर्जनशील सोचाईको अभिव्यक्ति पनि हो । कलाले सौन्दर्य र सिर्जनाको एक मौलिक पहिचान स्थापित गर्ने चेष्टा गर्दछ । कलाको माध्यमबाट नै तत्कालिन समयको आर्थिक, सामाजिक, धार्मिक तथा मानव सभ्यताको व्याख्या गर्न सकिन्छ । कला र संस्कृति सभ्यता निर्माणका खम्बा हुन् भन्दा अत्युक्ति नहोला ।

कला शब्दको उत्पत्ति मूल संस्कृत धातु कल बाट भएको हो । जो भनिन्छ अथवा जुन जान्न सकिन्छ त्यो नै कला हो । (पौड्याल, २०५७:२३४) कलाका विभिन्न विधाहरु रहेका छन् तीमध्ये चित्रकला पनि एक हो । यस्ता विधाको विभिन्न ग्रन्थहरुमा उल्लेख गरिएको पाईन्छ । जस्तै **उत्तर-रामचरित्रमा** वर्णन गरिएका अनुसार राम, सीता र लक्ष्मण अयोध्यामा फर्केपछि उनीहरुको मन एउटा सुन्दर चित्रप्रति कसरी आकर्षित भएको थियो भन्ने कुराको बयान गरिएको छ । त्यस्तै **महाभारतमा** दुर्योधनले द्रौपदीको चीरहरणको तस्वीर हेरेको वर्णन छ । बुद्धकालिन समयमा प्रसेनजीतले भिक्षुणीहरुलाई चित्रशालामा प्रवेश गर्न निषेध गरेको प्रसंग पनि **बौद्ध वाङ्गमयमा** उल्लेख छ । (वाङ्गदेल, २०३४:११-२२) साथै **श्रीमद्भागवतमा** उषा र

अनिरुद्धका प्रेमकथामा चित्रकलाको चर्चा देखिन्छ । उषाले सपनामा देखेको युवकलाई मौखिक बयानअनुसार उनकी संगिनी चित्रलेखाले चित्र तयार पारेकी थिइन् । **विष्णुधर्मोत्तरमा** पनि चित्रकलाको बारेमा केहि संकेत पाइन्छ । जसअनुसार नारदमुनिले आँपको रस ल्याउन एकदमै राम्री उर्वशी उत्पन्न गरिदिए । चित्र लेखेर उर्वशीलाई बनाएको हुनाले उनी अप्सरामा सबैभन्दा राम्री भइन् । त्यस्तै उशनस्द्वारा लिखित **शुक्रनीतिसारमा** कलाको बारेमा के भनिएको छ भने जुन कार्य वाणीबाट अर्थात् शब्दबाट राम्रोसँग व्यक्त गर्न सकिन्छ त्यसलाई 'विद्या' भनिन्छ । अनि जुन कार्य लाटो मानिसले पनि राम्रोसँग बुझ्न र गर्न सक्दछ त्यसलाई कला भनिन्छ । यसैगरि **भर्तृहरिनीतिसारमा** कलालाई **साहित्यसंङ्गीतकलाविहिन, साक्षात् पशुः पुच्छविषाणहीनः** अर्थात् साहित्य, संगीत र कलाले विहिन मनुष्य सिङ र पुच्छर नभएको साक्षात् पशु हो भनेर भनेका छन् । (पौड्याल, २०५७:२३४)

कला शब्दको प्रयोग भरतद्वारा लिखित नाट्यशास्त्रमा पनि पाईन्छ । त्यस्तै वात्स्यायनद्वारा लिखित कामसूत्रमा पनि ६४ कलाहरुमध्ये चित्रकलालाई चौथो कलाको रुपमा ज्यादै राम्रोसँग वर्णन गरेको छ । (वाङ्देल, २०३४:११) यसको अलावा जैनग्रन्थ प्रबन्धकोश, कलाविलास, ललितविस्तार आदि ग्रन्थमा पनि कलाको राम्रोसँग वर्णन गरिएको छ । धेरैजसो ग्रन्थहरुमा कलाको संख्या ६४ रहेको छ । तर प्रबन्धकोश ग्रन्थमा ७२ वटा कलाको सूची रहेको छ भने ललितविस्तारमा ८६ वटा कलाको वर्णन गरिएको छ ।

कला भन्ने शब्द यति व्यापक छ कि यसलाई विभिन्न विद्वानहरुले आ-आफ्नै तरिकाले व्याख्या गरेका छन् । **लक्ष्मीप्रसाद देवकोटाका** अनुसार कलाको उत्पत्ति मनुष्यको अनन्त चेतको प्रतिभाबाट हुन्छ । त्यस्तै **नारायणबहादुर सिहंका** अनुसार मानव मनका कोमल र परिष्कृत भावनाको उद्बोधक कलाकै माध्यमले हुन्छ भनेर भन्नुभएको छ । कलाको व्याख्या गर्ने क्रममा **फ्रायदले** मानव अवचेतन मनको

प्रवृतिहरुको उन्नत रुप नै कला हो । **हर्बट रिडले** कलालाई मानिसको सिर्जनशीलताका विभिन्न आयमलाई अभिव्यक्ति गर्न सक्ने क्षमता वा निरन्तर अभ्यास गर्ने भावनाबाट निस्केको सिर्जना मानेको छ ।

यसरी कला भनेको एक सुन्दर सिर्जना हो, जसमा रङ्ग, विषय र प्रस्तुतिको तादम्यता मिलेको हुनुपर्छ । अतः कला शब्दको अर्थ र परिभाषा जति गहन छ, त्यत्ति नै विस्तृत छ ।

## २.२. चित्रकलाको इतिहास

मानिस एक चेतनशील सामाजिक प्राणी हो । त्यसैले ऊ जहिले पनि नयाँ नयाँ कुराको खोजीमा उन्नत भइरहेको हुन्छ । सधैं आफ्नो उन्नति तथा सुख सुविधाको लागि प्रयत्नशील भइरहेको हुन्छ । उसको यही गुणले गर्दा नै प्रारम्भको जंगली बर्बर अवस्थाबाट आजको सभ्य मानिसको रुपमा आफूलाई उभ्याउन मानव सफल भएको छ । जब मानिस जंगली अवस्थामा गुफा तथा कन्दराहरुमा बस्दथे र जनावरहरुको शिकार गरेर आफ्नो जीविकोपार्जन गर्दथे त्यहि अवस्थामा नै मानिसको पहिलो बौद्धिक उपलब्धिको रुपमा कलाको आविष्कार हुन पुग्यो । यसलाई भाषा र लिपिभन्दा पनि पुरानो मानिन्छ । तसर्थ तत्कालिन समयका मानिसहरुले आफ्ना भावना तथा विचारहरुलाई प्रकट गर्ने माध्यमको रुपमा चित्रकलाको आविष्कार गरेको देखिन्छ । भाषा र लिपिको प्रार्दुभाव नहुँदासम्म चित्रकला नै एक मात्र अभिव्यक्तिको माध्यम थियो । यसरी मानवले जुन समयसम्म भाषा र लिपिको आविष्कार गरेका थिएनन्, त्यतिबेलासम्म विशेषगरि उसले चित्रकलाको माध्यमबाट आफ्ना अनुभवहरु प्रस्तुत गर्दथ्यो । सम्भवतः चित्रकलाको माध्यमबाट नै मानिसहरुले लिपिको सुरुवात

गरेको हुनुपर्दछ र कालान्तरमा अनेक प्रकारका रेखाहरु खिच्दै जाँदा मानिसले अक्षरहरु लेख्ने प्रेरणा पाएको हुनुपर्दछ । (चित्रकार, २०३४:१)

विश्वमा चित्रकलाको सुरुवात कहिलेबाट भयो भन्ने बारेमा हालसम्म पनि यकीनका साथ भन्न सकिएको छैन । तर पनि यूरोपका विभिन्न स्थानमा प्राप्त भएका प्राग्ऐतिहासिक गुफाहरुबाट तत्कालिन समय अर्थात् पाषाणकालदेखि नै चित्रकलाको सुरुवात भएको प्रमाणहरु प्राप्त भएका छन् । यसैलाई आधार लिने हो भने पाषाणकालदेखि नै चित्रकला मानिसको एक महत्वपूर्ण अंगको रुपमा विकसित हुँदै आएको देखिन्छ । प्राग्मानवहरुले त्यस्तो स्थानमा गुफा चित्रहरु निर्माण गरेका छन् जहाँ उसलाई बस्न उपयुक्त थियो । आदिम युगका मानवहरुले आफ्नो सुरक्षाको लागि गुफा, कन्दरा आदिलाई आफ्नो बासस्थानको रुपमा प्रयोगमा ल्याएका थिए । उसले गुफा, कन्दरामा बसेर घाम, पानी, शीत, आँधी मात्र नभई जनावरबाट सुरक्षा पाउन सधैंभरि संघर्षमय जीवन बिताइरहनु पऱ्यो । तसर्थ आफ्नो सुरक्षा कसरी गर्ने, जीविर्कोपार्जनको लागि कसरी शिकार गर्ने, शिकारको लागि आफू कता जाने भन्ने सन्दर्भमा बाटो ठम्याउन ढुंगाले कोर्दै चिन्ह लगाएको हुनुपर्छ । ती ढुगांले कोर्दै जाँदा चित्र लेख्ने कार्यको सुरुवात भएको हुनुपर्छ (चित्रकार, २०३४:१) । यही कार्यलाई निरन्तरता दिंदै जनावरमाथि विजय हासिल गरेका र प्रकृतिसँग सम्बन्धित चित्रहरु भित्तामा कोरिन थाले । जुन कुराको पुष्टि आजभन्दा १५,१६ हजार वर्ष पुराना दक्षिण फ्रान्सको लास्को र स्पेनको अल्टामिरा गुफामा भेटिएको चित्रबाट स्पष्ट हुन्छ । यी चित्रहरु गुफाको मुखमा मात्र नभएर धेरै भित्रसम्म पनि प्राप्त भएका छन् । यसबाट प्राग्मानवहरु आगोसँग परिचित भइसकेका थिए भन्ने पुष्टि हुन्छ । विशेष गरि Dordogne, Gard, Ardeche, Ariege, Correze, Cantabrica, Asturias आदि गुफाहरुमा तत्कालिन समयका विभिन्न चित्रहरु प्राप्त भएका छन् । साथै यूरोपका अन्य मुलुकहरुमा रहेका गुफाहरुमा पनि प्राग्ऐतिहासिक चित्रहरुले

भरिएका चित्रहरु प्राप्त भएका छन् । (Burkitt, 1977:183-184) यसरी यी गुफा चित्रहरु हजारौं बर्षसम्म उज्यालोमा नपर्नु, एउटै घामपानी, तापक्रममा रहनुले पनि यिनीहरु जोगिएर रहन सकेका हुन् । (वाङ्गदेल, २०३४:९)

यसका साथसाथै भित्तेचित्रकलाको अर्को कलात्मक नमुना मिश्रबाट प्राप्त भएको छ । विशेष गरि मन्दिर तथा राजपरिवारका चिहानहरुलाई आकर्षक तथा सुन्दर बनाउन भित्तामा चित्रहरु कोर्ने गर्दथे । राजा सेती प्रथमको समाधिमा इशी देवताकी पत्नी ओसीरीस आफ्ना दुवै हात पखेटा सरी फैलाई अति सुन्दर मुद्रामा बसिरहेका चित्र, नखट नामक एक मिश्रको भलादमीको चिहानमा गायिका र नर्तकीहरुका हुल अंकित चित्र र भोजको तयारी गर्दै गरेको आदि विषयहरुसँग सम्बन्धित चित्रहरु चित्रित गरिएका छन् । (अमात्य, २०३१:३८) त्यस्तै भारतको सबैभन्दा महत्वपूर्ण गुफा अजन्ता गुफाभित्र बनाइएको चित्रहरुको पनि आफ्नै विशेष महत्व छ । ठूलो र सानो गरेर जम्मा २९ वटा गुफाहरु रहेको अजन्तामा विशेष गरि बुद्धसँग सम्बन्धित चित्रहरु बनाइएका छन् । यहाँ १६ र १७ नम्बरको गुफाको भित्तामा एकदमै सुन्दर चित्रहरु कोरिएका छन् । १६ नम्बरको गुफामा बुद्धले गृहत्याग गरेको दृश्य र १७ नम्बरको गुफामा बुद्धले बुद्धत्व प्राप्त गरेर कपिलवस्तुमा फर्केको बेलामा यशोधराले आफ्नो छोरालाई बुद्धको अगाडि राखेको दृश्य देखाइएको छ । ( मिश्र, २०३९:१६५-१६६) यसको अलावा भारतको मध्य र दक्षिण प्रदेशको सतना, रीवा, सिहोर, रायसेन, रमगढवा, छतरपलिया, चन्दातरी आदि स्थानबाट पनि भित्तेचित्रहरु प्राप्त भएका छन् । जुन चित्रहरुमा ज्यादै नै सजीवता पाउन सकिन्छ ।

यसरी विभिन्न स्थानहरुमा रहेका गुफा चित्रहरुको अध्ययन गर्दा तत्कालिन समयका प्राग्मानवहरुले आफ्ना भावनाहरु व्यक्त गर्न, आफू बस्ने ठाँउको सजावट गर्न, मनोरञ्जनका लागि र धार्मिक भावनाले गर्दा नै चित्रहरु कोरेका थिए । जसले गर्दा तत्कालिन समयको वस्तुस्थिति तथा सामाजिक, धार्मिक अवस्थाहरु बुझ्न ज्यादै

नै सहयोग मिलेको छ । यसरी चित्रकलाको उत्पत्ति मानव सभ्यताको उत्पत्तिसँगसँगै भएकोले यसलाई मानव सभ्यताको उत्पत्तिसँग दाँज्नुपर्ने हुन्छ ।

समयको अन्तरालसँगै चित्रकलाका विभिन्न विधाहरु देखापरे । जसबाट नेपाल पनि अलग रहन सकेन ।

- ग्रन्थ चित्रकला (Miniature Painting)
- पौभा चित्रकला (Scroll Painting)
- भित्ते चित्रकला (Wall or Mural Painting)

## क) ग्रन्थ चित्र (Miniature Painting)

चित्रकलाका विभिन्न नमुनाहरुमध्ये ग्रन्थचित्र एक महत्वपूर्ण विधा हो । छापाखानाको आविष्कार हुनुभन्दा अगाडि आफूलाई आवश्यक पर्ने पुस्तकहरु ताडपत्र वा भोजपत्रमा हातैले लेखेर तयार पार्ने गरिन्थ्यो । जसलाई हस्तलिखित ग्रन्थ भनिन्छ । ती ग्रन्थहरुमा लेखिएका विषयवस्तुहरुलाई स्पष्ट पार्न विभिन्न चित्रहरु बनाउने चलन रहेको थियो र त्यसैलाई नै ग्रन्थचित्र भनिन्छ । नेपालमा हालसम्म प्राप्त चित्रकलाका नमुनाहरुमा ग्रन्थ चित्रहरु नै पर्दछन् । यस्ता ग्रन्थ चित्रहरु पूर्वमध्यकालभन्दा अगाडिका पाइएका छैनन् । तर सिल्भा लेभीका अनुसार लिच्छविकालिन राजा नरेन्द्रदेवले आफू मृत्युशैय्यामा पुगेको समयमा आफूले लगाएको राजमुकुट र प्रज्ञापारमिता नामक ग्रन्थ आफ्ना दुई छोरीको हातमा दिएको कुरा उल्लेख गरेका छन् । (Levi,1980:24) यसलाई आधार मान्ने हो भन्ने त्यस समयमा पनि ग्रन्थ चित्र बन्ने गर्थ्यो भन्न सकिन्छ । तर अहिले हामीसँग त्यसको प्रमाण भने छैन । मध्यकालमा आइपुग्दा ग्रन्थ चित्रहरु थुप्रै मात्रामा प्राप्त भएका छन् । मध्यकालमा बनेका उत्कृष्ट ग्रन्थचित्रहरुमध्ये पञ्चरक्षा, हरिवंश, हितोपदेश,

विष्णुधर्मोत्तरम्, शिवधर्मशास्त्रम् आदि पर्दछन् । बेलायतको क्याम्ब्रिज युनिभर्सिटीमा रहेको ताडपत्रमा लेखिएको ने. सं. १३५ को **अष्टसहस्रिका प्रज्ञापारमितालाई** नेपालको सर्वप्राचीन ग्रन्थचित्र मानिएको छ । (वाङ्गदेल,२०३४:१९) तर मनबज्र बज्राचार्यले हालको पाटनस्थित महाबौद्ध मण्डलको अधिकारी शाक्यहरुको जिम्मा रहेको ने.सं. ४० को **प्रज्ञापारमितालाई** नेपालको सर्वप्राचीन ग्रन्थचित्र मानेका छन् । ( बज्राचार्य,मिति नभएको :४२)

**ख) पौभा चित्र** (Scroll Painting)

चित्रकलाको दोस्रो विधाको रुपमा पौभाचित्रलाई लिइन्छ । विभिन्न देवीदेवताहरुको चित्र कपडामा बनाएर त्यसलाई चारैतिर रेशमले मोडेर कपडाको माथि र तलतिर गोलो काठ हाली भित्तामा भ्रुण्ड्याउन तथा बेरेर राख्न मिल्ने खालको चित्रलाई नै पौभाचित्र भनिन्छ । पौभा चित्रलाई तिब्बतीहरु थाङ्का र पाश्चात्य देशमा टंका पनि भनिन्छ । यस्ता पौभाचित्रमा मुख्य देवतालाई बीचमा राखेर चित्रहरु बनाइने गरिन्छ। नेपालको सबैभन्दा पुरानो पौभाचित्र लस एन्जेलसको काउण्टी म्यूजियममा रहेको तेह्रौं शताब्दीको उत्तरार्द्ध र चौधौ शताब्दी प्रारम्भतिरको अभिताभको बुद्धको पौभा चित्र हो । तिथिमिति सहित अंकित गरिएका पौभा चित्रहरुमा ने.सं ४८८ को ताराको चित्र र अर्को ने.सं. ५४० लेखिएको विष्णुमण्डलको चित्र हो । (वाङ्गदेल,२०३४: ४४-४५) यसरी पौभाचित्रका थुप्रै उदाहरणहरु राष्ट्रिय संग्रहालय, भक्तपुर कला संग्रहालय लगायत विभिन्न बौद्ध विहारहरु रहेका छन् । जुन विशेष पर्व, जात्राहरुमा प्रर्दशन गरिन्छन् ।

**ग) भित्तेचित्र** (Wall Paintings)

नेपाली चित्रकलाको अर्को महत्वपूर्ण विधाको रुपमा भित्तेचित्रकला पर्दछ । भित्तामा कोरिएको, लेखिएको, कुँदिएको जस्तोसुकै चित्रलाई पनि भित्तेचित्र भन्न

सकिन्छ । तर साधारणतया भित्तेचित्र भन्नाले घर, मन्दिर, विहार आदि कुनै पनि स्मारकको भित्तामा कुनै रङ्गको माध्यमबाट चित्रित चित्रहरुलाई लिन सकिन्छ । यसरी घर, मन्दिर, विहार आदिको भित्तामा कोरिएको चित्रहरुलाई हामी भित्तेचित्र भन्छौं ।

नेपालमा मध्यकालभन्दा अगाडिका भित्तेचित्रहरु प्राप्त भएका छैन । तर लिच्छविकालिन अभिलेखहरु र विदेशी यात्रीका यात्रा विवरणको अध्ययन गर्दा तत्कालीन समयमा विभिन्न रङ्गहरुद्वारा दरबारहरु सिंगारिन्थ्यो भन्ने जानकारी प्राप्त हुन्छ । हाल प्राप्त भित्तेचित्रहरु मध्यकालदेखि शाहकालसम्मका रहेका छन् । यो शोधपत्र पनि भित्तेचित्रकलासँग सम्बन्धित भएकोले यसको इतिहासबारे अर्को परिच्छेदमा व्याख्या गरिनेछ ।

## २.३ नेपाली भित्तेचित्रकलाको इतिहास

नेपालमा चित्रकलाको सुरुवात कहिले र कसको पालादेखि भयो भन्ने स्पष्ट प्रमाण छैन । तर प्राप्त भएका प्रमाणहरुको आधारमा विभिन्न विद्वानहरुले यस विषयमा आ-आफ्नै विचारहरु व्यक्त गरेका छन् । नेपालमा गोपाल र आभिर वंशहरुले क्रमशः शासन गरेको कुरा गोपालराज वंशावलीमा उल्लेख गरिएको छ । तर तत्कालिन समयको चित्रकला सम्बन्धित जानकारी दिने कुनै आधारहरु प्राप्त हुन सकेको छैन । त्यस्तै आभिरपछि नेपालमा शासन गर्ने किराँतहरुको समयमा पनि चित्रकला सम्बन्धित जानकारी दिने कुनै पनि प्रमाणहरु उपलब्ध हुन सकेको छैन ।

नेपाली कलाको प्राचीनताबारे अध्ययन गर्नको लागि पुरातात्विक तथा साहित्यिक स्रोतलाई आधार लिनुपर्ने हुन्छ । यदि साहित्यिक स्रोतमाथि भर पर्ने हो भने इशापूर्व छैठौ शताब्दीसम्म पुग्न सक्छौं । इशापूर्व छैठौ शताब्दीमा कपिलवस्तुका राजा शुद्धोधनले आफ्ना छोरा सिद्धार्थलाई सुखसयलमा हुर्काउन भव्य दरबार बनाएको

र दरबारमा ऋतु परिवर्तनको समेत आभास नहुने खालको वातावरण रहेको विवरण पाईन्छ । यस प्रसंगले पनि उक्त दरबार चित्रमय भएको संकेत देखिन्छ । (दाहाल, खतिवडा, २०५८:१४७) त्यस्तै महाजनक जातकमा मिथिला राज्यमा कलाको ज्यादै विकास भएको उल्लेख पाईन्छ । साथै प्राचीन साहित्यमा राजा जनकको दरबारको पनि वर्णन पाईन्छ । जुन दरबार रम्य चित्रहरुले सजाइएको हुन्थ्यो । (पाण्डे, रेग्मी, २०५४:६३) इशापूर्व चौथो शताब्दीतिर नेपालका राडीपाखीहरु भारतको पाटलीपुत्रमा खुबै खपत हुने कुरा कौटिल्यको अर्थशास्त्रमा उल्लेख भएको छ । (शामशास्त्री, ई.१९२९:२४) यस विषयमा राधाकुमुद मुखर्जीले “आठ वटा टुक्रा जोडेर बनाइएको पानी नछिर्ने कालो रङ्गको भृङ्गिसी र अपसारक नाम भएको असल खालको राडीपाखीको स्रोत नेपाल” भनी व्यक्त गर्नुभएको कुरा जगदीशचन्द्र रेग्मीले उल्लेख गर्नुभएको छ । (रेग्मी, २०२६:१५१) यसलाई आधार मान्ने हो भने नेपालमा कपडा तथा राडीपाखीमा रंगको प्रयोग गर्ने चलन भएको विश्वास हुन्छ ।

यदि पुरातात्विक स्रोतको आधारमा नेपाली चित्रकलाको इतिहासलाई लिच्छविकालसम्म मात्र पुऱ्याउन सकिन्छ । यद्दपि यसबेलाका भित्तेचित्रकलाका नमुनाहरु प्राप्त छैनन् । नेपालको इतिहासमा लिच्छविकाललाई स्वर्णयुग मानिन्छ । लिच्छविहरुले आफ्नो शासनकालमा गरेको चौतर्फी विकासको आधारमा नै लिच्छविकाललाई स्वर्णयुग मानिएको हो । यस समयमा नेपालले भाषा, धर्म, संस्कृति, वास्तुकला लगायत कलाको क्षेत्रमा ज्यादै ठूलो फट्को मारेको थियो । जसको प्रमाण हालसम्म पनि प्राप्त भएका थुप्रै अभिलेखहरु, मूर्तिहरु, मुद्राहरु आदि हुन् । चित्रकला सम्बन्धि केहि विवरण भने अभिलेखहरुमा पाईन्छ । चित्रको विवरण दिने पहिलो अभिलेख चावहिलको अभिलेख हो जसमा **‘‘सञ्चिच सुचिरङ्गालम्भवनम्भवविच्छिद किन्नरी जातकाकीर्णन्नाचित्रविराजितम्** अर्थात् मोक्ष दिने तिनको (भगवान् बुद्धको) किन्नरी जातकका कथा कुँदिएको, अनेकथरी चित्रले सुहाएको यो चैत्य धेरै कालसम्म

कष्ट गरि बनाइएको हो ।" (बज्राचार्य, २०३०:१-२) यस आधारमा किन्नरी जातकका कथालाई चित्रमा प्रस्तुत गरिएको सो चैत्य ज्यादै मेहेनत गरि बनाएको थियो भन्ने कुरा स्पष्ट हुन्छ । त्यस्तै लिच्छविकालमा मानगृह, कैलाशकुट र भद्राधिवास जस्ता ठूल्ठूला दरबारहरुको निर्माण भएको चर्चा लिच्छविकालिन अभिलेखमा गरिएको छ । जसमध्ये अंशुवर्माद्वारा निर्माण गर्न लगाइएको कैलाशकुट भवनको चर्चा चीन तथा तिब्बतसम्म पुगेको थियो । अंशुवर्माको सम्बत् ३२ को साँगाको अभिलेखमा " **क्षितितलतिलकभूतात्कुतहलिजनतानिमेषनयनावलोक्यमानात्कैलासकूटभवनात्** अर्थात् पृथ्वीतलको टीकाजस्तो भएको, कुरिकुरि लागेका दुनियाहरुको आँखा झिम्म नगरेर हेरिएको कैलाशकुट भवन...... " भनेर दरबारको प्रशंसा गरेको छ । (बज्राचार्य, २०३०: ३३६-३३८) तसर्थ यस्तो भव्य दरबारमा पक्कै पनि आर्कषक चित्रहरु निर्माण गरिएका हुन सक्छन् ।

लिच्छविकालको कला र वास्तुकलाको जानकारी दिने अर्को महत्वपूर्ण स्रोत भनेको चिनियाँ यात्री वाङ-हुन्- त्सेको यात्रा विवरण पनि एक हो । राजा नरेन्द्रदेवको समयमा नेपालमा आएका यी यात्रीले कैलाशकुट भवनको वर्णनको क्रममा दरबारका भित्ताहरुमा रङ्ग लगाई कारिगरीपूर्ण बुट्टाहरुले सजाइएको कुरा उल्लेख गरेका छन् । (बज्राचार्य, मिति नभएको:२६६)

यसैगरि चित्रकला सम्बन्धित विवरण दिने अर्को महत्वपूर्ण अभिलेख सम्बत् १२२ को शिवदेवको गोरखास्थित गोरखनाथ गुफाको अभिलेख हो जसमा **"पंचरंगचित्रकर्मण....."** को उल्लेख भएको छ । जसले पाँच प्रकारको रंगले बज्रभैरवलाई रंगाउथ्यो भन्ने बुझिन्छ । (बज्राचार्य,२०३०: ५२३-५२६)

त्यस्तै नक्साल नारायणचौरको जयदेव द्वितियको अभिलेखमा **"प्रासादरथचित्रणे....."** अर्थात् दरबारको बुर्जाको चित्रणको चर्चा पाईन्छ । जसबाट

लिच्छविकालिन दरबारका भित्ता एंव बुर्जाहरु चित्रद्वारा सजिएका हुन्थे भन्ने थाहा हुन्छ । (रेग्मी, २०२६: १-२) यसको साथै काठमाण्डौको विशालनगरको टुँडालदेवीको मन्दिरनिर रहेको प्रस्तरमा कोरिएको बोधिसत्वको रेखाचित्रलाई साफल्य अमात्यले लिच्छविकालिन चित्र मानेका छन् । (अमात्य, २०३१:३९)

लिच्छविकालिन अभिलेखहरुको विवरण मात्र नभएर त्यसमा कुँदिएको चित्रबाट पनि तत्कालिन समयको चित्रकलाको बारेमा केहि जानकारी प्राप्त गर्न सकिन्छ । यस्ता चित्रहरु विशेष गरि अभिलेखको माथिल्लो भागको दायाँबायाँ कुँद्ने प्रचलन रहेको थियो । लिच्छविकालिन शिलालेखहरुमा खासगरि शैव, वैण्णव, बौद्ध सम्प्रदायसँग सम्बन्धित चित्रहरु कुँदिएको पाईन्छ । शैव सम्प्रदायसँग सम्बन्धित चित्रहरुमा अभिलेखको शीर्ष भागमा शिवलिङ्ग वा बसेको साँढे कुँदिएको पाईन्छ । त्यस्तै वैष्णव सम्प्रदायसँग सम्बन्धित चित्रहरुमा शंख, चक्र, माछा, कलश, फूलबुट्टाहरु उत्कीर्ण गरिएको पाईन्छ भने बौद्ध सम्प्रदायसँग सम्बन्धित चित्रहरुमा शीर्ष भागमा धर्मचक्र र दुईतिर हरिणका मूर्तिहरु उत्कीर्ण गरिएका हुन्छन् । शीर्ष भागबाहेक अभिलेखमा कुदिँएका शिलाफलकका किनाराहरुमा अलंकृत पार्ने उद्देश्यले फूलबट्टा, लहरा र ज्यामितिय शैलीका धर्साहरु पनि बनाइएको पाईन्छ । तर तत्कालिन भित्तेचित्रकलाका नमुनाहरु हाम्रो सामु उपलब्ध हुन नसक्नाका पछाडि कमजोर सतहहरुमा चित्रकलाको निर्माण हुनु, समय समयमा भएका बाह्य आक्रमण र प्राकृतिक प्रकोपलाई नै लिनुपर्ने हुन्छ । (Pal,1978:7) ढुङ्गा जस्तो कठोर माध्यममा समेत विभिन्न चित्रहरु कोर्न सक्ने तत्कालिन कलाकारहरुले भित्तामा चित्रहरु कोरेनन् भन्ने कल्पनासम्म गर्न सकिन्न ।

मध्यकालमा भने भित्तेचित्रकलाका नमुनाहरु प्राप्त भएका छन् । यी नमुनाहरुमा भक्तपुरको तलेजु भवानी मन्दिरको भित्तेचित्रहरु, ५५ झ्याले दरबारका भित्तेचित्रहरु, काठमाण्डौको कुमारी घर, स्वयम्भूको शान्तिपुर, कीर्तिपुरको बाघ

भैरवको भित्तेचित्रहरु, जयबागेश्वरी मन्दिरको भित्तेचित्रहरु, बनेपा चण्डेश्वरीको भित्तेचित्र, पनौतीको ब्रह्मायणी मन्दिरको भित्तेचित्रहरु आदि उल्लेखनीय रहेका छन् । तसर्थ यी विभिन्न स्थानहरुमा रहेका भित्तेचित्रहरुलाई संक्षिप्त रुपमा उल्लेख गरिएको छ । जसमध्ये भक्तपुरको तलेजु मन्दिरको भित्तेचित्रमा राजा भूपतिन्द्र मल्लको चित्र, सतीको चित्र, नाचिरहेको विष्णु र कृष्णको चित्रहरु, सारगिंक र जरितको चित्र , देवी र शुम्भ-निशुम्भका चित्रहरु, कर्कोकट नागनागिनी, लोकपाल हात्ती, भैरवका चित्रहरु, नृत्यमय गणेश लगायत पौराणिक जीवजन्तुका चित्रहरु कोरिएका छन् ।

त्यस्तै ५५ झ्याले दरबारका भित्तेचित्रहरुमा विश्वरुपको आकृति, हातहतियार लिएका सैनिकहरु, युद्धमा जान लागेका र एक राजकुमारको विछोडमा विलाप गरिरहेका स्त्रीका चित्रहरु, महाभारतको अनुरुप कृष्णको जन्मको घटनाक्रमका दृश्यका साथै गोपिनीहरुसँगको रासलीलाको दृश्यका साथै विभिन्न पशुपन्छीका चित्रहरु देखाइएका छन् ।

काठमाण्डौको कुमारीघरमा भएका भित्तेचित्रहरु पनि ज्यादै महत्वपूर्ण मानिन्छ । यहाँ रातो र सेतो मच्छिन्द्रनाथ, अष्टमातृका देवी, बाघ भैरव, कल्पवृक्ष, आर्यतारा, भीमसेन, हिरण्यकश्यपु वध, हनुमान, शक्तिसहित गणेशका चित्र र एउटा चैत्यको चित्र पनि रहेका छन् । साथमा कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लको पूर्ण शरीरको चित्र पनि रहेको छ ।

त्यस्तै स्वयम्भूको शान्तिपुर मन्दिरभित्र रहेका चित्रहरु धेरैजसो स्वयम्भू पुराणसँग सम्बिन्धित रहेका छन् । तीमध्ये मैत्रेय बोधिसत्वले आफ्ना चेलाहरु जम्मा पारी उपदेश सुनाइरहेका दृश्यहरु र मञ्जुश्रीको चित्र आदि विशेष उल्लेखनीय छन् । यहाँ भएका सम्पूर्ण चित्रहरुलाई अभिलेख मार्फत् प्रस्तुत गरिएको छ । जुन चित्रको मुनि लेखिएको छ ।

कीर्तिपुरको बाघभैरव मन्दिरको बाहिरी भागमा रहेका चित्रहरु शिव पुराणमा आधारित छन् । यहाँ दानको दृश्य, युद्धको दृश्य, उपदेशको दृश्य, भारी बोकेर हिंडिरहेका मान्छेहरुका दृश्यहरु र बीचबीचमा शिवलिगंहरु बनाइएको छ । त्यस्तै द्वारपालका रुपमा मन्दिरको दायाँबायाँ सूर्य, चन्द्र र कीर्तिमुख भैरवको चित्र स्पष्ट देखिन्छ ।

यसैगरि जयबागेश्वरी मन्दिरको भित्तामा भैरव, भैरवी, अष्टमसान, विभिन्न देवीहरु चित्रहरु, पुरुष र नारीको चित्र, प्राकृतिक विषयवस्तुका चित्रहरु, पशुपंक्षीका चित्रहरु, चैत्य तथा शिवलिगं र बोक्सी विद्यामा आधारित चित्रहरु कोरिएका छन् ।

त्यस्तै बनेपाको चण्डेश्वरी मन्दिरको पश्चिमपट्टि भित्तामा आठहाते भैरवको ठूलो चित्र रहेको छ । यो चित्रलाई नेपालको सबैभन्दा ठूलो भित्तेचित्र मानिन्छ । चित्रकारले यो चित्र बनाउँदा नीलो रंगको प्रयोग ज्यादा गरेको हुनाले यसलाई आकाश भैरवको चित्र मानिन्छ ।

यसरी काठमाण्डौ उपत्यकाभित्रमा सीमित नभई उपत्यका बाहिर पनि मुगु, हेलम्बु, डोल्पा, ओलाङ्गचुङ्गगोला लगायत मुस्ताङ्ग आदि क्षेत्रहरुमा गरिएको पुरातात्त्विक सर्वेक्षणबाट मध्यकालिन भित्तेचित्रहरु प्राप्त भएका छन् ।

शाहकालमा आइपुग्दा यसकालको सुरुवातमा बनेका केहि भित्तेचित्रहरुबाहेक यसकालमा भित्तेचित्रकलाको क्षेत्रमा खासै उपलब्धि हुन सकेको देखिदैंन । यसो हुनुको कारण क्यामेरा चित्रको प्रचलनमा आउनु हो । यसले नै भित्तेचित्रकलाको स्थान लिन पुग्यो । (दाहाल,२०३५:३६) तरपनि यस समयको प्रारम्भतिर बनेका भित्तेचित्रका नमुनाहरुमा हनुमानढोका राजदरबारको नौतले दरबारको पश्चिमी लङ्गको कोठामा रहेका भित्तेचित्रहरु, न्हुलछे चोकको उत्तर लङ्गको भित्तेचित्रहरु, त्रिभुवन सदनमा रहेका भित्तेचित्रहरु र मोहनचोकमा रहेका भित्तेचित्रहरु पर्दछन् । यति मात्र नभएर उपत्यका

बाहिरका विभिन्न क्षेत्रमा भएका गुम्बाहरुमा पनि शाहकालिन भित्तेचित्रहरु देख्न सकिन्छ । तर यो शोधपत्र मोहनचोकको पूर्वी लङ्गको कोठामा रहेका शाहकालिन भित्तेचित्रहरुसँग मात्र सम्बन्धित छ । यहाँका चित्रहरुको बारेमा आजसम्म गहन रुपमा अध्ययन भएको छैन । यद्यपि यहाँका चित्रहरुको बारेमा सामान्य जानकारी दिने उद्देश्यले प्रतापादित्य पाल, मेरी स्लसर जस्ता विद्वानहरुको केही चित्रहरुको चर्चासम्म गर्नुभएको छ । तर विस्तृत रुपमा अध्ययन भने गरिएको छैन । यसर्थ यहाँ रहेका भित्तेचित्रहरुको विषयवस्तु, शैली, रंग संयोजन आदि विभिन्न पक्षमा सूक्ष्म अध्ययन गरि प्रकाश गर्ने उद्देश्य अनुरुप यस शोधकर्ताले मोहनचोकको पूर्वी लङ्गको कोठामा रहेका भित्तेचित्रहरुलाई आफ्नो अनुसन्धानको विषय बनाएको छ ।

❖

# अध्याय तीन

# हनुमानढोका मोहनचोकका भित्तेचित्रहरु

## ३.१ हनुमानढोका राजदरबारको परिचय

मध्यकालमा बनेका विभिन्न राजदरबारहरुमध्ये कान्तिपुर शहरको हनुमानढोका राजदरबार पनि एक हो । मध्यकालमा नेवारी भाषामा दरबारलाई लायकु भनिन्थ्यो । राजा प्रताप मल्लले वि. सं. १७२९ जेठमा आफ्नो दरबारको मुख्यद्वार नजिकै हनुमानको मूर्ति स्थापना गरेदेखि नै यस दरबारको नाँउ हनुमानढोका दरबार रहन गएको हो । यस दरबारको प्रारम्भिक नाँउ गुनपो थियो । (बज्राचार्य,२०३३:१५) यो ठाँउ एउटा प्राचीन बस्ती थियो भन्ने कुरा त्यहाँबाट प्राप्त भएको लिच्छविकालिन अभिलेखले पुष्टि गर्दछ । यो अभिलेख हनुमानढोकाको देगुतले मन्दिरको पेटिमा कुँदिएको छ । जसमा पुरानो दरबारको उल्लेख आएकोले यो दरबार मानगृहभन्दा पुरानो दरबार हुनुपर्छ भन्ने भनाई छ । (बज्राचार्य,२०३०:३७४)

यस दरबारको प्रारम्भिक स्वरुप कस्तो थियो भन्ने बारेमा कतै उल्लेख पाइँदैन । वर्तमान समयको स्वरुपलाई भने प्रताप मल्ल र उनी पछाडि निर्मित स्वरुप मान्नुपर्दछ । विशेषत यो राजदरबारलाई आर्कषक, सुन्दर बनाउने श्रेय राजा रत्न मल्ल, महेन्द्र मल्ल, प्रताप मल्ल र पृथ्वीनारायण शाहलाई जान्छ । तरपनि अन्य मल्लकालिन राजाहरुले विभिन्न मठमन्दिर, मूर्तिहरु बनाएर आफ्नो शासनकालमा कला र वास्तुकलाको क्षेत्रमा सक्दो योगदान पुऱ्याएको देखिन्छ । तसर्थ यी मल्लकालिन राजाहरुले आफ्नो शासनकालमा के कस्ता मठमन्दिर, मूर्तिहरु बनाए, त्यसको बारेमा संक्षिप्त व्याख्या गरिएको छ ।

मल्लकालिन राजा रत्न मल्लले आफूलाई भक्तपुर राज्यबाट अलग गराइसकेपछि भक्तपुरमा जस्तै कान्तिपुरमा पनि एउटा सानो तलेजुको मन्दिर बनाएका थिए । त्यसपछिका राजा महेन्द्र मल्लका समयमा थुप्रै कलाकृर्तिहरु बने । जसमा महेन्द्रेश्वर, जगन्नाथ चतुरमूर्ति विष्णु, कोटिलिङ्गेश्वरका देवल थिए । (बज्राचार्य, २०३३:१८) साथै तलेजु मन्दिरको जीर्णोद्वार गरि ठूलो बनाएको विवरण पनि पाईन्छ । तलेजु मन्दिरनजिक रहेको तानादेवलको पनि पुनः निर्माण गरेका थिए । राजा शिवसिँह मल्लले यस क्षेत्रमा देगुतलेजु मन्दिर बनाएर दरबारलाई अझ सिंगार्ने काम गरे । (बज्राचार्य,२०३३:१९) राजा प्रताप मल्लको समयमा यहाँ थुप्रै कलाका नमुनाहरु निर्माण भए । जुन हाम्रो सामु अहिले पनि रहेको छ । यिनी एक कलाप्रेमी थिए भन्ने कुरा यिनले निर्माण गरेका कलाकृतिबाट पनि पुष्टि हुन्छ । शिवसिँह मल्लले बनाएको देगुतलेजु मन्दिरलाई समेत यिनले जीर्णोद्वार गरे । साथै मरुसत्तल नजिकको कवीन्द्रपुर, कालभैरव नजिकैको इन्द्रपुर, नासलचोकको पूर्वोत्तर कुनामा रहेको पञ्चमुखी हनुमानको मन्दिर यिनकै कलाकृतिहरु हुन् । साथै रानीवनमा भेट्टाइएको कालभैरवलाई त्यहाँबाट ल्याएर आफ्नो दरबार परिसरमा राख्न लगाएका थिए । दरबार प्रवेश गर्ने मुख्यद्वार माथि काठको विश्वरुप भैरवको मूर्ति पनि काष्ठकलाको दृष्टिले पनि त्यत्तिकै महत्वपूर्ण मानिन्छ । दरबारभित्र पस्नासाथ बाँयातिर रहेको प्रस्तरको नरसिहँ मूर्ति पनि यिनकै देन हुन् । (बज्राचार्य,२०३३:२३) यिनको समयमा पनि दरबारभित्र थुप्रै चोकहरुको निर्माण भएको देखिन्छ । मल्लकालका अन्तिम राजा जयप्रकाश मल्लले जीवित कुमारीको लागि कुमारी घर बनाइदिएका थिए । मयूर झ्याल, सूर्य झ्याल, चन्द्र झ्याल राखेर बनाइएको यस कुमारीघर मल्लकालिन काष्ठकला, वास्तुकलाको एक उत्कृष्ट नमुनाको रुपमा रहेको छ । साथै यहाँभित्र रहेको भित्तेचित्रकलाले पनि दरबारलाई अझ सजीवता बनाउन थप महत्वपूर्ण भूमिका खेलेको छ ।

शाहकालमा पृथ्वीनारायण शाहले कान्तिपुरमा विजय हासिल गरेपछि हनुमानढोका दरबारभित्र बसन्तुपर र विलास मन्दिर नामक राजभवन बनाउन लगाएका थिए । यिनका छोरा प्रतापसिंह शाहले बसन्तपुर र विलास मन्दिरलाई बढाई एउटा ठूलो चोकको रुपमा परिणत गरे । त्यस्तै रणबहादुर शाहको समयमा ठूलो घण्टा, श्वेतभैरवको मूर्ति र शिवपार्वतीको मन्दिर बनाउन लगाएर दरबारलाई अझ सिंगार्न लगाएको देखिन्छ । यस दरबार क्षेत्रमा रहेको ठूलो नगरा राजा गीर्वाणयुद्ध विक्रम शाहको देन हो । यसको अलावा हनुमानढोका दरबारको सुर्वणद्वार पनि यिनकै शासनकालमा बन्यो भने देगुतलेजु मन्दिरमा चाँदीको द्वार बनाई चढाए । (बज्राचार्य,२०३३:२६-२७)

राणाकालमा चन्द्र शम्शेरले बेलायततिर चलेको Neo – Classical शैलीमा गद्दी बैठक बनाउन लगाए । यहीबाट नै राष्ट्रप्रमुखले इन्द्रजात्राको अवलोकन गर्ने परम्परा रहेको छ ।

यस क्षेत्रलाई अनुसन्धान, दृश्यावलोकनका दृष्टिले पनि एक खुल्ला संग्रहालयको रुपमा लिन सकिन्छ । यसरी यो दरबारको कला र वास्तुकलाले नेपालको आफ्नो मौलिक कलाको झलक दिएको छ । यिनै कलाको भरपुर आनन्द लिन बर्षेनि लाखौं पयर्टकहरुको आगमन यस क्षेत्रमा हुने गर्दछ । UNESCO ले काठमाण्डौ उपत्यकाका धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्वका ७ वटा स्थानहरु जस्तै हनुमानढोका दरबार स्क्वायर, पाटन दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर, पशुपति मन्दिर, चाँगुनारायण मन्दिर, स्वयम्भूनाथ, बौद्धनाथलाई सन् १९७९ अक्टोवरमा विश्व सम्पदा सूचीमा सुचीकृत गरिसकेको छ ।

### ३.१.१ हनुमानढोका दरबारभित्र रहेका चोकहरु

मध्यकालमा तीनैवटा राज्यहरुमा अलग अलग राजदरबारहरु निर्माण भएका थिए । यी तीनैवटा राजदरबारहरु विशेष गरि शहरको बीच भागमा निर्माण गरिएका छन् । यी दरबारहरु एकदमै धेरै ठूलो ठाँउ ओगटेर बनेको देखिन्छ । साधारणतया दरबार मानिस बस्ने भन्दा धेरै ठूलो र कलात्मक रुपमा बनाइएको हुन्छ । सुरक्षाको दृष्टिकोणले पनि यस्ता दरबारहरु अग्लो ठाँउमा निर्माण भएको देखिन्छ । मध्यकालिन राजाहरुले आफ्नो आवश्यकतालाई दरबारभित्र नै पूर्ति गर्ने हिसाबले दरबारहरुको निर्माण गरेको देखिन्छ । दरबारभित्र नै आफ्नो इष्ट देवता, आगमछें मन्दिर, सुन्दर बगैंचा, आकर्षक एंवम् कलात्मक मूर्तिहरु, पूजाआजा, धार्मिक कार्य गर्नको लागि डबली, शस्त्रअस्त्र राख्ने ठाँउ, स्नान गर्ने ठाँउ आदिलाई ज्यादै आकर्षक ढंगले निर्माण गरिएको पाईन्छ । यसरी दरबारहरुलाई आकर्षक बनाउनमा केवल एकजना राजाको मात्र हात नभई विभिन्न राजाहरुको कला तथा संस्कृतितर्फको चाखले गर्दा नै सम्भव भएको मान्नुपर्ने हुन्छ । तत्कालिन राजाहरुले बनाएर गएका कला, वास्तुकलाले गर्दा नै विशेष गरि हनुमानढोका दरबारक्षेत्र एक खुल्ला संग्रहालयको रुपमा रहेको छ भन्नुमा अत्युक्ति हुने छैन ।

हनुमानढोका राजदरबार परिसरमा विभिन्न मन्दिर, मूर्तिहरु लगायत थुप्रै चोकहरु रहेका छन् । तत्कालिन समयमा यो दरबारभित्र ३५ वटा चोकहरु थिए । हाल नेपाल बैंक रहेको ठाँउसम्म पनि हनुमानढोका दरबारको इलाका थियो भन्ने कुरा ८५ वर्षीय स्थानीय बासिन्दा कान्छा डंगोल  भन्छन् । वि. सं. १९९० सालको महाभूकम्पमा परेर यहाँको थुप्रै भाग भत्किन गयो भने जुद्धसडक बनाउने सिलसिलामा यहाँको थुप्रै भाग लिइयो । जसको असर यहाँको चोकहरुमा पनि पऱ्यो । फलस्वरुप अहिले जम्मा १२ वटा चोकहरु मात्र अस्तित्वमा रहेका छन् । (बज्राचार्य, २०३३:१२-१३) ती चोकहरुमा नासल चोक, मूल चोक, त्रिशुल चोक, मोहनकाली

चोक, सुन्दरी चोक, दाख चोक, न्हुलछे चोक, बसन्तपुर चोक, लामचोक, कन्हेहोल चोक आदि रहेका छन् । ती चोकहरुको पनि आफ्नो छुट्टै मौलिक विशेषता रहेको छ । यी चोकहरुमध्ये केवल चारवटा चोकहरु मात्र सर्वसाधारणका लागि प्रवेश गराईन्छ । ती चोकहरुमा नासल चोक, लोंह चोक अर्थात् बसन्तपुर चोक, मोहनचोक र सुन्दरी चोक पर्दछन् । मोहनचोक र सुन्दरीचोकलाई भने सन् २०१२ जनवरी १ तारिखका दिनदेखि सबैका लागि खुल्ला गरिएको थियो । यो शोधपत्रको शीर्षक मोहनकाली चोकको भित्तेचित्रहरुमाथि केन्द्रित भएकोले मोहनकाली चोकको संक्षिप्त रुपमा चर्चा गरिन्छ ।

### ३.१.२ मोहनकाली चोक

नासलचोकको उत्तरपट्टि रहेको मोहनचोक वि.सं १७०५ फागुनमा प्रताप मल्लले बनाएका हन् । अभिलेखमा यस चोकलाई 'मनमोहन चोक' भनिएको छ भने ठ्यासफूहरुमा मोहनचोक नै भनिएको छ । मल्लकालमा यो चोक राजा र राजपरिवारको मुख्य आवासगृह थियो । देशविदेशका राजाहरुसँग मित्रता जोड्न वा सल्लाह गर्नुपरेमा यो चोकमा बसेर गरिन्थ्यो । जस्तै वि.सं. १७३५ मा गोरखाका राजा पृथ्वीपति शाह काठमाण्डौ आउँदा राजा नृपेन्द्र मल्लले यस चोकमा बसेर मीत लगाएका थिए । (बज्राचार्य, २०३३:९८) यसको साथै यस चोकमा जन्मेको राजकुमार मात्र राजगद्दीको हकदार हुन्थ्यो भन्ने धारणा थियो । राजा जयप्रकाश मल्ल यस चोकमा नजन्मेको हुनाले उनलाई राजा बनाउँदा केही भारदारहरुले मोहनचोकमा नजन्मेको व्यक्ति राजा हुन पाउँदैन भनि हल्ला मच्चाएका थिए । (बज्राचार्य, २०३३:१००)

यो चोकको हरेक भागमा तीन तले भवन बनेको छ । पश्चिमी लङको भुइँतला बाहेक तीनैवटा लङ खुल्ला दलानको रुपमा रहेको छ । यसको भित्तामा

ठाँउठाँउमा कृष्णको जीवन चरित्रसँग सम्बन्धित काठका मूर्तिहरु छन् । पश्चिम लङको भुइँतल्लामा अष्टमातृकाका सुन्दर मूर्तिहरु स्थापना गरिएको छ । मोहनकाली नामले ती मूर्तिहरु प्रसिद्ध छन् । कलाको दृष्टिले यी मूर्तिहरु ज्यादै नै सुन्दर छन् । मल्लकालमा बनेका यसको जोडा लाग्ने अष्टमातृकाका मूर्ति अरु देखिएको छैन् । साथै यसको पछाडि भित्तामा रंगीन चित्रहरु कोरिएका छन् । आजभन्दा तीन सय वर्षभन्दा अगाडि कोरिएका यी भित्तेचित्रका केहि भागको चहकिलोपन यद्यपि गएको छैन । (बज्राचार्य, २०३३:१०१-१०२)

मध्यकालमा राजपरिवारको कुनै व्यक्ति आफ्नो जीवनको अन्तिम समयमा आइपुगेको थाहा भएमा उत्तरी लङ्गको दलानमा लगेर राख्ने चलन थियो । किनकी यस दलानको सिलिङमा जलशयन नारायण मूर्तिको साथै अरु थुप्रै देवीदेवताहरुको मूर्ति अंकित सुनको चँदुवा टाँगिएको छ । मृत्युशैय्यामा रहेको व्यक्तिलाई नारायणको दर्शन पाई मुक्ति मिलोस् भन्ने भावनाले सो चँदुवा त्यहाँ राखिएको भनिन्छ । यही दलानको भित्तामा राजा प्रताप मल्लको विशाल शिलापत्र टांगिएको छ । त्यस शिलापत्रमा मोहनचोक र सुन्दरचोकमा रहेका देवीदेवताको पूजाको लागि गुठीको बन्दोबस्त गरेको कुराको उल्लेख छ । यस शिलापत्रको माथिल्लो तहमा विष्णुका दशावतार र कृष्णलीलासँग सम्बन्धित मूर्तिहरु छन् । तर तल्लो तहमा रहेका मूर्तिहरु भने कुनै पनि सम्प्रदायसँग सम्बन्धित छैन । उदाहरणको लागि एक दृश्यमा एकजना युवती आफ्नो काखमा कुकुर लिएर बँगैचामा बसिरहेको देखाइएको छ । नजिकै बाँदर बसिरहेको, बँगैचाको अलि पर बालक खेल्दै गरिरहेको देखाइएको छ । अर्को दृश्यमा ती युवतीले छ, सात बर्षको एकजना बालकलाई अँगालो हालिरहेको र बालकको हातमा दुरबीन लिएर हेरिरहेको छ । साथै ती युवतीसँग मल्लकालिन राजकीय भेषभूषामा एक पुरुष पनि देखाइएको छ । राजकीय भेषभूषामा रहेको ती पुरुषको आकृति राजा प्रताप मल्लको सालिकसँग मेल खाने हुनाले स्वंयम् उनकै जीवनकथासँग सम्बन्धित कुरा त्यहाँ प्रस्तुत गरिएको अनुमान हुन्छ । यसबाट राजा

प्रताप मल्लको दरबारमा पश्चिमाहरुको आगमनको पनि संकेत दिन्छ । (बज्राचार्य, २०३३:१०२)

यस चोकको उत्तरतिर कलात्मक सँ झ्याल रहेको छ । त्यस्तै पूर्वी र दक्षिणतिर दलानको चौकोसमाथि कृष्ण चरित्र र राम चरित्रसँग सम्बन्ध राख्ने दृश्य अंकित गरिएको छ । यी कुँदिएका चित्रहरु ज्यादै नै आर्कषक र कलात्मक छन् । यस चोकको अर्को महत्वपूर्ण विशेषता भनेको यहाँ भएको सुन्धारा हो । राजा प्रताप मल्लले वि.सं १७०८ माघमा आफू र आफ्नो परिवारको परलोक सप्रोस् भन्ने हेतुले यो धाराको निर्माण गरेको कुरा त्यस धारामा कुँदिएको अभिलेखले पुष्टि हुन्छ । (बज्राचार्य, २०३३:१०३) गहिराईमा पानी ल्याउन सजिलो हुने भएकोले यो सुन्धारा सतहभन्दा करिब आठ हात जति गहिराईमा बनाइएको छ । यस धारालाई ज्यादै कलात्मक रुपमा प्रस्तुत गर्न राजा प्रताप मल्लले विशेष ध्यान दिएको देखिन्छ । धाराको टुटीमा विभिन्न जनावरहरु तँछाडमछाड गरि निस्कन लागेको दृश्य छ । सबैभन्दामाथि छेपारो उभिरहेको छ , त्यसको तल भ्यागुतो, हात्ती, कछुवा, बाघ, माछा, मृग आदि जनावरहरु देखिन्छन् । सबैभन्दा अगाडि धाराको टुप्पामा गोहीको मुखबाट गाईको बाछा फुत्केर बाहिर निस्किरहेको देखाइरहेको छ । यसको टुटोमुनि घुम्रिएको कपाल काँधसम्म आएको बाटुलो अनुहार भएको दुई हात जोडेको भगीरथको मूर्ति छ । धारामाथि अग्लो शिखरशैलीमा बनेको प्रस्तरको मन्दिर छ । यस सुन्धारालाई आर्कषक बनाउन राजा प्रताप मल्लले ३६ वटाभन्दा बढी हिन्दु तथा वैष्णव देवीदेवताका मूर्तिहरु स्थापना गर्न लगाएका छन् । यस धाराको दाँयातिर साँढेमाथि नाचिरहेको ढलोटको शिवजीको सुन्दर मूर्ति छ । त्यस्तै धाराको अगाडि माथि चोकमा राजा प्रताप मल्लले बनाएको धातुको भूगोल छ । त्यस भूगोलको छेउमा प्रताप मल्लले वि.सं. १७१३ मार्गमा यस भूगोलको निर्माण गरिएको चर्चा छ । यस भूगोलको सबैभन्दा तल्लो भागमा तल, वितल, सुतल, तलातल, रसातल, पाताल अनेक धरातल देखाइएको छ । साथै यस भूगोलको नजिकै प्रस्तरको ठूलो खाट छ ।

नुहाइधुवाइ गरेपछि समाधि तथा पाठपूजा, जप गर्न मल्ल राजाहरु यस खाटमाथि बस्दथे । घामपानीबाट बच्न यस खाटमाथि चँदुवा हालिएको हुन्थ्यो । चँदुवा अड्याउने थाम गाड्न राखिएको सर्पको आकृति कुँदिएको आधारशिला यस खाटको चारकुनामा अद्यपि त्यहाँ देख्न सकिन्छ । (बज्राचार्य, २०३३:१०५)

त्यस्तै यस चोकको पूर्वी लङ्गमा शाहकालिन भित्तेचित्रहरु पनि रहेका छन् । धार्मिक भावनाले अभिप्रेरित ज्यादै नै आकर्षक तथा कलात्मक ढंगले बनाइएका यी भित्तेचित्रहरुको आफ्नो छुट्टै विशेषता रहेका छन् । यो शोधपत्रको अध्ययनको विषय पनि यस चोकको पूर्वी लङ्गमा रहेका भित्तेचित्रहरुमाथि केन्द्रित भएकोले यसको सूक्ष्म अध्ययन अर्को परिच्छेदमा गरिनेछ ।

### ३.२ मोहनचोकका भित्तेचित्रहरु

हनुमानढोका दरबारभित्र रहेका विभिन्न चोकहरुमध्ये मोहनचोक एउटा महत्त्वपूर्ण एंवम् ऐतिहासिक चोक हो । यस चोकमा रहेका विभिन्न कलात्मक वस्तुहरुले गर्दा यो चोकको आफ्नो छुट्टै विशेषता रहेको छ । यहाँ ऐतिहासिक प्रस्तरका विभिन्न देवीदेवताका मूर्तिहरु, काष्ठकलाका उत्कृष्ट नमुनाहरु, ढुंगेधारा तथा पाश्चात्य शैलीको अनौठो सम्मिश्रण भएको मूर्तिदेखि लिएर शाहकालिन भित्तेचित्रहरु समेत रहेका छन् । यी सबैको सम्मिश्रणले गर्दा नै अन्य चोकहरुभन्दा यो चोकले आफ्नो छुट्टै मौलिक विशेषता बोकेको छ ।

यो चोकको दोस्रो तल्लाको पूर्वी लङ्गमा शाहकालिन भित्तेचित्रहरु रहेका छन् । यहाँ मार्कण्डेय पुराणमा आधारित भएका चित्रहरु र अर्को ठूल्ठूला ६ वटा चित्रहरु रहेका छन् । यहाँ मार्कण्डेय पुराणमा वर्णन गरिएको चैत्रवंशी सुरथ नामक राजाको कथा, विष्णु र मधुकैटभबीचको युद्ध र भगवती तथा महिषासुरबीचको युद्धलाई ज्यादै

आर्कषक ढङ्गमा प्रस्तुत गरिएको छ । यी कथाहरुलाई मार्कण्डेय पुराणमा यसरी व्याख्या गरिएको छ ।

स्वारोचिष मनुभन्दा अगाडि सुरथ नामक राजा सम्पूर्ण पृथ्वीको राजा भए । सुरथ राजा आफ्नो प्रजाहरुको पालनपोषण आफ्नै छोरा सरह गर्दथे । राजा र प्रजाबीच ज्यादै सुमधुर सम्बन्ध थियो । यही समयमा कोलाविध्वंशी नाम गरेको राजाले सुरथ राजासँग शत्रुता देखाउन थाल्यो । जसको फलस्वरुप दुवै राजाबीच भीषण संग्राम हुनपुग्यो । युद्धमा राजा सुरथको नराम्रो सित हार भयो । त्यसपछि राजा सुरथले आफ्नो राजधानीमा मात्र राज्य गर्न थाले । तर यहाँ पनि उनका शत्रुले उनलाई सहेनन् । राजा सुरथका आफ्नै शक्तिशाली एंवम् आत्मीय व्यक्ति, मन्त्री र सेनाले राज्यको कोषमाथि अधिकार जमाए । यसरी आफ्नै मान्छेहरुले धोका दिएपछि राजा सुरथ एकदिन घोडामा सवार भएर शिकार खेल्ने बहानामा जंगलभित्र प्रवेश गरे । त्यस जंगलभित्र उनले एउटा ऋषिको आश्रम देखें । त्यो आश्रम मेधामुनिको थियो । जहाँ हिंस्रक प्राणी पनि शान्तभाव भएर बसिरहेको देखें । उनले मेधामुनिलाई दण्डवत् प्रणाम गरे । मुनिले पनि राजालाई उचित सम्मान दिएर आफ्नो आश्रममा राखे ।

मेधामुनिको आश्रममा बस्दा पनि राजा आफ्नो राज्यबारे ज्यादै चिन्तित थिए । मेरा पूर्वजद्वारा पालितपोषित राज्य मबाट रिक्त हुनपुग्यो, मेरा दुष्ट सेवकहरुले राजकाजका कार्यहरु ठीक तरिकाले संचालन गरेका छन् कि छैनन्, मेरा पूर्वजद्वारा कठिनताका साथ संचित गरेको कोषलाई नष्ट गर्दै होलान् भनेर अनेक थरिका चिन्ताले उनलाई सताउन थाल्यो । यसरी चिन्ताग्रस्त अवस्थामा रहेकोबेला उनले आश्रमको नजिकै एक वैश्य आईरहेको देखें । राजाले उसलाई ज्यादै नम्रतापूर्वक सोधे - तिमी को हौ ? वैश्यले भने - म धनि कुलमा जन्म भएको समाधि नामक वैश्य हुँ । उनी अगाडि भन्दछन् - "मेरा धर्मपत्नी तथा पुत्रले सबै धनसम्पत्ति खोसेर मलाई एक्लै बनाई घरनिकाला गरिदिए । त्यसैले म दुःखी भएर यो वनमा आएको हुँ । साथै

उनीहरुको व्यवहार परिवर्तन भयो कि भएन, घरमा सबै कुशल छन् कि छैनन्  भन्ने बारेमा पनि मलाई थाहा छैन ।”

राजाले भने - आफ्नो पत्नी र पुत्र जसले घरबाट तपाईलाई निकाली दिए र उनीहरुप्रति नै किन यस्तो मोह ? वैश्यले भने - मेरा पत्नी र पुत्रले मलाई ज्यादै नराम्रो तरिकाले अपमानित गरि सबैकुरा खोसेर घरबाट निकालिदिए । तर पनि उनीहरुप्रति मेरो मन किन आकर्षित भईरहेको छ त ? उनीहरुप्रति मेरो मन किन कठोर नभएको ? यसरी राजा सुरथ र वैश्यबीचको भलाकुसारी पछि दुवैजना ऋषिमुनिको अगाडि गएर मुनिको चरणमा दण्डवत् गरि दुवैजना मुनिसँगै बसि भलाकुसारी गर्न थाले  । राजाले मुनिको आज्ञा लिएर भने - हे मुनिवर ! मैले आफ्नो राज्य गुमाउनुपर्दा पनि आफ्नो राज्यप्रति किन यत्रो मोहले सताइरहेको छ त ? यी वैश्य पनि आफ्नो पत्नी, पुत्र र परिवारद्वारा घर निकाला गरिदिंदा पनि उनीहरुप्रति किन अनुरक्त भईरहेको छ त ? यसरी हामी ममताको चक्करमा परि किन दुःखी भईरहेका छौं ? हामीमा ज्ञान भएतापनि किन विवेक शुन्य अथवा मूर्ख भईरहेका छौं ? कृपया हामीलाई यस समस्याबाट निदान दिनुहोस् ।

ऋषिले भने - हे राजन् ! सबै विषयको ज्ञान प्राणीलाई छ । तर विषय अलग अलग छ । कोही प्राणी दिनमा देख्छ भने कोही राति देख्छ र कोही प्राणी दिन र रात दुवैमा समान रुपमा देख्छ । केवल मनुष्य मात्र ज्ञानी हुन्छ भन्ने छैन, पशुपन्छी आदि पनि ज्ञानी हुन्छ । बाहिरी रुपमा देखापर्ने विषयमा मनुष्य एंवम् पशुपन्छीमा समान रुप हुने गर्दछ । यसमा केहि फरक छैन । चरालाई देखाउँदै ऋषिले भने - यो हेर ! यो चरा स्वयम् भोको भएर पनि आफ्नो मायामोहले गर्दा अन्नका टुक्राहरु आफ्नो बच्चाको मुखमा राख्दैछ । यसप्रकार मानिस पनि आफ्नो बच्चाप्रति बफादार भई उसको पालनपोषण गर्ने गर्दछ । तर यो कार्य भने मनुष्यले आफ्नो उपकार पाउनको लागि मात्र गर्ने गर्दछ । यसप्रकार सबै प्राणीमा ज्ञान भएर पनि महामायाको प्रभावले

गर्दा मोहको खाडलमा खस्ने गर्दछ । यसमा केही आश्चर्यको कुरा छैन । किनकी विष्णुको योगनिन्द्रा स्वरुपिणी महामाया नै सम्पूर्ण विश्वलाई मोहित गर्ने गर्दछिन् । उनै महामाया जसले ज्ञानलाई पनि मोहतर्फ आकर्षित गर्ने गर्दछिन् । यी देवीले नै सम्पूर्ण विश्वको उत्पन्न गरेकी हुन् र यिनी प्रसन्न भई सम्पूर्ण मनुष्यलाई मोक्ष प्रदान पनि गर्ने गर्दछिन् । उनी महामाया पराविद्या, संसारबन्धन र ईश्वरहरुको पनि महाराजा हुन् ।

राजाले ऋषिलाई सोध्छन् - हे महाजन ! तपाईले जुन महामायाको नाम लिनुभयो, उनी को हुन् ? उनको स्वभाव र स्वरुप कस्तो हुन्छ ? यसबारेमा जान्न ज्यादै इच्छुक छु । ऋषि अगाडि भन्दछन् - यी महामाया जगतमूर्ति , वास्तवमा सम्पूर्ण जगतमा व्याप्त छन् । देवताहरुको भलो हुनको लागि यी देवीको उत्पत्ति हुने गर्दछ । जब पद्मकल्पमा सम्पूर्ण विश्व जलमग्न भएको थियो तब भगवान् विष्णु शेषनागको शप्यामा योगनिद्रामा सुतिरहेका थिए । त्यहिबेला मधु र कैटभ नामका भयंकर डरलाग्दा राक्षस भगवान् विष्णुको कानेगुजीबाट उत्पन्न भए । मधुकैटभ दैत्य कहाँ के के छ भनि जलमय संसारमा घुम्न लागे । घुम्दाघुम्दै ब्रह्मा बसेको सहस्रदल कमलनिर पुगे । कमलको डाँठ देखेर त्यसैबाट माथि गई ब्रह्मालाई देखेर खसाल्न तयार भए । यसरी मधु र कैटभ ज्यादै नै क्रोध मुद्रामा आफ्नो नजिक आएको देखेर ब्रह्मा ज्यादै आत्तिए । तसर्थ भगवान् विष्णु सुतिरहेका अवस्थामा उनले विष्णुलाई जगाउन एकाग्र चित्त भई योगनिद्रा देवीको स्तुति गर्न थाले । ब्रह्माले - “सम्पूर्ण विश्वको अधिष्ठात्रीदेवी, विश्वको स्थिति एंवम् प्रलय गर्ने भगवान् विष्णुको परमशक्ति योगनिद्रा देवीको म स्तुति गर्दछु । हे ब्रम्हस्वरुपे, नित्ये, वषट्कार, सुधा तथा तीन मात्राको अ, उ, म को रुपमा स्थित छ । हे देवी ! तिमी सन्ध्या, सावित्री र परमजननी हो । तिमी जगत, जननी एंवम् प्रकृति स्वरुपा हौ र सृष्टिकर्ता, पालनकर्ता एंव प्रलयकर्ता पनि हौ । हे देवी ! तिमी महाविद्या, महामाया, महामेधा,

महास्मृति, महामोहस्वरुपा, महादेवी, महेश्वरी, सत्व-रज-तम स्वरुपा र भयंकर मोहरात्री हौ । यो संसारमा जतिपनि वस्तुहरु छन्, ती सबैको शक्ति तिमी हौ । हे देवी ! भगवान् विष्णुको योगनिद्रालाई अधिनमा राख्नसक्ने तिम्रो स्तुति गर्न को चाँहि समर्थ छ र ? किनकि तिमीले नै भगवान् विष्णु र शिवलाई बनाएकी हौं । हे देवी ! जसरी भएपनि मधु र कैटभ नामक राक्षसलाई आफ्नो मोहमा पारि भगवान् विष्णुलाई योगनिद्राबाट उठाई मधु र कैटभ दैत्यलाई मार्नको लागि प्रेरित गर ।"

ब्रह्माजीबाट मधु र कैटभ दैत्यलाई मार्नको लागि देवीको स्तुति गरेबाट भगवान् विष्णुको नेत्र, नासिका, बाहु र हृदयबाट अव्यक्त अजन्मा महामाया उनको अगाडि प्रकट भईन् । त्यसपछि भगवान् विष्णु पनि निन्द्राबाट ब्युँतिए र शेषशप्याबाट उठेर खडा भए । उनले अत्यन्तै शक्तिशाली, पराक्रमी, दुरात्मा एंवम् क्रोधित भई आँखा रातो पारि ब्रह्मालाई मार्नको लागि तयार भएका मधु र कैटभ राक्षसहरुलाई देखें । भगवान् विष्णुले दुवै राक्षससँग पाँच हजार वर्षसम्म बाहु युद्ध गरे । तैपनि मधु र कैटभ दैत्यलाई जित्न सकेनन् र विष्णुले - "हे दैत्य हो ! तिमीहरु वीर रहेछौं ! तिम्रो बहादुरी देखेर म खुशी भएँ वरदान माग, म खुशी साथ दिन्छु " भनी आज्ञा गर्नुभयो । त्यो सुन्नासाथ मधु र कैटभ दैत्यलाई घमण्ड चढिहाल्यो र उनीहरुले भने - हे विष्णु ! युद्धमा कसले जित्यो ? जो हार्ने उसैले वरदान दिने ? यो कस्तो गजबको कुरा हो ? बरु हामीसित वर माग, तिमी जे भन्दछौं हामी उही दिन्छौं । यस्तो वचन सुनेर भगवान् विष्णु आज्ञा गर्दछन् - "हे मधु र कैटभ ! तिमीहरुले बेस कुरा भन्यौ । म तिमीहरुसँग वर माग्दछु , तर वाचा बाँधेर मात्र माग्दछु ।" मधु र कैटभ दैत्यले हुन्छ , वाचा भयो, तिमी जे माग्दछौं, हामी उही दिन्छौं भनि वाचा गरे र विष्णु मुसुक्क हाँसी आज्ञा गर्नुभयो - "हे दैत्य हो ! मैले अरु माग्ने वर नै के छ र ? म खाली यही वर माग्दछु कि मेरो हातबाट तिमीहरुको मरण होस् ।" त्यसको प्रतिउत्तरमा राक्षसले भने - हे विष्णु ! तिमीले हामीलाई कपट गऱ्यौ । हामीले वाचा

हारिसकेका छौं, तर हामीलाई पानी भएको ठाँउमा मार्न पाउँदैनौं । दुवै राक्षसको कुरा सुनेपछि भगवान् विष्णुले भने - ठीक छ, तिमीहरुले जस्तो चिताएको छ त्यस्तै हुनेछ । ती दैत्यले सबैतिर पानी नै पानी देखेर छट्याई गरि भनेका थिए । तर विष्णुले त्यो बुझी यी दुवै राक्षसहरुलाई आफ्नो जाँघमा राखि सुदर्शन चक्रबाट शिर काटेर मारिदिए । ऋषिले भने - यसरी ब्रम्हाजीको प्रार्थनाबाट देवी महामाया प्रकट हुनुभयो ।

ऋषिले राजा सुरथलाई भने - प्राचीनसमयमा जब इन्द्र (देवताका राजा) र महिषासुर (असुरका राजा) बीच सय वर्षसम्म घमासान युद्ध भयो । तब देवताहरुको नराम्रो तरिकाले पराजय भयो । फलस्वरुप महिषासुर इन्द्रको स्वर्गलोकमाथि कब्जा गर्न सफल भयो । यसरी पराजित भएका भगवान् ब्रह्मा सहित देवगणहरु विष्णु र शिवको शरणमा पुगि सबै वृतान्त भन्न थाले - “महिषासुर दानवले सूर्य, अग्नि, इन्द्र, वायु, यम, वरुण तथा अन्य देवताहरुको कार्य तथा अधिकार पनि छिने । राक्षसद्वारा स्वर्गबाट निष्कासित देवगणहरु पृथ्वीमा मानिसहरु जस्तै घुमिरहेका छन् । त्यसैले हामी सबै देवगणहरु महान् कष्ट लिएर तपाईहरुको शरणमा आइपुगेका छौं । तसर्थ त्यस महिषासुरको संहारको लागि उपाय निकाल्नुहोस् ।”

यसरी महिषासुरको दुष्कर्मबारे थाहा पाएर भगवान् विष्णु र शिव ज्यादै क्रोधित हुनुभयो । क्रोधित भएका भगवान् विष्णु र शिवको मुखबाट एक महान् तेजपुञ्ज निस्कयो । साथै ब्रह्मा, इन्द्र लगायत अरु देवगणहरुको शरीरबाट पनि तेज निस्क्यो र यी सबै तेजपुञ्ज एकीकृत भएर एउटा विशाल गोलाकार तेजपुञ्ज उत्पन्न भयो । जसले गर्दा चारै दिशातिर उज्यालो हुन थाल्यो । पछि यो तेज क्रान्तियुक्त नारीको रुपमा परिवर्तन भयो । भगवान् शिवको तेजले त्यस नारीको मुख, यमको तेजबाट कपाल, विष्णुको तेजले बाहु, चन्द्रमाको तेजले दुई स्तन, इन्द्रको तेजले शरिरको मध्य भाग, वरुणको तेजबाट जंघा तथा पिडौला, पृथ्वीको तेजबाट नितम्ब,

ब्रम्हाको तेजबाट चरणयुगल, सूर्यको तेजबाट खुट्टाका औंलाहरु, वसुको तेजबाट हातका औंलाहरु, कुबेरको तेजबाट नाक, प्रजापतिको तेजबाट दाँत, अग्निको तेजबाट तीन नेत्र, वायुको तेजबाट दुई वटा कान उत्पन्न गराए। यसरी देवताहरुको तेजबाट देवी भगवतीको उत्पत्ति भयो। जसलाई देखेर सबै देवताहरु अत्यन्तै प्रसन्न भए।

यसरी देवी भगवतीको अगाडि सबै देवताहरुले उच्च स्वरमा देवीको जय जयकार गरि स्तुति गर्नथाले। त्यसपछि शिवले त्रिशुल, विष्णुले चक्र, वरुणले शंख, अग्निले शक्ति, वायुले धनुवाण, देवराज इन्द्रले वज्र, ऐरावत हात्तीले एउटा घण्टा, यमराजले कालदण्ड, सूर्यले आफ्नो किरणबाट तेजपुञ्ज, कालले चम्किलो ढाल, तरवार, समुद्र निर्मल हार, दुई वटा वस्त्र, चूडामणि, दुई वटा कुण्डल, बाहुमा लगाउनको लागि केयूर, खुट्टामा लगाउनको लागि पाउजू, घाँटीमा हार तथा औंलामा रत्नजडित औंठी, विश्वकर्माले शस्त्रअस्त्र, अभेद कवच, कहिले पनि नदोब्रिने खालको कमलपुष्पको माला, हिमालयले सिँह तथा विभिन्न प्रकारका रत्नहरु, कुवेरले सुरापान पात्र, नागराजले महामणियुक्त नागहार लगायत अन्य देवगणहरुले विभिन्न शस्त्रहरु दिए। जसबाट आफू सम्मानित भएको महसुस गरि देवी उच्चस्वरमा गर्जन थालिन्। देवीको यो भयंकर ध्वनिले गर्दा सबै लोक भयभीत भए। समुद्र काम्न थाल्यो, पृथ्वी हल्लिन पुग्यो, पर्वत चलायमान हुन थाल्यो। यस्तो देखेर सबै देवताहरु जय जयकार गरि भगवतीको स्तुति गर्न थाले।

यसरी तीनै लोकमा खलबलि मच्चिएपछि असुर गणहरु शस्त्रअस्त्र लिएर जुनसुकै अवस्थाको सामना गर्न तयार भई बसे। यसबेला क्रोधित महिषासुरले भने - यो के भइरहेको छ , कसको घोर गर्जन थियो ? भगवतीको घोर गर्जनको ध्वनि आईरहेकोतिर आफ्नो सैन्यबल लिएर उतैतिर लागे। त्यसपछि महिषासुरले भगवतीको शरीरबाट एक विचित्र आभा निस्केर सबै दिशातिर प्रकाश फैलिएको देखे

। भगवतीको पाउको भारले पृथ्वी तल धसिएको र उनको मुकुटले आकाशलाई स्पर्श गरिरहेको देखे । साथै सहस्त्र बाहुहरु फिजाएर बसेकी देखे ।

यसपछि भगवती र दानवको घमासान युद्ध भयो । सबै दिशा शस्त्रअस्त्रले भरिपूर्ण भए । असुर सेनापति चिक्षुर र चामर नामक असुरले आफ्नो चतुंरगिणी सेनालाई साथमा लिएर देवताहरुसँग युद्ध गर्न थाले । त्यस्तै उदग्र नामक महाअसुरले आठ हजार रथीसेना एंवम् महाहनु नामको असुरले एक करोड रथी सेना लिएर युद्ध मैदानमा देखापरे । साथमा असिलो नामक महाअसुरले पाँच करोड रथीसेना तथा महादानव वाष्कल साठ्ठी हजार रथी सेना लिएर युद्धभूमिमा देखापरे । विडाल नामक महाचैत्यले पाँच लाख सैनिक र काल नामक राक्षसले पनि पाँच लाख सैनिक लिएर देवताहरुसँग युद्ध गर्न थाले । यसरी युद्धमा देवीको वाहन सिंह ज्यादै क्रोधित भयो । क्रोधित सिंह गर्जदै राक्षसी सेनाहरुको बीचमा गई यसरी घुम्यो कि वनमा स्वतन्त्र रुपले विचरण गर्दै गरेको जस्तो गरि घुम्यो । भगवतीले आफ्नो श्वास छोड्ने बित्तिकै धेरै देवगणहरु शस्त्रअस्त्रसहित उत्पन्न भए । जसले युद्धमा राक्षसहरुको भीषण संहार हुन थाल्यो । यसरी भीषण संहार भएको देखेपछि देवगणहरुले आकाशबाट शंख, नगरा, मृदंग र तुरही आदि बजाएर भगवतीलाई हौसला प्रदान गरे । भगवतीले पनि युद्धमा आफ्नो दिव्यास्त्रको प्रयोग गरेर राक्षसी सेनाको भीषण संहार गर्न थालिन् ।

भगवतीले सबै राक्षसी सेनाहरुको सवारी वाहन हात्ती, घोडा आदि सबैलाई काटी रगतको खोलो बगाईदिइन् । पृथ्वीमा चारैतिर लाश नै लाश यत्रतत्र पारिदिईन् । कम समयमा नै सम्पूर्ण दानवहरुको सेना पूर्णतया नष्ट भयो । जसबाट प्रसन्न भई आकाशबाट देवगणहरुले देवीलाई पुष्पवर्षा गर्न थाले ।

सबै दानवहरुको नष्ट भएपछि असुर सेनापति चिक्षुर भगवतीको नजिक आई भगवतीलाई अस्त्रशस्त्रले भीषण प्रहार गर्न थाले । भगवतीले राक्षसको सबै अस्त्रशस्त्र

काटी उसको सारथी, घोडा, रथ सबैलाई नष्ट गरिदिईन् । त्यसपछि चिक्षुरले भगवतीको वक्षमा त्रिशुल प्रहार गरे । आफूतर्फ आईरहेको त्रिशुल देखेपछि भगवतीले आफ्नो त्रिशुल चिक्षुरमाथि फ्याँकिन् । यसबाट दानवको त्रिशुल त नष्ट भयो साथमा चिक्षुरको शरीर पनि टुक्रा टुक्रा भई नष्ट भयो । चिक्षुर दानवको नष्ट भईसकेपछि चामर नामक महादानव हात्तीमाथि चढेर देवीसँग युद्ध गर्न थाले । चामरले भगवती माथि आफ्नो शक्ति प्रहार गरे । यो शक्ति भगवतीको हुँकारले नष्ट भई पृथ्वीमा बज्रिन पुग्यो । फेरि त्रिशुलले भगवतीमाथि प्रहार गर्न थाल्यो । भगवतीले पनि आफ्नो वाणले उसको त्रिशुललाई टुक्रा टुक्रा पारि नष्ट गरिदिए ।

त्यसपछि उदग्र नामक महादानवबीच घमासान युद्ध भयो । भगवतीले उद्रग दानवलाई विशाल वृक्ष तथा पत्थरले हानेर मारिदिइन् भने कराल दानव पनि भगवतीको मुक्का एंवम् थप्पडले गर्दा यमलोक पुगे । त्यस्तै गरि देवीको गदाको प्रहारले उद्धत नामक दैत्यको पनि अन्त्य भयो । साथै भिन्दीपालबाट वाष्कल दैत्य, भगवतीको वाणबाट ताम्र एंवम् अन्धक असुरको मृत्यु भयो । यस्तै प्रकारले भगवतीको असि, असिलोमा, विडाल, उग्रास्य, उग्रवीर्य, दुर्द्धर, दुर्मख, महाहनु आदि महादैत्यहरुको नाश गर्न सफल भईन् ।

यसरी आफ्नो योद्धाहरुको मृत्यु देखेर महिषासुर अत्यन्तै क्रोधित भए । यसरी क्रोधित भएका महिषासुर महिषको रुप धारण गरि भगवतीको गणलाई भयभीत गर्न थाले । महिषसुर कसैलाई सिंगबाट, कसैलाई पुच्छरबाट, कसैलाई खुरबाट त कसैलाई आफ्नो श्वासको बेगबाट पीडित बनाई भगवतीको वाहन सिँहलाई मार्नको लागि तयार भए । क्रोधको आवेशमा आएर महिषले आफ्नो सिंगले पर्वतलाई उखार्दै, पुच्छरले पटकपटक समुद्रको जललाई विक्षुब्ध पारि भीषण गर्जनका साथ भगवतीको वाहन सिँहलाई आक्रमण गर्न अगाडि बढे । उता भगवती महिषासुरलाई मार्न तत्पर भएर बसेकी थिईन् । भगवतीले आफ्नो पाश फ्याँकेर महिषासुरलाई बाध्न सफल

भईन् । त्यतिबेला महिषासुरले महिषको रुपलाई छोडेर सिँहको रुप धारण गरे । त्यसपछि भगवतीले जब त्यो राक्षसको शिर काट्नको लागि अघि बढिन् त राक्षस हातमा तरबार लिई पुरुष रुपमा प्रकट भए । भगवतीले महिषासुरलाई वाण लगायत अनेकौं शस्त्रहरुले बेरेर राख्न सफल भए । यति हुँदा पनि महिषासुरले फेरि विशाल हात्तीको रुप धारण गरे र हात्तीको सुँडले भगवतीको वाहन सिँहमाथि आक्रमण गर्न थाले । भगवती अत्यन्तै क्रोधित भई हात्तीको सुँड काटिदिईन् । फेरि त्यो दानव महिषको रुप धारण गरि तिनै लोकमा भयभीत गर्न थाले ।

भगवती फेरि पनि अत्यन्तै क्रोधित भई सुरापान गर्न थालिन् । जसले गर्दा देवीको आँखा रातो हुनपुग्यो । महिषासुरले आफ्नो सिंगले पर्वतलाई उचालेर देवीमाथि प्रहार गरि देवीलाई क्रोधित पार्न थाले । देवी मदहोश भई लरबराई अस्पष्ट शब्दमा भन्न थालिन् - "हे मूर्ख ! जबसम्म म सुरापान गर्दैछु तबसम्म तँ गर्जदै बस् । मेरो हातबाट तेरो नाश भएपछि देवगणहरु खुशीले गर्जन गर्नेछन् ।" त्यसपछि देवीले महिषासुरको छातीमा चढि आफ्नो त्रिशुलले प्रहार गरि महिषासुरलाई यमलोकमा पुऱ्याई दिईन् ।

महिषासुरलाई भगवतीद्वारा वध गरिसकेपछि ईन्द्र लगायत अन्य देवगणहरुले भगवतीलाई यसरी स्तुति गर्दछन् - "हे सम्पूर्ण देवताहरुको संयुक्त शक्तिपुञ्जबाट उत्पन्न भएकी देवर्षीद्वारा पूजित एंवम् सम्मानित सम्पूर्ण सृष्टिमा व्याप्त कल्याणकारी देवी तपाईलाई नमस्कार छ । अकथनीय तथा अपरिमित प्रभाव एंवम् शक्तिशाली सम्पूर्ण जगतको पालन गर्ने तथा अशुभलाई विनाश गर्ने तपाईलाई कोटि कोटि नमस्कार छ । तपाई विश्वलाई पालन गर्नुहोस् । हे देवी ! तपाईको अचिन्त्य स्वरुप, दानवलाई विनाश गर्नमा तपाईको अद्भुत शक्ति एंवम् चरित्र अवर्णनीय छ । सम्पूर्ण सृष्टिको कारण सत्त्व, रज र तमोगुणले युक्त भएपनि दोष रहित ब्रम्हा, विष्णु र महेशद्वारा अगम्य, आद्य स्वरुप हो र यो जगत तपाईकै अंश स्वरुप हो । हे देवी !

यज्ञ गर्दा तपाईको नाम उच्चारण गर्दा समेत पनि देवताहरुलाई तृप्ति प्राप्त हुन्छ, पितृगणहरुलाई तृप्ति मिल्छ र तपाई स्वाहा एंवम् स्वधा हो । तपाई मोक्षदात्री, अचित्य महाव्रत स्वरुपा, जितेन्द्रिय, तत्वसार एंवम् दोषरहित तथा मोक्षको आकांक्षी ऋषिहरुको सिद्धिदात्री हो । हे देवी ! तपाई शब्द स्वरुपा, अत्यन्तै निर्मल ऋग्वेद, यर्जुवेद तथा सामवेदको आश्रय स्वरुप अर्थात् वेदत्रयी, ऐश्वर्यशालिनी, विश्वको जीवन रक्षक एंवम् कृषि स्वरुप हो । विश्वमा देखापर्ने घोर कष्टको निवारण गर्ने देवी तपाई नै हो । हे देवी ! तपाई बुद्धिस्वरुप, भवसागरलाई पार गर्ने, नौका स्वरुप कैटभ नामक महादानवको संहारकर्ता, भगवान् विष्णुको हृदयमा बस्ने लक्ष्मी हो, मुकुटको रुपमा चन्द्रमा धारण गर्ने, भगवान् शिवको देवी गौरी हो । हे देवी ! महादानव महिषासुर तपाईको सुन्दर एंवम् मन्द मुस्कान एंवम् काँतीयुक्त मुखमण्डलले समेत प्रभावित हुन सकेन र उसको क्रोधपूर्वक साहसी रुपमा तपाईमाथि आक्रमण गरे । जसको फलस्वरुप महिषासुर यमलोकको बाटो लाग्नुपर्‍यो ।”

“हे देवी ! तपाई प्रसन्न हुनुहोस् , किनकि तपाई प्रसन्न हुनुभयो भने यो जगतको उत्पत्ति हुनेछ र तपाईको क्रोधले सम्पूर्ण कुलको विनाश हुनेछ ।”

“हे देवी ! तपाईले महिषासुर जस्ता दैत्यलाई वध गरेर सबै कार्य सिद्ध गर्नुभयो । तपाईलाई हाम्रो यही अनुरोध छ कि जब हामीमाथि आपत्ति आइलाग्छ त्यत्तिबेला तपाईलाई हामी सम्झने छु र तपाई आई हाम्रो आपत्तिलाई निवारण गर्नुहोस् । जो मनुष्य तपाईको स्तुति गर्छ, उसको धनसम्पत्ति तथा स्त्री आदिको वृद्धिको लागि तपाई सधैं तत्पर रहनुहोस् । यति भनेपछि सबै देवगणहरुलाई देवीले तथास्तु भनेर अर्न्तध्यान हुनुभयो ।” (उपाध्याय, २००८:३४५-३५९)

यहाँ कोरिएका सम्पूर्ण भित्तेचित्रहरुलाई दुई भागमा विभाजन गर्न सकिन्छ । जुन यसप्रकार रहेका छन् ।

### ३.२.१ पहिलो भागका भित्तेचित्रहरु

### ३.२.२ दोस्रो भागका भित्तेचित्रहरु

### ३.२.१ पहिलो भागका भित्तेचित्रहरु

पहिलो भागका भित्तेचित्रहरु माथि उल्लेखित कथाहरुमा नै आधारित छन् । जसलाई रातो लाइनले माथिल्लो र तल्लो गरि दुई भागमा विभाजन गरिएको छ । जुन यसप्रकार व्याख्या गर्न सकिन्छ ।

- **माथिल्लो पंक्तिमा कोरिएका चित्रहरु**

माथिल्लो पंक्तिमा कोरिएका भित्तेचित्रहरु दाँयाबाट क्रमशः बाँयातिर कोरिएका छन् । २१ फिट ८ ईन्च लम्बाई र २ फिट ३ ईन्च चौडाइ भएका माथिल्लो पंक्तिका चित्रहरुलाई निम्नानुसार वर्णन गर्न सकिन्छ ।

**चित्र नं. १ : सिद्धि,वुद्धि सहित गणेश**

यस चित्रमा गणेशलाई चित्र बीचमा र दाँयाबाँया उनका शक्ति सिद्धि र वुद्धिलाई स्थान दिइएको छ । गणेशको ठीक तल **श्रीविघ्ननिवारणकर्ता मंगलमूर्ति गणेश** भनेर लेखिएको छ । यहाँ भएका चित्रहरुलाई यसप्रकार व्याख्या गरिन्छ ।

**क) गणेश**

पहिलो चित्रको रुपमा चार हातयुक्त गणेशलाई सेतो वर्णमा देखाइएको छ । जसको दाँयातर्फको माथिल्लो हातमा अक्षमाला, तल्लो हातमा अंकुश, बाँया तर्फको माथिल्लो हातमा परशु र तल्लो हातमा लड्डु सहितको पात्र समातेको छ । ती

लड्डुहरु सुँडले समातेर खान लागेको अवस्थामा देखाइएको छ। सुनौलो सिंहासनमा विराजमान गणेशलाई बाँया खुट्टा तल झारी चारकुने आसनीमाथि टेकेको अवस्थामा देखाइएको छ भने दाँया खुट्टा उपरखुट्टी लाएको अवस्थामा छ। नीलो घेरायुक्त गोलो रातो प्रभामण्डल भएको गणेशको शिर विभिन्न रत्नजडित प्वाँखयुक्त आर्कषक मुकुटद्वारा सुशोभित छ । वस्त्र परिधानको हकमा कम्मरको तल्लोभागमा हरियो र सुनौलो रंगको बुट्टे किनारायुक्त रातो धोती लगाएको छ । कम्मरभन्दा माथिको भागमा वस्त्र देखिन्न, केवल काँधमा पहेंलो र रातो रंग मिश्रित गम्छाको प्रयोग गरिएको छ।

गरगहनाको हकमा सर्पाकृतिको बालासहित अन्य दुई जोर बाला, पाखुरामा रत्नजडित दुई जोर केयूर, खुट्टामा सर्पकै आकृति युक्त कल्ली तथा अर्को सुनको गोलाकार कल्ली लगाएको छ । घाँटीमा मुगाजडित एक जोर सुनको हार, विभिन्न रत्नजडित माला, त्यस्तै नागको माला र घुँडासम्म आएको मोतीको माला लगाएको छ । यिनलाई ६ वटा नागहरुको फणाले संरक्षण दिएको छ । सिहांसनमुनि उनको वाहन मुसालाई देखाइएको छ।

**ख) सिद्धि**

गणेशको दाँयापट्टि रहेको चित्र सिद्धिको हो । यिनलाई सेतो वर्णमा प्रस्तुत गरिएको छ । चारकुने आर्कषक आसनीमाथि बज्रासनमा बसि बालिष्टमा अडेस लगाएको अवस्थामा देखाइएको छ । रातो प्रभामण्डलयुक्त यी देवीले विभिन्न रत्नजडित आर्कषक मुकुट लगाएकी छिन् । कानमा सुनौलो मोतीयुक्त झुम्का, घाँटीमा विभिन्न रत्नजडित सुनौलो हार, पाखुरामा दुई जोर केयूर, नाडीमा सुनौलो बाला लगाएकी छिन्। दाँया हात तल झारेकी सिद्धिले बाँया हातले कमलको फूल समातेकी छिन्। देवीले लगाएको चोलो पारदर्शी देखिन्छ। जुन गुलाबी रंगको छ।

यिनले सुनौलो, खैरो रंगको बुट्टायुक्त आर्कषक रातो घाँघर लगाएकी छिन् । साथै पारदर्शी खालको घुम्टो पनि ओढेकी छिन् । यो चित्रको ठीक तलपट्टिको अक्षर उप्केको छ । तर गणेशको बाँयापट्टिको चित्रको मुनि श्रीवुद्धि लेखिएकोले यिनी सिद्धि हुन् भन्ने कुरा पुष्टि हुन्छ ।

## ग) वुद्धि

गणेशको बाँयापट्टि रहेको चित्र वुद्धिको हो । यो चित्रको ठीक तलपट्टि श्रीवुद्धि लेखिएको छ । यिनको वर्ण पहेंलो रहेको छ । यी देवीलाई पनि चारकुने आर्कषक आसनीमाथि घुँडा टेकेर बालिष्टमा अडेस लगाएको अवस्थामा नै देखाइएको छ । खैरो रंगको प्रभामण्डलयुक्त यस चित्रमा देवीले दाँया हातमा कमलको फूल र बाँया हात आफ्नो तिघ्रामा राखेका छन् । नीलो रंगको पारदर्शी घुम्टो ओढेकी यी देवीले कानमा फूलबुट्टायुक्त टप, हातमा सुनौला बालाहरु, घाँटीमा विभिन्न रत्नजडित हार, मोतीको माला, पाखुरामा रत्नजडित केयूर लगाएकी छिन् । साथै वस्त्र परिधानमा फिका हरियो रंगको चोलो र पहेंलो र रातो रंग मिश्रित घाँघर लगाएकी छिन् । दाँयापट्टि रहेको सिद्धिले लगाएको मुकुट जस्तै यिनले पनि रत्नजडित मुकुट लगाएकी छिन् ।

जुनसुकै शुभ कार्य गर्दा गणेशलाई पहिले पूजा गर्नुपर्ने वा सम्झनुपर्ने हिन्दू संस्कृति अनुरुप सम्भवतः यी भित्तेचित्रहरु उत्कृष्ट बनून् भनेर कलाकारले सुरुवातमा नै गणेश तथा उनका शक्तिहरुको चित्र कोरेका हुन् ।

## चित्र नं. २ महाकाली

यस चित्रको ठीक तल **श्रीमहाकालिका** लेखिएको छ । नरमुण्ड र ज्वालायुक्त प्रभामण्डल भएको तलतिर पत्रहरु फर्केको एकोहोरो पद्मपीठमाथि कालीको चित्र बनाइएको छ । देवीको शरीरमा हाड र छाला मात्र देखिन्छ । यिनका दशवटा शिर रहेका छन् । देवीको दशवटै अनुहारमा तीन-तीनवटा आँखाहरु रहेका छन् । पहेंलो किनारा तथा फीका नीलो रंगको प्रभामण्डलयुक्त देवीका दशवटा हातहरु रहेका छन् । तीमध्ये दाँया हातको माथिबाट तल क्रमशः तरवार र हात्तीको छाला, वाण, खट्वाङ्ग, पाश, नरमुण्ड समातेकी छिन् भने बाँया हातको तलबाट माथि क्रमशः त्रिशुल शंख, गदा, धनुष, हात्तीको छाला र चक्र समातेकी छिन् ।

यी देवीको शिर चार तह गरि दशवटा रहेका छन् । प्रत्येक शिरमा विभिन्न रत्नजडित नरमुण्ड अंकित मुकुट पहिरिएको देखाइएको छ । कानमा पनि माथितिर सुनौलो मोतियुक्त कुण्डल लगाएकी छिन् । घाँटीमा पाँच प्रकारका विभिन्न माला लगाइएको छ । जस्तो सानो मोतीको माला, रत्नजडित सुनको हार, रत्नजडित सुनको लामो माला, नाइटोसम्म आएको मोतीको माला र घाँटीदेखि घुडाँसम्म आएको आर्कषक माला लगाएकी छिन् । सबै नाडीमा मोती र सुनको बाला लगाएकी छिन् भने सबै पाखुराहरुमा विभिन्न रत्नहरुजडित केयूर लगाएको देखाइएको छ । कम्मरमा बाघको छालाको साथसाथै सुनौलो रंगको पेटी पनि बाँधेकी छिन् । यिनका दशवटा पाउहरु पनि स्पष्टसंग देखिन्छ । ती पाउहरुमा सुनौलो पाउजु लगाएकी छिन् । यिनले शरिरको तल्लोपट्टि सुनौलो बुट्टायुक्त रातो रंगको वस्त्र लगाएकी छिन् । यिनको स्वरुप ज्यादै नै डरलाग्दो देखिन्छ ।

## चित्र नं. ३ सुरथ राजाको कथा

यस चित्रमा सुरथ राजाको कथा समावेश गरिएको छ । यसमा म्लेच्छद्वारा राजा सुरथको दरबारमाथि आक्रमण गर्दै गरेको, राजा सुरथ घोडामा सवार भई जंगलमा जाँदै गरेको, वैश्य पनि जंगलमा जाँदै गरेको र वैश्य, राजा र ऋषिबीचको वार्तालाप भएको देखाइएको छ । तसर्थ यहाँ प्रस्तुत गरिएका चित्रहरुलाई निम्नानुसार व्याख्या गरिन्छ ।

## चित्र नं. ३.१ : म्लेच्छहरुद्वारा सुरथ राजाको दरबारमा आक्रमण

यो चित्रको  ठीक तलपट्टि **सुरथ राजाले धर्मसित पुत्र दृष्टिले प्रजाको पालन गरि राज्य गर्दा केहिकालमा म्लेच्छहरु शत्रुले राजधानी घेरि तिन्को राज्या लिया** भनेर लेखिएको छ । यस चित्रमा रुखैरुखले घेरिएको एउटा भव्य सेतो दरबार रहेको छ । दरबारको पर्खाल बाहिर शत्रुहरुले तरबारले आक्रमण गर्दै गरेको दृश्य देखाइएको छ । साथै दरबार बाहिर एक जना व्यक्ति हातमा फूल लिएर बसेको छ । तर यिनी को हुन् ? भन्ने बारेमा त्यहाँ उल्लेख गरिएको छैन । यी व्यक्तिको दाह्री, जुँगा र भेषभूषा तरबार लिएर आक्रमण गर्ने शत्रुहरुसँग ठ्याक्कै मेल खाने भएकोले यिनी सम्भवतः शत्रुहरुको राजा कोलाविध्वंशी राजा हुनुपर्दछ । जो सुरथ राजाको दरबारमा जान लागेको देखिन्छ । यिनको दाँयाबाँया दुईवटा हात्ती र दुईवटा घोडा पनि रहेका छन् ।

## चित्र नं. ३.२ : सुरथ राजा वन प्रस्थान

यसमा कोरिएको चित्रको ठीक तलपट्टि **आफ्ना घरका दुष्ट मंत्रिहरुले धनमाल खजाना हरप्दा सिकारको निहुँ गरि घोडामा सवार गरी एकलै वनतिर सुरथ महाराज जानुभयो** भनेर लेखिएको छ । यसमा राजा घोडामा सवार भएर वनमा प्रस्थान

गरेको दृष्य देखाइएको छ । साथै राजाले आफ्नो दाँया हातमा तरवार बोकेको र वाँया हात मुट्ठी पारेर फैलाएको अवस्थामा देखाइएको छ । काँधमा ढाल भिरेको राजाले श्रीपेचको भल्को दिने राजपुत शैलीको विभिन्न रत्नजडित रातो टोपी लगाएको छ । कानमा गोलो कुण्डल, घाँटीमा मुगाको माला छ । पाखुरामा कपडामाथि नै रत्नजडित सुनौलो केयूर लगाएको छ । यिनले घाँटीदेखि तल पाउसम्म आउने एउटै सेतो र कालो धर्कायुक्त राजपुत शैलीको जामा लगाएका छन् । साथै आर्कषक सुनौलो बुट्टायुक्त हरियो रंगको सुरुवाल पनि लगाएको छ । यसरी ओठमाथिको जुगाँदेखि सम्पूर्ण वस्त्र परिधान राजपुत कलाशैलीबाट पूर्ण प्रभावित छ ।

### चित्र नं. ३.३ : वनमा वैश्यसँग भेट

यो चित्रको ठीक तलपट्टि **वनमा जाँदा रिषिका आश्रमका नजिक समाधि नामका वैश्यसंग भेट भयो** भनेर लेखिएको छ । ती वैश्यले दाँया हातले कमलको फूल समातेको छ भने बाँया हात तल भारेको छ । गुलाबी रंगको सादा टोपी लगाएको छ । सेतो धर्के जामा लगाएका यी वैश्यले कम्मरमा सुनौलो रंगको किनारा भएको नीलो रंगको पटुका बाँधेका छन् । साथै सुन्तला रंगको सुरुवाल लगाएको छ । उनको काँधमा रातो रंगको गम्छा पनि देखिन्छ ।

### चित्र नं. ३.४ : समाधि वैश्य, सुरथ राजा र मेधामुनि ऋषि

यो चित्रको ठीक तलपट्टि **सुरथ नामा महाराज समाधि नामका वैश्य २ जना मेधानामा रिषिसित गयि अज्ञान मोह दुःखका कुरा गर्दा अज्ञानहरुको नाश हुन्या भोग मोक्ष दिन्या श्रीमहामाया भगवतिको माहात्म्यकन रिषि वर्णन गर्छन्** भनेर लेखिएको छ । यो चित्रमा राजालाई बीचमा र राजाको दाँयातर्फ ऋषि र बाँयातर्फ वैश्यलाई वार्तालाप गरेको अवस्थामा देखाइएको छ । राजा र वैश्य घुँडा मारेर बसेका छन् भने

ऋषिलाई पँलेटी कसेको अवस्थामा देखाइएको छ । चित्रमा बायाँबाट दाँयातर्फ क्रमशः समाधि वैश्य, सुरथ राजा र मेधामुनि ऋषिका चित्रहरु कोरिएका छन् । जुन यसप्रकार छन् ।

**क) समाधि वैश्य**

राजाको दाँयातर्फका वैश्य दुई हात जोडी ऋषिलाई नमस्कार गरिरहेको अवस्थामा देखाइएको छ । सेतो सादा टोपी पहिरिएको यी वैश्यले रातो जामा लगाएको छ । पहिरनमाथि नै पाखुरामा हरियो रत्नसहितको केयूर, घाँटीमा सेतो लामो माला लगाएको छ । साथै पातलो गुलाबी रंगको गम्छा पनि काँधबाट तल लट्किएको छ । घुँडा मारी बसेका यी वैश्यले कम्मरमा सुनौला किनारायुक्त हरियो रंगको पटुका लगाएका छन् । चित्र नं. ३.३ मा देखाइएको वैश्य र यहाँ देखाइएको वैश्यको वस्त्रको रंगमा फरक देखिन्छ । चित्र नं. ३.३ को चित्रमा वैश्यले सेतो धर्केयुक्त सादा जामा र रातो पछ्यौरा ओढेको छ भने यसमा वैश्यले रातो जामा र पातलो गुलाबी रंगको पछ्यौरा ओढेको छ ।

**ख) सुरथ राजा**

यस चित्रमा पनि राजा सुरथलाई चित्र नं. ३.२ कै वस्त्रभूषणमा देखिन्छ । लामो जामा लगाएका यिनले पाखुरामा वस्त्र बाहिर नै रत्नजडित केयूर लगाएको छ । यिनले सुनौलो किनारायुक्त फिका खैरो रंगको पटुका लगाएको छ । कम्मरको पटुकाको रंगमा भने भिन्नता छ । यसमा राजा आफ्नो कथा ऋषिलाई बताउँदै गरेको अवस्थामा देखिन्छ ।

## ग) मेधामुनि ऋषि

राजाको बाँयातर्फ लामो दाह्री जुँगासहित जटायुक्त यी ऋषि राजा र वैश्यलाई यस्ता दुःख पिडाबाट विचलित नहुन ढाडस दिइरहेको अवस्थामा देखाइएका छन् । ऋषिको दाँया हात अभय मुद्रामा र बाँया हातमा पुस्तक समातेको छ । ऋषिको शरिरको माथिल्लो भाग वस्त्रविहिन छ भने तलपट्टि पहेंलो धोती लगाएको छ । बुट्टायुक्त रातो आसनीमा पलेटी मारी बसेका ऋषिलाई पनि विभिन्न गहनाहरुले सुसज्जित पारिएको छ । जस्तो कानमा सुनको कुण्डल, घाँटीमा सुनौलो हार, अलि लामो माला र अर्को नाइटोसम्म आएको अर्को मोतीको माला, नाडीमा सुनको बाला, पाखुरामा रत्नजडित केयूर र दाँया हातले लामो मोतीको माला समातेको छ । जो एक ऋषिको लागि स्वाभाविक लाग्दैनन् ।

## चित्र नं. ४ : मधुकैटभ वध सम्बन्धि सम्पूर्ण कथा

मधुकैटभको संहार गरेको पौराणिक कथासँग सम्बन्धित यो भित्तेचित्रमा शेष नागको शैय्यामा शयन मुद्रामा रहेका विष्णु, लक्ष्मी, विष्णुको नाभिबाट उत्पन्न कमलको फूलमाथि उत्पन्न ब्रह्मा तथा ब्रह्मालाई आक्रमण गर्दै गरेका मधु र कैटभ दानव, भगवती, विष्णुले मधु र कैटभ दानवलाई नाश गर्दै गरेका चित्रहरु देखाइएका छन् । यी चित्रहरुलाई यस प्रकार व्याख्या गरिन्छ ।

## चित्र नं. ४.१ : मधुकैटभद्वारा ब्रह्मामाथि आक्रमण

पौराणिक कथा अनुरुपको मधुकैटभको नाश गरिएको कथालाई दर्शाउन पद्मकल्पमा विश्व जलमान हुँदा शेषनागको शैय्यामा योगनिद्रामा सुतिरहेको

अवस्थाका विष्णुलाई चित्रमा उतारिएको छ । विष्णुको पाउनिर लक्ष्मीलाई पनि देखाइएको छ । विष्णुको नाभीबाट उत्पन्न भएको कमलको फूलमाथि ब्रह्मालाई देखाइएको छ । ब्रह्मालाई वध गर्नको लागि मधु र कैटभ दैत्यले आफ्नो तरवारले आक्रमण गर्न लागेको देखाइएको छ । यो चित्रको ठीक तलपट्टि **प्रलयकालमा संसार जलमय भयामा शेष सय्या गरि योगनिद्राको साथमा लि भगवान विघ्नुका नाभि कमलमा उत्पन्न भयाका ब्रम्हाकन विघ्नुका कानका मलदेषिन पैदा भयाका मधुकैटभ नामा २ दानव तरवार लि हान्न कन तयार भयामा ब्रम्हाजी योगा निद्राको स्तुति गर्छन् भगवान्** ........................ भनेर लेखिएको छ । यो चित्रमा देखाइएका विष्णु, लक्ष्मी, ब्रह्मा,मधुकैटभ र महामायालाई निम्नानुसार व्याख्या गर्न गरिन्छ ।

**क) विष्णु**

पद्मकल्पमा सारा संसार जलमग्न हुँदा शेषशैय्यामा योगनिद्रामा सुतिरहेका विष्णुलाई यहाँ चित्रित गरिएको छ । फिका हरियो वर्णका विष्णुको नाभिबाट कमलको डाँठ सहितको कमलको फूलमाथि ब्रह्मा विराजमान छन् । रातो प्रभामण्डलयुक्त विष्णुको दाँया तर्फको माथिल्लो हातमा चक्र र तल्लो हातमा कमल, बाँयातर्फको माथिल्लो हातले गदा र तलको हातले शंख समातेको छ । यिनले आर्कषक बुट्टायुक्त घुँडासम्म लामो पहेंलो धोती लगाएका छन् । कानमा सेतो रत्नजडित कुण्डल, पाखुरामा मोतीको केयूर, नाडीमा सुनको बाला र खुट्टामा सुनको र मोतीको कल्ली र साथमा सेतो पाउजु पनि लगाएका छन् । यिनले  रत्नजडित सुनौलो मुकुट लगाएको छ भने उसलाई आठवटा फणायुक्त नागले संरक्षण दिएको छ ।

**ख) लक्ष्मी**

भगवान् विष्णुको पाउमुनि विष्णुको पाउ समातेर बसेको अवस्थामा लक्ष्मीलाई देखाइएको छ । पहेंलो वर्णरुपी लक्ष्मीले आर्कषक सुनौलो रंगको बुट्टायुक्त रातो धोती लगाएकी छिन् । हातमा सुनौलो बाजु, पाखुरामा रत्नजडित सुनौलो केयूर, कानमा रत्नजडित मोतीको कुण्डल लगाएकी छिन् । साथै आर्कषक पारदर्शी पछ्यौरा पनि ओढेकी छिन् । जसमा सेतो थोप्ला भएको आर्कषक बुट्टा रहेको छ । तर लक्ष्मीको चित्रमा प्रभावलीको अभाव देखिन्छ । जसलाई कलाकारको असावधानीको रुपमा बुझ्न सकिन्छ ।

**ग) ब्रह्मा**

विष्णुको नाभिबाट निस्केको डाँठ सहितको कमलको फूलमाथि ब्रह्मालाई पलेंटी मारी बसेको अवस्थामा देखाइएको छ । रातो प्रभामण्डलयुक्त ब्रह्माले रत्नजडित सुनौलो मुकुट धारण गरेको छ । यद्यपि ब्रह्मालाई जटामुकुटमा देखाउनु पर्ने प्रतिमाविज्ञानको नियम छ । सबै अनुहारमा दाह्री र जुंगा भएको यो ब्रह्माका चारवटा हातहरु प्रष्ट देखिन्छ । दाँयातर्फको माथिल्लो हातमा अक्षमाला तथा बाँयातर्फको माथिल्लो हातमा पुस्तक देखिन्छ भने तलका दुवै हात नमस्कार मुद्रामा छन् । ब्रह्माले घाँटीमा रत्नजडित सुनौलो हार र पाउसम्म आउने मोतीको माला लगाएको छ । कानमा सुनौलो रंगको गोलो कुण्डल, हातमा सुनौलो रंगको बाला र पाखुरामा पनि सुनौलो रंगकै केयूर लगाएको छ । कथा अनुरुप ब्रह्माले भगवतीको स्तुती गरेको देखाउन यहाँ ब्रह्मालाई दुवै हात जोडी प्रार्थना गरेको अवस्थामा देखाइएको छ ।

### घ) मधु र कैटभ दानव

ब्रह्माको दाँयाबाँया दुई दानव मधु र कैटभको चित्रहरु कोरिएका छन् । चित्रमा यिनीहरुले ब्रह्मालाई आक्रमण गर्दै गरेको दृश्य देखाइएको छ । ब्रह्माको दाँयापट्टि रहेको दैत्य दाँया हातमा तरबार र बाँया हातमा ढाल समातेर ब्रह्मालाई आक्रमण गर्न तयार रहेको देखिन्छ जसले रत्नजडित ज्यादै आर्कषक सुनौलो मुकुट लगाएको छ । सेतो वर्ण रुपी यी दैत्यले लामो मोतीको माला लगाइएको छ । नाडीमा सुनौलो बाजु र पाखुरामा रत्नजडित केयूर लगाएको छ । वस्त्र परिधानमा शरीरको माथिल्लो पट्टि रातो रंग र तलपट्टि तहतह परेको क्रमशः हरियो, रातो र नीलो रंग भएको जामा लगाइएको छ । जसमा धर्सा-धर्सा दिएर पहिरनलाई आर्कषक रुपमा प्रस्तुत गरिएको छ । साथै आर्कषक पहेंलो पटुका पनि लगाएको छ ।

ब्रह्माको बाँयातिरको दैत्यलाई सुन्तला रंगको वर्णमा देखाइएको छ । यिनले पनि दाँया हातमा तरवार र बाँया हातमा ढाल समातेको छ । यी दैत्यले विभिन्न रत्नजडित सुनौलो रंगको मुकुट पहिरिएको छ । साथै आर्कषक जुँगायुक्त यी दैत्यले कानमा सुनको गोलो कुण्डल, नाडीमा मोतीको र सुनको बाजु, घाँटीमा आर्कषक सुनको हार, मोतीको माला र कम्मरमा पटुका लगाएको छ । यिनले पनि शरीरको तलपट्टि तहतह परेको क्रमशः हरियो, रातो र नीलो रंग भएको पहिरन लगाएको छ भने शरीरको माथिल्लो भागमा हरियो रंगको ज्यादै आर्कषक खालको पहिरन लगाएको छ ।

### ङ) महामाया

यिनको चित्र माथितिर दुई पहाडको बीचमा बादलमाथि देखाइएको छ । मधुकैटभ राक्षसले ब्रह्मालाई मार्नको लागि आएको देखेर ब्रह्माले देवीको स्तुति गरेपछि प्रसन्न भई योगनिद्राबाट महामाया प्रकट भएको दृश्य देखाइएको छ ।

यिनका दशवटा हातहरु रहेका छन् । उनले विभिन्न आयुधहरु लिएकी छिन् । दाँया तर्फको हातमा माथिबाट क्रमशः तरवार, खट्वाङ्ग, डोरी, वाण आदि समातेकी छिन् भने बाँया हात माथिबाट क्रमशः चक्र, गदा, शंख, धनुष र पात्र लिएकी छिन् । यिनको माथिबाट क्रमशः चार, तीन, दुई र एक वटा गरि दश वटा शिरहरु रहेका छन् । सबैमा एक-एकवटा नेत्र देखाइएको छ । सबै शिर पछाडि रातो प्रभामण्डल भएको देवीको सबै शिरमो सुनौलो आर्कषक मोतीयुक्त मुकुट छ । यिनलाई फिका नीलो रंगको वर्णमा देखाइएको छ । नाडीमा सुनको बाला, पाखुरामा मोती र सुनौलो केयूर, घाँटीमा सुनको हार, घाँटीदेखि नाइटोसम्म आएको विभिन्न रत्नजडित सुनौलो हार, घुँडासम्म आएको मोतीको हार लगाएकी छिन् । साथै सुनौलो आर्कषक बुट्टायुक्त रातो रंगको पहिरनमा देखाइएको छ ।

### चित्र नं. ४.२ : विष्णु र मधुकैटभको बाहु युद्ध

यस चित्रमा विष्णु र मधुकैटभबीचको युद्ध भईरहेको दृश्य देखाइएको छ । यो चित्रको ठीक तलपट्टि **ब्रह्माजीले स्तुति गर्दा प्रसन्न भै विघ्नुका सरिरदेखिन् निक्सि योगनिद्रा महाकालीले ब्रह्माकन दर्शन दिया पछि विघ्नु उठेर मधुकैटभ २ दानवसित ५००० वर्षसम्म बाहु युद्ध गर्दा भया** भनेर लेखिएको छ । यो चित्रमा देखाइएको विष्णु र मधु  कैटभलाई यसप्रकार व्याख्या गर्न गरिन्छ ।

### क) विष्णु

विष्णुले दैत्यहरुसँग बाहुयुद्ध गर्दै गरेको चित्र रहेको छ । यस चित्रमा देखाइएको विष्णु चित्र नं. ४.१ (क) अनुरुप छ । चार हाते विष्णुले माथिको दाँया र बाँया दुई हातले दैत्यहरुको घाँटी समातेर मार्न खोजेको देखिन्छ भने तलका दुई हातले दैत्यको कम्मरमा समातेर मार्न खोजेको देखिन्छ ।

## ख) विष्णुको दाँयापट्टि रहेको दैत्य

सेतो वर्णमा देखाइएका यो दैत्यले शरीरको माथिल्लो भागमा खरानी रंगको वस्त्र लगाइएको छ । शरीरको तलपट्टि तीन तहको क्रमशः हरियो, गुलाबी र रातो रंगमा आर्कषक बुट्टायुक्त किनारा भएको वस्त्रमा देखाइएको छ । घाँटीमा सुनको हार, नाइटोसम्म आएको मोतीको माला लगाएको छ । हातमा सुनको बाला, पाखुरामा रत्नजडित केयूर लगाएको छ । तर हातमा तरवार, ढाल केहि लिएको छैन ।

## ग) विष्णुको बाँयापट्टि रहेको दैत्य

पहेंलो वर्णरुपी यो दैत्यले शरीरको माथिल्लो भागमा रातो कपडा र तल्लोपट्टि तीन तह परेको क्रमशः नीलो, खैरो र हरियो रंगको आर्कषक पहिरन लगाएको छ । कम्मरमा आर्कषक पटुका लगाएको यो दैत्यले रत्नजडित मुकुट पहिरिएको छ । घाँटीमा सुनको हार, नाइटोसम्म आएको मोतीको माला र हातमा सुनको बाला लगाएको छ । तर हातमा भने तरवार, ढाल जस्ता हतियारहरु केही लिएको छैन ।

## घ) ब्रह्मा

विष्णु र मधुकैटभको युद्ध भएको चित्रमाथि केही बाँयातर्फ ब्रह्माको चित्र कोरिएको छ । यसमा देखाइएको ब्रह्मा चित्र नं. ४.१ मा देखाइएको चित्रसँग ठ्याक्कै मेल खान्छ । तर हातमा लिइएको आयुध भने केही फरक पाईन्छ । यसमा ब्रह्माले दाँया हातमाथि अक्षमाला, तल्लो हात वरद मुद्रामा, बाँया हातमाथि पुस्तक र तल कमन्डलु लिएको छ । यिनी एकोहोरो पद्मपीठमाथि बसेका छन् ।

**चित्र नं. ४.३ : विष्णुद्वारा मधुकैटभ वध**

यस चित्रमा विष्णुले मधु र कैटभ दैत्यलाई वध गरेको देखाइएको छ । दैत्यहरुको शिर जमिनमा झर्न लागेको र घाँटीबाट धेरै नै रगत बगिरहेको अवस्थामा देखाइएको छ । चित्रको ठीक तलपट्टि **महामायाले मोह गराउंदा मधुकैटभले वर माग भनि विघ्नुले पनि तिमि २ दानव मेरा हात देषिन् मर भनि वर माग्दा दानवले जल नभयाका ठांउमा हामीलाई मार्नु भंदा आफ्ना जीउमा राषी सुर्दशन चक्रले विघ्नुले मधुकैटभ २ दानवको शिर काट्नभो** भनेर लेखिएको छ । तसर्थ यो चित्रमा देखाइएको विष्णु र मधुकैटभलाई यसप्रकार व्याख्या गर्न सकिन्छ ।

**क) विष्णु**

यो चित्रमा देखाइएको विष्णु माथि चित्र नं. ४.१ मा देखाइएको पहिरन, भेषभूषा, वर्ण, गरगहनामा सजिएका छन् । तर उनले लिएको आयुधहरुमा भने केही फरक पाईन्छ । यसमा विष्णुले दाँयातर्फको माथिल्लो हातले शंख र तलतिर चक्र समातेको छ भने बाँयातर्फको माथिल्लो हातले गदा र तल्लो हातले कमलको फूल समातेका छन् । यसमा विष्णुले मधु र कैटभलाई दुवै गोडाले अठ्याएर मारेको दृश्य देखाइएको छ ।

**ख) विष्णुको दाँयाबाँया रहेका मधु र कैटभ दैत्यहरु**

दुवै दैत्यहरु माथिको चित्र नं. ४.२ (ख) र (ग) मा देखाइएको वर्ण, भेषभूषा, गरगहना, पहिरनमा जस्तै सजिएका छन् । यसमा दैत्यहरुको शिर भुईमा खस्दै गरेको र घाँटीबाट धेरै रगत बगिरहेको अवस्थामा देखाइएको छ ।

**(ग) ब्रह्मा**

विष्णुले मधु र कैटभ दैत्यलाई वध गर्दै गरेको दृश्यमाथि पनि चित्र नं. ४.२ (घ) अनुरुप ब्रह्माको चित्रले स्थान पाएको छ ।

**चित्र नं. ५ : महिषासुर र देवगणहरुबीच घमासन युद्ध**

यस चित्रबाट महिषासुरको कथा सुरु हुन्छ । यस चित्रमा शिव, विष्णु, ईन्द्र लगायत अन्य देवगणहरु र असुर गणहरुबीच घमासान युद्ध भएको देखाइएको छ । असुरहरु हातमा तरवार लिएर आक्रमण गर्दै गरेको, दुवैबीच वाण हानाहान गरेको, रगत तितरबितर भएको, शरीरहरु टुक्राटुक्रा भएको, ईन्द्र आफ्नो वाहन ऐरावत हात्तीमाथि बसेर आक्रमण गर्दै, महिषासुर पनि रथमा बसेर धनुष वाणले देवगणहरुलाई आक्रमण गरेको दृश्य देखाइएको छ । युद्धमा देवताको नेतृत्व इन्द्रले गरेको देखिन्छ भने असुरतर्फ महिषासुरले गरेको देखिन्छ । यो चित्रको ठीक तलपट्टि **दैत्यको महाराज महिषासुर भयानक देवासुर संग्राम ........ १०० वर्ष भयो हाति घोडा रथ जादा चतुंरगिणी सेना असंख्येय मऱ्या देवताका सेना सब........ इंद्रादिदेवताले हाऱ्या महिषासुरको जय भयो** भनेर लेखिएको छ । अझ विस्तृत रुपमा भन्नुपर्दा यहाँको चित्रहरुलाई यसप्रकार व्याख्या गर्न सकिन्छ ।

**क) असुर गणहरु**

असुरतर्फ यस लडाईको प्रतिनिधित्व महिषासुर दैत्यले गरेको देखिन्छ । साथै अन्य आठजना असुरहरुले पनि देवगणहरुमाथि आक्रमण गर्दै गरेको देखिन्छ । रथमा चढेका महिषासुर देवगणहरुसँग युद्ध गर्दै गरेको रुपमा चित्रित छन् । महिषासुरको रथलाई घोडामा बसेको सारथीले तानिरहेको छ । राक्षसहरु हातमा तरवार,

धनुषवाण, ढाल आदि आयुधहरु लिई आक्रमण गरिरहेका देखिन्छन् । यी सबै असुरहरुले शरीरको माथिल्लो भागमा रातो, खैरो, नीलो रंगको वस्त्र लगाएका छन् भने तलपट्टि कसैले तीन तह परेको क्रमशः रातो, खैरो र नीलो रंगको, कसैले क्रमशः नीलो, फीका खैरो र गाढा खैरो रंगको जामा लगाएका छन् । तीन जना असुरहरुले भने रातो, नीलो र कालो रंगको छोटो धोती लगाएको छ । सबैले नाडीमा सुनको बाला, पाखुरामा रत्नजडित सुनको केयूर, गलामा सुनकै हार लगाएका छन् । साथै सबैले रत्नजडित रातो, हरियो र नीलो रंगको आर्कषक मुकुट पहिरिएका छन् ।

### ख) महिषासुर

नीलो वर्णरुपी महिषासुरले हातमा धनुषवाण लिएर देवराज ईन्द्रमाथि आक्रमण गर्दै गरेको चित्र छ । चुच्चो परेको विभिन्न रत्नजडित मुकुट लगाएको महिषासुरले शरीरको माथिल्लो भागमा रातो वस्त्र लगाएको छ भने तल्लोपट्टि तीन तह परेको क्रमशः फिका नीलो, रातो र हरियो रंगको आर्कषक जामा लगाएका छन् । गहनामा घाँटीदेखि नाइटोसम्म आउने सुनौलो माला, हातमा सुनौलो बाला र पाखुरामा रत्नजडित केयूर लगाएका छन् । साथै कम्मरमा सादा पटुका लगाएको देखाइएको छ । एकजना दैत्य रथमा रहेको महिषासुरलाई छाता ओढाउनमा व्यस्त देखिन्छ । रथमा चन्द्र सुर्य अंकित त्रिकोण झण्डा पनि रहेको छ । सायद कलाकारले यसलाई नेपालको झण्डा रुपमा प्रस्तुत गर्न खोजेको देखिन्छ ।

### ग) देवगणहरु

यस चित्रमा सबै देवताहरु राक्षसहरुसँग लडाई लडिरहेका छन् । स्पष्ट रुपमा आयुधहरु लिएका देवताहरुमा ईन्द्र, शिव र विष्णु रहेका छन् । जुन यसप्रकार  रहेका छन् ।

- **ईन्द्र**

ईन्द्रलाई आफ्नै वाहन ऐरावत हात्तीमाथि देखाइएको छ । यिनलाई खैरो वर्णमा देखाइएको छ । चार हातमध्ये दुई हातले महिषासुरलाई वाण प्रहार गर्दै गरेको छ भने दाँया तर्फको माथिल्लो हातमा बज्र र बाँया तर्फको तल्लो हातमा भाला समातेको छ । त्यस्तै शरीरको माथिल्लो भाग वस्त्रविहिन र तल्लोपट्टि मुजा परेको फिका नीलो रंगको घुँडासम्म आएको धोती लगाएको छ । घाँटीमा सुनको हार, नाइटोसम्म आउने सुनको माला र अर्को मोतीको माला पनि लगाइएको छ । ईन्द्रको वाहन ऐरावत हात्तीलाई पनि आर्कषक तरिकाले प्रस्तुत गर्न कलाकार पछि परेको छैन ।

- **शिव**

सेतो वर्णमा प्रस्तुत गरिएको शिवको चार हात रहेका छन् । दाँया तर्फको माथिल्लो हातमा डमरु, तल्लो हातमा विभूत, बाँया तर्फको माथिल्लो हातमा नागसहितको त्रिशुल र तल्लो हातले कमन्डलु समातेको छ । बाघको छालाको अधोवस्त्र लगाएका शिवले नाडीमा सुनौलो बाला, कानमा स्वर्ण सर्पकुण्डल, पाखुरामा रत्नजडित सुनौलो केयूर लगाएको छ । फूलबुट्टायुक्त विभिन्न रत्नजडित सुनौलो रंगको मुकुट लगाएको छ । वस्त्रको हकमा अधोवस्त्रमा रातो रंगको धोतीमाथि बाघको छाला बेरेको तथा आभूषणमा घाँटीमा रुद्राक्षको माला, मोतीको माला र सुनको हार लगाएको देखिन्छ । साथै साँढेलाई कालो र सेतो रंगमा देखाइएको छ ।

- **विष्णु**

रातो प्रभामण्डलमा रहेका विष्णुलाई हरियो वर्णमा प्रस्तुत गरिएको छ । चार हात भएको विष्णुको दाँया तर्फको माथिल्लो हातमा चक्र, तलपट्टि हातमा पद्‌म, बाँयातर्फको माथिल्लो हातमा गदा र तलपट्टि हातमा केही देखिंदैन । यिनले तीनवटा

मोती र सुनको माला, लामा लामा मोतीको माला, पाखुरामा रत्नजडित केयूर र रातो रंगको धोती लगाएका छन् । यिनले फुलसहितको आर्कषक रत्नजडित सुनौलो मुकुट धारण गरेका छन् । यिनी गुलाबी रंगको घोडामा बसेका छन् ।

- **अन्य देवगणहरु**

अन्य देवताहरुका आयुधहरु प्रष्ट नभएकोले पूर्ण तथा सही विवरण दिन निक्कै कठीन छ । तरपनि यिनीहरुको वर्ण, वस्त्र, आभूषण आदिलाई यसप्रकार व्याख्या गर्न सकिन्छ । जसअनुसार माथि उल्लेख गरेको विष्णुसँगै रहेको देवता नीलो फिका रंगको घोडामा बसेका छन् । पहेंलो वर्णरुपी यी देवताको चारवटा हातहरु रहेका छन् । दाँया तर्फको माथिल्लो हातमा चक्र, तल पट्टिको हातमा कमलको फूल छ भने दाँया तर्फको माथिल्लो हातमा गदा र तलपट्टिको हात देखिंदैन । कानमा सुनौलो कुण्डल, घाँटीदेखि नाइटोसम्म आएको सुन र चाँदीको माला लगाएको यी देवताले विभिन्न रत्नजडित आर्कषक मुकुट लगाएको छ । मुकुटको दाँयाबाँया भाग रातो रंगको छ भने बीचमा हरियो रंगको छ । यिनको प्रभामण्डल फिका नीलो रंगको छ । पाखुरामा रत्नजडित फूलबुट्टा भएको केयूर र हातमा सुनौलो बाला लगाएको छ । यिनले गुलाबी रंगको धोती लगाएको छ ।

अर्को चित्रमा देवतालाई सेतो वर्णमा देखाइएको छ । रातो प्रभामण्डलमा देखाइएको यी देवताको चार हातमध्ये दाँया तर्फको माथिल्लो हातमा अक्षमाला, तलपट्टि हातमा लिएको आयुधलाई ईन्द्रको वाहन ऐरावत हात्तीले छेकेको छ भने बाँया तर्फको माथिल्लो र तल्लो केही देखिदैंन । साथै यिनलाई सेतो नागको फणाले संरक्षण दिएको छ । यिनले कानमा गोलो कुण्डल, हातमा सुनौलो बाजु, पाखुरामा सुनौलो रत्नजडित केयूर, घाँटीमा सुनको हार र कालो रंगको माला लगाएका छन् ।

यी देवताले फूलसहित विभिन्न रत्नजडित आर्कषक मुकुट लगाएको छ । साथै कम्मरमा सुनौलो आर्कषक बुट्टायुक्त पटुका लगाएको छ भने रातो रंगको धोती लगाएको छ ।

अर्को चित्रमा देवतालाई भयंकर डरलाग्दो अनुहारमा प्रस्तुत गरिएको छ । यिनको हरियो प्रभामण्डल रहेको छ । यी देवताको चारवटा हातहरु रहेका छन् । दाँया तर्फको माथिल्लो हातमा तरवार लिएको छ भने तलपट्टिको हात मुट्ठी पारेको छ । बाँया तर्फको माथिल्लो हातले ढाल समातेको छ भने तलपट्टि लिएको हातमा केहि आयुद्ध देखिन्न । हातमा तीन जोर सुनौलो बाला, पाखुरामा सुन र मोतीको केयूर, घाँटीमा सुनको हार, त्यस्तै नाइटोसम्म आउने रत्नजडित माला लगाएको छ भने विभिन्न रत्नजडित आर्कषक मुकुट लगाएको छ । कम्मरमा बाघको छाला ओढेको छ ।

त्यस्तै अर्को देवताको चित्रमा देवतालाई फिका गुलाबी रंगको प्रभामण्डलमा देखाइएको छ । नीलो वर्णमा देखाइएको यी देवताको पनि चारवटा हातहरु रहेका छन् । जसको दाँया तर्फको माथिल्लो हातमा खट्वाङ्ग लिएको देखिन्छ भने तलपट्टिको हातमा केहि आयुद्ध देखिदैंन । त्यस्तै बाँया तर्फको माथिल्लो हातमा पाश समातेको छ भने तलपट्टिको हातमा केही देखिदैंन । पाखुरामा फूलबुट्टायुक्त सुनको र मोतीको केयूर लगाएको छ । हातमा तीन जोर बाला, कानमा सुनौलो कुण्डल, घाँटीमा सुनको हार, मोतीको माला, अर्को नाइटोसम्म आएको सुनको र मोतीको लामो माला र घाँटीदेखि घुँडासम्म आएको सेतो मोतीको माला गरि चारवटा माला लगाएको छ । प्वाँखयुक्त विभिन्न रत्नजडित आर्कषक मुकुट पहिरिएको छ भने सेतो रंगको धोती लगाइएको छ ।

साथै अर्को देवतालाई रातो वर्णमा देखाइएको छ । गाढा हरियो रंगको किनारायुक्त फिका हरियो रंगको प्रभामण्डलमा यी देवतालाई देखाइएको छ । चार हातमा देखाइएको यी देवताले दाँया तर्फको माथिल्लो हातमा भाला र तलपट्टिको हात मुठ्ठी पारेको छ भने बाँयातर्फको माथिल्लो हातमा केही देखिंदैन र तलपट्टिको हातले कमन्डलु समातेको छ । गोलो सुनौलो कुण्डल, हातमा दुई जोर बाला, पाखुरामा रत्नजडित बाजु र घाँटीमा सुनको हार, मोतीको माला, त्यस्तै नाईटोसम्म आएको सुन र मोतीको लामो माला र अर्को घाँटीदेखि घुँडासम्म आएको मोतीको माला गरि चारवटा माला लगाएको छ । साथै नीलो रंगको आर्कषक धोती लगाइएको छ ।

- **भगवती**

माथि उल्लेख गरिएका देवगणहरुको (चित्र नं. ५ को ग) माथि बाँयातिर भगवतीको ज्यादै आर्कषक चित्र रहेको छ । सम्पूर्ण चित्रफलक नै रातो रंगको ज्वालावलीले ढाकिएको यस देवीको अठार वटा हातहरु रहेका छन् । तीमध्ये देवीको दाँयातर्फको हातमा माथिबाट तल क्रमशः तरबार, दण्ड, चक्र, बज्र, वाण, शंख, पद्म, कमन्डलु, अक्षमाला समातेकी छिन् भने बाँया हातमा तलबाट माथि क्रमशः पाश, धनुष, घण्टा, त्रिशुल, खट्वाङ्ग, परशु, ढाल, आदि समातेकी छिन् । यिनको शिर पछाडि फिका हरियो रंगको प्रभावली रहेको छ । यिनले सुनौलो र मोतीयुक्त आर्कषक मुकुट पहिरिएको छ । शरीरको माथिल्लो भागमा पारदर्शी चोलो देखिन्छ । उनले कानमा झुम्का, सबै पाखुरामा बुट्टायुक्त केयूर र नाडीमा सुनको बाला लगाएकी छिन् । सुनौलो किनारा भएको हरियो पछ्यौरा लगाएकी यी देवीले तह तह परेको बुट्टायुक्त जामा लगाएकी छिन् । नीलो र हरियो रंगको तहतह परेको जामा ज्यादै नै आर्कषक देखिन्छ । यसमा देवीलाई तलतिर पत्रहरु फर्केको एकोहोरो पद्मपीठमा देखाइएको छ ।

यसरी यो चित्रमा देवता र दानवबीचको लडाई भईरहेको दृश्य देखाइएको छ । लडाईमा ज्यान गुमाएकाहरुका लासहरु जमिनमा यत्रतत्र छरिएर रहेका छन् । जुन लासहरु टुक्राटुक्रा अवस्थामा रहेका छन् । साथै जमिनमा रगतै रगतै भएकोले जमिन पूरै रातो भएको देखिन्छ ।

## चित्र नं. ५.१ : इन्द्रासनमा महिषासुरको राज्याभिषेक

यो चित्रमा असुरका गुरु शुक्रचार्यले धुमधामका साथ महिषासुरलाई राज्याभिषेक गराउँदै गरेको दृश्य देखाइएको छ । गुरु शुक्रचार्य र दुई जना असुरले हातमा कलशले महिषासुरलाई राज्याभिषेक गरेको चित्र छ । यहाँ अठार जना असुरहरु, एकजना गुरु शुक्रचार्य सहित महिषासुरलाई देखाइएको छ । चित्रको ठीक तलपट्टि **इंद्रादिदेवताकन जिति महिषासुर इंद्रासनमा बसि राज्याभिषेक लिया स्वर्ग, मर्त्य पातालमा हुकुम राज्य गर्दो भयो** भनेर लेखिएको छ ।

यस चित्रमा देखाइएका महिषासुर, असुरका गुरु शुक्रचार्य तथा अन्य असुरहरुलाई यसप्रकार व्याख्या गर्न सकिन्छ ।

### क) महिषासुर

महिषासुर छ वटा नागको फणाले सुरक्षा दिएको ईन्द्रको सिंहासनमा पँलेटी कसेर नमस्कार मुद्रामा बसेको छ । यिनले आर्कषक बुट्टायुक्त पहेंलो रंगको टोपी लगाएको छ । राजपुत शैलीको जुँगामा चित्रित महिषासुरले कानमा गोलो कुण्डल र घाँटीदेखि खुट्टासम्म आएको रत्नजडित थुप्रै मालाहरु लगाएका छन् । दाँया पाखुरामा रत्नजडित र मोतीको केयूर र हातमा आर्कषक सुनको बाला लगाएका छन् । फिका नीलो वर्णरुपी महिषासुरले शरीरको माथिल्लो भागमा आर्कषक बुट्टायुक्त रातो भोटो

र तलपट्टि बुट्टायुक्त सुनौलो किनारामा तहतह परेको मुजा भएको हरियो र रातो रंगको धोती लगाएको छ । महिषासुरले कम्मरमा खैरो रंगको आर्कषक पटुका बाँधिएको छ । यस चित्रमा महिषासुरको शिरमा पछाडिपट्टि देवत्वको चिन्ह प्रभावली समेत देखाइएको छ । जो प्रतिमाविज्ञानको नियम विपरित छ । अर्थात् कलाकार प्रतिमा विज्ञानका नियमसँग पूर्ण रुपमा परिचित नभएको कुराको संकेत गर्दछ ।

**ख) शुक्रचार्य**

शुक्रचार्यले महिषासुरलाई अभिषेक गर्दै गरेको चित्र छ । उनलाई सेतो वर्णमा देखाइएको छ । सेतो पछ्यौरा ओढेको शुक्रचार्यको शरीरको माथिल्लो भाग वस्त्रविहिन रहेको छ भने तलपट्टि सुन्तला रंगको धोती लगाएको छ । लामो दाह्रीयुक्त शुक्रचार्यले कानमा सुनको गोलो कुण्डल, गलामा मोतीको माला, पाखुरामा रत्नजडित केयूर, नाडीमा सुनको बाला र रत्नजडित रातो रंगको मुकुट लगाएको छ ।

**ग) असुरहरु**

यस चित्रमा अठार जना असुरहरुलाई देखाइएको छ । जो महिषासुरको राज्याभिषेकमा जयजयकार गर्नमा मस्त छन् । सबै असुरहरुले विभिन्न रत्नहरुजडित रातो, गुलाबी, हरियो र खैरो रंगको आर्कषक मुकुटहरु लगाएका छन् । यिनीहरुले प्रत्येकले आ-आफ्ना हातमा चमर, दण्ड, आवरणयुक्त तरवार, भाला, छत्र, कलश, पात्रहरु लिएका छन् । केहीले भने आफ्ना हातहरु मुट्ठी पारेका छन् । त्यस्तै सबैले घाँटीमा सुनको र मोतीको माला, कानमा हरियो रत्नजडित गोलो कुण्डल, पाखुरामा रत्नजडित केयूर लगाएका छन् । शरीरको माथिल्लो भागमा लगाएको वस्त्र रातो, खैरो, गुलाबी, हरियो रंगको छ भने तलपट्टि तीन तह मुजा परेका रातो, हरियो, खैरो,

नीलो रंगको जामा लगाएको छ । सबैले सुनौलो किनारा युक्त पटुका कम्मरमा बाँधेका छन् । असुरहरुमध्ये नौ जनाको चित्रमा जुँगाको प्रयोग गरिएको छ ।

यसरी यो चित्रमा असुरहरुका ऋषि शुक्रचार्य लगायत दुई जना असुरले महिषासुरको राज्याभिषेक गर्दै गरेको दृश्य देखिन्छ । यस्तो खुशीयालीमा असुरहरुको अनुहारमा खुशीको भाव पनि प्रष्ट नै देखिन्छ ।

**चित्र नं. ५.२ : देवगणहरु शिव र विष्णुको शरणमा**

दुईवटा रुखहरुको बीचमा विभिन्न देवताहरुका चित्रहरु कोरिएका छन् । यो चित्रमा ब्रह्मा, ईन्द्र लगायत अन्य देवताहरु शिव र विष्णुको शरणमा आएको देखाइएको छ । यो चित्रको ठीक तलपट्टि **महिषासुरदेषिन् हाऱ्याका इन्द्रादिदेवता ब्रम्हाकन अघि लगाई सबैजना महादेवका विघ्नुका हजूरमा गयी महिषासुरले दियाको दुष, दर्द वितिं गर्दा भया हाम्रो राज्य हाम्रो अधिकार हरण गरि हामीलाई पृथ्वीमा निकाल्यो अब हामी सरणमा गिऱ्याका...................... महिषासुरको नाश हुन्या उपाय विचार हवोस्** भनेर लेखिएको छ ।

यस चित्रमा शिव र विष्णु लगायत जम्मा बाऱ्ह जनाको चित्रहरु छन् । जसलाई स-विस्तार तल व्याख्या गरिन्छ ।

**क) शिव**

यिनी छ वटा नागको फणायुक्त आर्कषक सिंहासनमा बसेका छन् । सेतो वर्णमा देखाइएको शिवको चार हातमध्ये दाँया तर्फको माथिल्लो हातमा डमरु र तलपट्टिको हातमा अंकुश, बाँया तर्फको माथिल्लो हातमा नागसहितको त्रिशुल र तलपट्टि कमन्डलु लिएको छ । यिनको शिर पछाडि फिका हरियो किनारायुक्त रातो

प्रभामण्डल रहेको छ । यिनले फूलबुट्टा सहितको सुनौलो रंगको मुकुट पहिरिएका छन् । शिवको शिरमा जटामुकुट त्यसमाथि चन्द्रमा पनि रहेको छ । तीनवटा नेत्र देखाइएको शिवले कानमा सुनौलो गोलो कुण्डल, हातमा सुनको बाजु र पाखुरामा सुनको केयूर लगाएका छन् । कम्मरमा सुनौलो पटुका, घाँटीमा रत्नजडित मालाका साथै अर्को सुनको माला र हरियो माला पनि लगाएका छन् । शरीरको माथिल्लो भाग वस्त्रविहिन छ भने तल्लोपट्टि सुनौलो किनारायुक्त रातो धोती लगाइएको छ । त्यसमाथि बाघको छाला बेरेको छ । साथै खुट्टामा सुनौलो कल्ली पनि लगाएको छ ।

### ख) विष्णु

यस चित्रमा विष्णुलाई फिका नीलो रंगमा प्रस्तुत गरिएको छ । यिनी बसेको सिंहासन पनि शिवकै सिंहासनसँग मिल्छ । विष्णुको बसाई पनि शिवको जस्तै छ । चार हात रहेकोमा दाँया तर्फको माथिल्लो हातमा चक्र र तलपट्टिको हातमा कमलको फूल समातेको छ भने बाँया तर्फको माथिल्लो हातमा गदा र तल्लो हातमा शंख समातेको छ । रातो रंगको प्रभामण्डल भएको यिनले फूलसहितको रत्नजडित सुनौलो मुकुट पहिरिएको छ । यिनले घाँटीमा स-सानो मोती लगायत मुगासहितको सुनौलो माला पनि लगाएका छन् । साथै घाँटीदेखि घुँडाभन्दा अलि तलसम्म आएको मोतीको माला पनि लगाएका छन् । यिनी विभिन्न गरगहनाहरुबाट सुसज्जित छन् । जसमा कानमा सुनौलो गोलो कुण्डल, पाखुरा र हातमा सुनौलो केयूर र बाजु, पाउमा पाउजुसहित कल्ली छन् । यिनले बैजनी रंगको पछ्यौरामा सुनौलो रंगको थोप्ला थोप्ला भएको पछ्यौरा पनि ओढेको छ र पहेंलो रंगको धोती लगाइएको छ ।

### ग) अन्य देवताहरु

शिव र विष्णुबाहेक यस चित्रमा अन्य दशजना देवताहरु पनि रहेका छन् । यी दशजना देवताहरुले शिव र विष्णुलाई नमस्कार गरि प्रार्थना गर्दै गरेको दृश्यमा

देखाइएको छ । दुई पंक्तिमा देखाइएका यी देवताहरु माथि चार जना र तल छ जना गरि पंक्तिबद्ध रुपमा रहेका छन् । यिनीहरुको आयुधहरु नभएकोले पूर्णरुपमा सही विवरण दिन निक्कै कठीन छ । तर पनि यी देवताहरुको वर्ण, वस्त्र, आभूषणको बारेमा यसप्रकार उल्लेख गर्न सकिन्छ ।

शिव र विष्णुको दाँयातर्फ रहेका चित्रहरुको माथिल्लो पट्टिको पहिलो चित्रमा देवतालाई रातो प्रभामण्डलमा देखाइएको छ । जो नमस्कार मुद्रामा छ । सुन्तला रंगको वर्णमा देखाइएको यी देवताले आर्कषक सुनौलो मुकुट पहिरिएको छ । दोस्रो चित्रमा देवतालाई सेतो वर्ण देखाइएको छ भने गुलाबी रंगको प्रभामण्डलमा रहेको छ । घाँटीमा रातो माला लगाउनुको साथै चन्द्रमा सहितको जटायुक्त कपाल र जुँगा भएको रुपमा देखाइएको छ । तेस्रो चित्रमा भएको देवतालाई पहेंलो वर्णमा देखाइएको छ । फिका नीलो प्रभामण्डल, टोपी र जुँगा भएको रुपमा देखाइएको छ । चौथो चित्रको देवतालाई रातो प्रभामण्डलमा देखाइएको छ । हरियो वर्ण रुपमा प्रस्तुत गरिएको यी देवताले रत्नजडित मुकुट लगाइएको छ ।

यसरी माथि देखाइएका चार वटा चित्रहरुमा केही समानता पाईन्छ । सबै देवताहरुले घाँटीमा सुनौलो रंगको रत्नजडित माला, हातमा सुनको बाला र पाखुरामा रत्नजडित केयूर लगाएको छ । यिनीहरुलाई छातीसम्म मात्र आउने गरि देखाइएका छन् ।

त्यस्तै गरि शिवर विष्णुको दाँयातर्फ रहेका चित्रहरुको तल्लोतिर छ वटा चित्रहरु रहेका छन् । पहिलो चित्रमा देवतालाई नागको फणाले संरक्षण गरेको छ । यिनको चारवटा हातहरु रहेका छन् । दुई हात नमस्कार मुद्रा, दाँया तर्फको माथिल्लो हातले अक्षमाला र बाँया तर्फको तल्लोपट्टिको हातमा सर्प समातेको छ । गुलाबी

रंगको प्रभावली भएको यी देवताले नीलो रंगको पछ्यौरा ओढेको छ भने रातो रंगको धोती लगाएको छ ।

दोस्रो चित्रलाई खैरो वर्णमा देखाइएको छ । गाढा नीलो घेरायुक्त फिका नीलो रंगको प्रभामण्डल भएको यी देवताले फिका हरियो रंगको धोती लगाएको छ । यिनको निधारमा नेत्र पनि रहेको छ । साथै कम्मरमा बाघको छाला पनि बेरेको छ । यिनका चारवटा हातहरुमध्ये दुई हात नमस्कार मुद्रामा, बाँया तर्फको माथिल्लो हातले अक्षमाला समातेको र बाँया तर्फको तल्लोपट्टिको हात नदेखिने अवस्थामा छ । यिनको जुँगा पनि रहेको छ ।

तेस्रो चित्रमा देवतालाई फिका नीलो वर्णमा देखाइएको छ । खैरो प्रभामण्डल भएको यी देवताले गुलाबी रंगको धोती लगाएका छन् । यिनको चारवटा हातहरुमा दुई हात नमस्कार मुद्रामा, बाँया तर्फको माथिल्लो हातमा अक्षमाला र दाँयातर्फको हात भने देखिंदैन । साथै यिनको जुँगा पनि रहेको छ ।

चौथो चित्रमा देवतालाई रातो वर्णमा देखाइएको छ । फिका खैरो रंगको प्रभामण्डल भएको यिनको पनि चारवटा हातहरु रहेका छन् । जसमा दुई हात नमस्कार मुद्रामा, बाँया तर्फको माथिल्लो हातमा अक्षमाला र दाँया तर्फको तलपट्टिको हात भने देखिंदैन । यी देवताले हरियो रंगको धोती लगाइएको छ ।

पाँचौ चित्रमा देखाइएको देवता ईन्द्रको हो । निधारमा तेस्रो परेको आँखा भएकोले यिनी ईन्द्र हुन् भन्ने पुष्टि हुन्छ । खैरो रंगको वर्णरुपी ईन्द्रले चोसो परेको सुनौलो मुकुट धारण गरेको छ । यिनका चारवटा हातहरु रहेका छन् । जसमध्ये दुई हात नमस्कार मुद्रा, बाँया तर्फको माथिल्लो हातले अक्षमाला समातेको र दाँयातर्फको तल्लोपट्टिको हात नदेखिने अवस्थामा रहेको छ । फिका हरियो प्रभामण्डल भएको यिनले फिका हरियो रंगको धोती लगाएको छ ।

छैठौं र अन्तिम चित्र ब्रह्माको हो । चार वटा शिर भएकोमा प्रत्येक शिरमा प्वाँखसहितको विभिन्न रत्नजडित सुनौलो मुकुट पहिरिएको छ । सबैको अनुहारमा दाह्री र जुँगा रहेको छ । चार वटा हातहरुमा दुई हात नमस्कार मुद्रामा, दाँयातर्फको माथिल्लो हातले अक्षमाला र बाँयातर्फको तल्लोपट्टिको हातले कमन्डलु समातेको छ । खैरो रंगको प्रभामण्डल भएको ब्रम्हाले रातो रंगको धोती लगाएको छ ।

यसरी माथि उल्लेख गरिएका छ वटा देवताहरुमा पनि केही समानता पाउन सकिन्छ । सबै देवताहरुले घाँटीमा रत्नजडित सुनको हार, घाँटीदेखि खुट्टासम्म आउने मोतीको माला, हातमा सुनको बाला, पाखुरामा विभिन्न रत्नजडित केयूर र पाउमा कल्ली लगाएका छन् । साथै सबैले फूलसहित विभिन्न रत्नजडित मुकुट पहिरिएका छन् ।

**चित्र नं. ५.३ : विभिन्न देवदेवीहरुका तेजबाट उत्पन्न भगवती**

यो चित्रको ठीक तलपट्टि **इंद्रादिदेवताको विति संदा क्रर भया ........का महादेवका सरिरवाट तेज प्रादुर्भाव भयो र अरु इंद्रादिदेवताका सरिरवाट पनि तेज निकस्यो त्यो सबै तेजबाट देवीको उत्पत्ति भइन्** भनेर लेखिएको छ । चित्रमा विभिन्न देवीदेवताहरुको तेजबाट उत्पन्न भएकी भगवतीलाई तेजबाटै निस्केको आगोको ज्वालाको बीचमा देखाइएको छ । भगवती उत्पन्न भएपछि सबै देवताहरु खुशी भएर भगवतीलाई नमस्कार गरिरहेको मुद्रामा चित्रित छन् । जो निम्नानुसार छन् ।

**क) शिव**

सुनौलो घेरा भएको गोलोयुक्त नीलो प्रभावली भएको शिवलाई सेतो वर्णमा देखाइएको छ । चारवटा हात भएकोमा दुई हात नमस्कार मुद्रामा, दाँयातर्फको

माथिल्लो हातले रातो मुगाको माला, बाँया तर्फको माथिल्लो हातले नाग सहितको त्रिशुल समातेको छ । गलामा रत्नजडित माला र सेतो प्वाँख भएको मुकुट पहिरिएको छ । यिनले खैरो रंगको धोती लगाएको छ भने यिनको जुंगा पनि रहेको छ । अरु सबै देवताको पाउ समेत आउने गरि चित्र बनाइएको छ भने यिनको पाउ भने देखाइएको छैन ।

**ख) विष्णु**

फिका खरानी वर्णमा देखाइएको विष्णुलाई खैरो रङ्गको गोलो प्रभामण्डलमा देखाइएको छ । यिनको चारवटा हातहरु रहेका छन् । दुई हात नमस्कार मुद्रामा, बाँयातर्फको माथिल्लो हातले गदा समातेको छ भने दाँयातर्फको माथिल्लो हातले डाँठसहितको कमलको फूल समातेको छ । यिनले फूलसहितको विभिन्न रत्नजडित स्वर्ण रङ्गको मुकुट लगाएका छन् । यिनी विभिन्न गरगहनाबाट सजिएका छन् । जसमा कानमा गोलो कुण्डल, घाँटीमा मोतीको माला, नाडीमा मोतीको बाजु लगायत सुनको बाजु, गलामा घुँडासम्म आएको मोतीको माला र पेटसम्म आएको अर्को सुनको मालाका साथै सानो मुगासहितको माला रहेका छन् । वस्त्रपरिधानमा यिनले पहेंलो रंगको धोती लगाएका छन् ।

**ग) ब्रह्मा**

रातो रंगको गोलो प्रभावलीमा देखाइएको ब्रह्माको वर्ण पहेंलो रहेको छ । चारवटा शिर भएकोमा प्रत्येकले खरानी रंगको मुकुट लगाएको छ भने साथमा सबैको दाह्री र जुंगा पनि रहेको छ । सबैले मोतीयुक्त सुनौला मुकुट पहिरिएका छन् । गलामा सुनको माला सहित घुडाँसम्म आएको मोतीको माला लगाएका छन् । यिनका चार हातमध्ये दुई हात नमस्कार मुद्रामा, बाँया तर्फको माथिल्लो हातले केही

समातेको छ तर स्पष्ट देखिंदैन र दाँया हात वरद मुद्रामा रहेको छ । यिनले खैरो रंगको धोती लगाउनुका साथै पाउमा आकर्षक सुनौलो कल्ली लगाएको छ ।

### घ) इन्द्र

गोलोयुक्त हरियो प्रभामण्डल भएको इन्द्रलाई खैरो वर्णमा देखाइएको छ । यिनको मुकुट सुनौलो चच्चो परेको छ । गरगहना भने माथि उल्लेख गरेको शिव (चित्र नं. ५.४.१) अनुरुप छ । यिनका चारवटा हातहरु रहेका छन् । जसमध्ये दुई हात नमस्कार मुद्रामा, दाँया तर्फको माथिल्लो हातमा कमन्डलु समातेको छ भने बाँया तर्फको माथिल्लो हातले केहि समातेको छ तर स्पष्ट देखिंदैन । यिनले फिका हरियो रङ्गको धोती लगाएको छ ।

### ङ) देवीहरु

यसमा दुई जना देवीहरु रहेका छन् । पहिलो देवीलाई इन्द्रसँगै देखाइएको छ । गाढा खैरो रङ्गको प्रभामण्डलमा देखाइएको देवीको वर्ण फिका खैरो रङ्गको रहेको छ । विभिन्न गरगहनाद्वारा सुशोभित देवीले कानमा गोलो कुण्डल, पाखुरामा सुनको केयूर, गलामा सुनको माला र नाडीमा मोतीजडित सुनको बाला लगाएकी छिन् । त्यस्तै मोती जडित सुनको सुसज्जित श्रीपेच पनि लगाएकी छिन् । दुई हातले नमस्कार गरेकी यी देवीले पारदर्शी चोलो लगाएकी छिन् । पछ्यौरा ओढेकी यिनले आर्कषक जामा लगाएकी छिन् जुन २ भिन्दा भिन्दै रंगको छ । जुन अगाडिको भागमा नीलो रङ्गको र पछाडि रातो, सुनौलो र पहेंलो रङ्गको छ । कम्मरमा सुनौलो पेटी बाँधेकी यिनले पाउमा कलि र पाउजु दुवै लगाएकी छिन् ।

अर्को देवीले नमस्कार गर्दै गरेको छ । खैरौ रंगको प्रभामण्डल र गुलाबी रंगको वर्ण भएको यी देवीले आकर्षक जामा लगाएकी छिन् जुन अगाडिको भागमा कलेजी, सुनौलोयुक्त बुट्टा र पछाडिपट्टि नीलो रंगको रहेको छ । फिका कलेजी

पारदर्शी रंगको वस्त्र लगाएकी यी देवीले कानमा ठूल्ठूला कुण्डल, गलामा ठूलो सुनको माला र सानो मोतीको माला र अर्को सानो मोतीको माला, नाडीमा मोतीजडित सुनको बाला, त्यस्तै मोतीयुक्त सुनको केयूर र कम्मरमा आकर्षक पेटी लगाएकी छिन् । सुनौलो मुकुट पहिरिएकी यी देवीले पछ्यौरा पनि ओढेकी छिन् ।

**च) अन्य देवताहरु**

अन्य देवताहरुले हातमा आयुधहरु नलिएको हुनाले यिनीहरुको बारेमा सही विवरण दिन अलि कठिन छ । तर पनि यी देवताहरुको वर्ण, वस्त्र, आभूषण आदिलाई यसप्रकार व्याख्या गर्न सकिन्छ । भगवतीको बाँयापट्टि सुरुमा रहेको देवतालाई नीलो वर्णमा देखाइएको छ । चार हातमा दुई हात नमस्कार मुद्रामा, दाँयातर्फको माथिल्लो हातमा अक्षमाला र बाँयातर्फको माथिल्लो हात अभय मुद्रामा रहेको छ । यिनको सुनौलो घेरायुक्त गुलाबी रङ्गको गोलो प्रभामण्डल रहेको छ । विभिन्न रत्नहरु जडित आर्कषक स्वर्ण मुकुट पहिरिएका यिनले कानमा गोलो सुनौलो कुण्डल, नाडीमा सुन र मोती दुवैको बाला लगाएका छन् । गलामा घुँडासम्म आएको मोतीको माला, नाइटोसम्म आएको अर्को सुनको माला रसानो रत्नजडित माला लगाएका छन् । रातो धोती लगाएका यी देवताले पाउमा कल्ली पनि लगाएका छन् ।

शिवको चित्रसँगै बाँयातिर रहेको देवतालाई गोलो रातो प्रभावलीमा देखाइएको छ । सुन्तला रंगको वर्णमा देखाइएको यी देवताको केवल दुई हात मात्र रहेको छ जुन नमस्कार मुद्रामा छ । कानमा गोलो कुण्डल, घाँटीमा सुनको माला लगायत मोतीको माला र हातमा बाजु लगाएको छ भने पाखुरामा आकर्षक सुनको केयूर लगाएको छ । पाउमा कल्ली लगाइएको यी देवताले खरानी रंगको मुकुट र फिका गुलाबी रंगको धोती लगाइएको छ ।

त्यस्तै ब्रह्माको अगाडि रहेको चित्रलाई सुनौलो घेरायुक्त हरियो प्रभामण्डलमा देखाइएको छ । विभिन्न रत्नजडित सुनौलो मुकुट लगाइएको यी देवताको वर्ण गुलाबी रंगको छ । यिनको केवल दुई हात मात्र रहेको छ जुन नमस्कार मुद्रामा रहेको छ । कानमा गोलो कुण्डल, घाँटीमा सुनको माला, मोतीको माला र हातमा बाजु लगाएको छ भने पाखुरामा आकर्षक सुनको केयूर लगाएको छ । साथै गुलाबी रंगको धोतीमा प्रस्तुत गरिएको छ ।

भगवती देवीको दाँयापट्टिको सुरुमा रहेको देवीको चित्रसँगै रातो वर्ण भएको सुनौलो घेरायुक्त हरियो प्रभामण्डल भएको देवताको चित्र रहेको छ । चार हात भएकोमा दुई हात नमस्कार मुद्रामा, दाँयातर्फको माथिल्लो हातमा अक्षमाला समातेको र बाँयातर्फको तल्लो हात अभय मुद्रामा रहेको छ । कानमा गोलो कुण्डल, घाँटीमा मोतीको माला, हातमा मोतीको बाजु लगायत सुनको बाजु लगाइएको छ । घाँटीदेखि घुँडासम्म आएको मोतीको माला र पेटसम्म आएको सुनको मालाका साथै सानो मुगासहितको माला पनि लगाइएको देखिन्छ । विभिन्न रत्नजडित स्वर्ण मुकुट लगाएका यिनले रातो रंगको धोती लगाएका छन् भने पाउमा कल्ली पनि लगाएका छन् ।

अर्को चित्रमा देवतालाई पहेंलो वर्णमा देखाइएको छ । हरियो गाढा घेरायुक्त नीलो प्रभामण्डल भएको यी देवतालाई चार हातमा देखाइएको छ जसमध्ये दुई हात नमस्कार मुद्रामा, दाँयातर्फको माथिल्लो हातले अक्षमाला र बाँयातर्फको तल्लो हात वरद मुदामा रहेको छ । यी देवताले दाँयाबाँया रातो रंग भएको लाम्चो र बीचमा गोलो परेको कालो रंगको मुकुटभन्दा फरक खालको टोपी लगाएको छ । जुन माथि वर्णन गरिएभन्दा अलि भिन्नै किसिमको छ । गलामा घुँडासम्म आएको मोतीयुक्त सुनको माला लगाएको छ । साथै हरियो रंगको धोतीमा प्रस्तुत गरिएको छ ।

अर्को चित्रमा देवतालाई गाढा कलेजी र सुनौलो घेरायुक्त गोलो गुलाबी रंगको प्रभामण्डलमा देखाइएको छ । यिनको वर्ण फिका हरियो रंगको छ । यिनले कानमा गोलो कुण्डल, घाँटीमा मोतीको माला, हातमा मोतीको बाजु लगायत सुनको बाजु लगाएको छ । घाँटीदेखि घुँडासम्म आएको मोतीको माला र पेटसम्म आएको सुनको माला सहित सानो मुगाको माला पनि लगाइएको देखिन्छ । प्वाँखयुक्त विभिन्न रत्नहरुजडित रातो मुकुट लगाएको यी देवताको चार हातमध्ये दुई हात नमस्कार मुद्रा र दाँयातर्फको माथिल्लो हातले कमलको डाँठसहितको कोपिला समातेको र बाँयातर्फको तल्लो हातले अक्षमाला समातेको छ । खैरो रंगको धोती लगाएको यिनले पाउमा कल्ली पनि लगाएको छ ।

अर्को चित्रमा देवतालाई सेतो वर्णमा देखाइएको छ । जसको सुनौलो घेरायुक्त फिका नीलो रंगको गोलो प्रभामण्डल रहेको छ । यसको केवल दुई हात मात्र रहेको छ जुन नमस्कार मुद्रामा रहेको छ । यिनले कानमा गोलो कुण्डल, घाँटीमा मोतीको माला, हातमा मोतीको बाजु लगायत सुनको बाजु लगाएको छ । घाँटीदेखि घुँडासम्म आएको मोतीको माला र पेटसम्म आएको सुनको माला सहित सानो मुगाको माला पनि लगाएको देखिन्छ । विभिन्न रत्नजडित रातो मुकुट पहिरिएको यी देवताले फिका गुलाबी रंगको धोती लगाएको छ ।

अर्को चित्रमा देवतालाई सुनौलो घेरायुक्त रातो प्रभामण्डलमा देखाइएको छ । यिनको वर्ण सेतो रहेको छ । यिनको दुई हात नमस्कार मुद्रामा देखाइएको छ । यिनले कानमा गोलो कुण्डल, घाँटीमा मोतीको माला, हातमा मोतीको बाजु लगायत सुनको बाजु लगाएको छ । घाँटीदेखि घुँडासम्म आएको मोतीको माला र पेटसम्म आएको सुनको माला सहित सानो मुगाको माला पनि लगाएको देखिन्छ । प्वाँखयुक्त विभिन्न रत्नजडित सुनौलो र खरानी रंगको मुकुट पहिरिएको यी देवताले हरियो रंगको धोती लगाएको छ ।

अन्तिम चित्रमा रहेको देवतालाई सेतो वर्णमा देखाइएको छ । फिका रातो घेरायुक्त भएको सुन्तला रंगको गोलो प्रभामण्डल भएको यी देवताका चार वटा हातहरु रहेका छन् जसमध्ये दुई हात नमस्कार मुद्रामा, दाँयातर्फको तल्लो हात हात वरद मुद्रामा र बाँयातर्फको माथिल्लो हातमा अक्षमाला समातेको छ। यिनले कानमा रत्नजडित गोलो कुण्डल, पाखुरामा रत्नजडित केयूर, नाडीमा सुनको बाला र गलामा ज्यादै आर्कषक सुनको मालाका साथै घुँडासम्म आएको मोतीको माला र खुट्टामा सुनको कल्ली लगाएको छ । यिनले रातो रंगको धोती लगाएको छ । साथै नागको फणाले यी देवतालाई संरक्षण दिएको छ ।

- **दोस्रो पंक्तिमा कोरिएका चित्रहरु**

दोस्रो पंक्तिमा कोरिएका चित्रहरु १५ फुट १० ईन्च लम्बाई र २ फुट ४ ईन्च चौडाईमा ज्यादै आकर्षक ढंगले कोरिएका छन् । यसमा देवी भगवती र महिषासुर बीच घमासान युद्ध भइरहेका दृश्यहरु रहेका छन् । युद्धकै क्रममा  देवताहरुले आफ्ना आयुधहरु देवीलाई दिदैं गरेको, युद्धमा देवीको विजय भएको र विजय भएको खुशीयालीमा देवताहरुबाट स्तुति गाउँदै गरेका दृश्यहरु रहेका छन् । यी सम्पूर्ण कथाहरुलाई चित्रमार्फत् यसप्रकार व्याख्या गरिएको छ ।

**चित्र नं. ५.४ : देवीदेवताहरुद्वारा भगवतीलाई आयुध प्रदान**

यस चित्रमा भगवतीलाई आफ्नो वाहन सिँहमाथि उभिएको अवस्थामा देखाइएको छ । ब्रह्मा, विष्णु, महेश्वर, ईन्द्र लगायत अठार जना विभिन्न देवताहरुले आ-आफ्ना आयुधहरु देवीलाई दिंदै गरेका छन् । यस चित्रको ठीक तलपट्टि **महादेवले**

**त्रिशुल विष्णुले चक्र वरुणले शंख अग्निले शक्ति वायुले धनुवाण ठोक्रो इंद्रले व्रज ..........................................ब्रह्माले कमंडलु ................................विश्वकर्माले फर्स अभेद कवच समुद्रले माला कमलको फूल हिमालयले सिँह ..............................ले सुरापान पात्र.............नागहार यसप्रकार सबै देवले हतियार गहना .......................... प्रसन्न................. ।**

यसरी चित्रमा देखाइएको देवी भगवती, शिव, विष्णु, ब्रह्मा, ईन्द्र लगायत अठार देवीदेवताहरुलाई माथिबाट क्रमशः यसप्रकार व्याख्या गर्न सकिन्छ ।

**क) भगवती**

अठार हात भएकी देवीलाई रातो वर्णमा देखाइएको छ । गाढा पहेंलो र हरियो घेरायुक्त फिका हरियो प्रभावली भएको यी देवी आफ्नो वाहन सिँहमाथि उभिएको अवस्थामा छन् । दाँया र बाँया गरि अठार वटा हातहरु भएकी यी देवीले दाँयातर्फको माथिल्लो हातबाट क्रमशः तरवार, चक्र, अक्षमाला, बज्र, वाण, शंख, पात्र, कालदण्ड र परशु समातेकी छिन् भने बाँयातर्फको तल हातबाट माथि क्रमशः कमन्डलु, कमलको फूल, पाश, भाला, खट्वाङ्ग, धनुष, घण्ट, त्रिशुल र ढाल समातेकी छिन् । यिनले नरमुण्डका साथै विभिन्न रत्नहरुजडित सुनौलो रंगको मुकुट लगाएकी छिन् । यिनी विभिन्न आर्कषक गरगहनाबाट सुशोभित भएकी छिन् । जसमा कानमा रत्नजडित सुनको गोलो कुण्डल, गलामा पाँच प्रकारका माला लगाएकोमा मोतीको माला, विभिन्न रत्नजडित सुनको हार, सुनको लामो माला, नाइटोसम्म आएको मोतीको माला र घुँडासम्म आएको माला छन् भने सबै नाडीहरुमा सुन र मोतीको बाजु, पाखुरामा रत्नजडित केयूर लगाएका छन् । साथै सुनौलो किनारा भएको खैरो

रंगको पछ्यौरा पनि ओढेकी छिन् । शरिरको तल्लो भागमा कालो थोप्ला भएको सुनौलो बुट्टायुक्त नीलो रंगको आर्कषक जामा लगाएकी छिन् । कम्मरमा सुनौलो पेटी लगाएकी देवीले पाउमा रत्नजडित सुनौलो पाउजू पनि लगाएकी छिन् ।

उनको वाहन सिँहलाई ज्यादै डरलाग्दो स्वरुपमा देखाइएको छ । भयंकर अनुहार भएको सिँहले गर्जदैं गरेको देखिन्छ । सेतो वर्णमा देखाइएको यिनले पाउमा सर्पसहितको कल्ली लगाइएको छ ।

**ख) विभिन्न देवीदेवताहरु**

देवीको दाँया आठजना र बाँया दशजना गरि अठार जना देवीदेवताहरु रहेका छन् । यी देवीदेवताहरुले आ-आफ्ना आयुधहरु देवीलाई दिंदै गरेको दृश्य रहेको छ । देवीको दाँयापट्टि रहेका देवीदेवताहरु माथि क्रमशः एक, दुई, दुई र तीन गरि आठजना देखाइएको छ । देवीदेवताहरुमध्ये कतिपयका आयुधहरु अस्पष्ट भएका कारण विस्तृत रुपमा वर्णन गर्न सकिएन । तर प्रष्ट रुपमा आयुधहरु लिएका देवदेवताहरुलाई विस्तृत रुपमा व्याख्या गरिएको छ ।

भगवतीको दाँयापट्टि रहेको सुरुको माथिल्लोपट्टि रहेको देवतालाई कालो वर्णमा देखाइएको छ । यिनी काल देवता हुन् । दुई हात भएकोमा दाँया हातले तरबार र बाँया हातले ढाल समातेको छ । सुन्तला रंगको प्रभामण्डल भएको यी देवताले कानमा सुनौलो गोलो कुण्डल, गलामा सुनको माला, पाखुरामा रत्नजडित केयूर र आर्कषक सुनौलो मुकुट लगाएको छ । यिनले लगाएको धोतीको रंग रातो रहेको छ । यिनले आफ्नो हातमा लिएको तरबार र ढाल देवीलाई दिन लागेको अवस्थामा देखाइएको छ ।

दोस्रो चित्रमा रहेको देवतालाई पहेंलो वर्णमा देखाइएको छ । यिनको फिका नीलो रंगको प्रभामण्डल रहेको छ । चार हात रहेकोमा दुई हात नमस्कार मुद्रामा,

दाँयातर्फको माथिल्लो हात मुट्ठी पारेको छ भने र बाँया हातको तल्लो हात देखिंदैन । गलामा विभिन्न रत्नजडित आर्कषक गरगहना र लामो मोतीबाट सुशोभित भएका छन् । पाखुरामा रत्नजडित सुनको केयूरका साथै नीलो धर्केयुक्त धोती लगाएको छ । यिनलाई आर्कषक टोपीमा देखाइएको छ ।

तेस्रो चित्रमा रातो वर्ण भएको देवता रहेको छ । फिका नीलो प्रभामण्डल भएको यी देवताले कानमा सुनौलो रंगको गोलो कुण्डल, रत्नजडित सुनौलो मुकुट, पाखुरामा रत्नजडित केयूर, नाडीमा सुनको बाजु, घाँटीमा रत्नजडित सुनौलो माला, अर्को नाइटोसम्म आएको रत्नजडित मोतीको माला लगाएका छन् । दुई हात भएकोमा दाँया हातले बञ्चरो र बाँया हात वरद मुद्रामा रहेको छ । यिनले हरियो रंगको धोती लगाएको छ ।

चौथो चित्रमा रहेको देवताको वर्ण सेतो रहेको छ । खैरो प्रभामण्डल भएको यी देवताले फूलबुट्टायुक्त सुनौलो मुकुट, कानमा सुनौलो गोलो कुण्डल, घाँटीमा सुनको हार, तीन तह परेको लामो सुनको हार, घुँडासम्म आएको मोतीको माला, नाडीमा सुनको बाजु, पाखुरामा रत्नजडित सुनको केयूर र कम्मरमा सुनको पेटी लगाएका छन् । यिनको केवल दुई हात मात्र रहेका छन् । जुन नमस्कार मुद्रामा रहेको छ । यिनले लगाएको धोती फिका गुलाबी रंगको छ ।

पाँचौ चित्र भगवान् विष्णुको हो । हरियो वर्णमा देखाइएको विष्णुको चार हातहरु रहेका छन् । माथिको दाँयाबाँया हातमा चक्र समातेर देवीलाई दिदै गरेको छ भने तलपट्टिको दाँयाबाँया हातमा कुनै आयुध समातेको देखिदैंन । फूलसहितको रत्नजडित आर्कषक मुकुट, घाँटीमा मोतीको माला, रत्नजडित हार, मोतीको अर्को माला, सुनको हार र घुँडासम्म आएको मोतीको माला लगाएका छन् । पाखुरामा

रत्नजडित सुनको केयूर र नाडीमा सुनको बाजु लगाएका यिनले मुजायुक्त पहेंलो रंगको धोती लगाएको छ ।

छैठौमा देखाइएको चित्र अग्निको हो । यिनलाई रातो वर्णमा देखाइएको छ । फिका नीलो प्रभामण्डल भएको अग्निले फूलसहितको रत्नजडित सुनौलो मुकुट लगाएको छ । कानमा रत्नजडित सुनको गोलो कुण्डल, घाँटीमा मोतीको माला, रत्नजडित सुनको हार, नाइटोसम्म आएको सुनको माला र घुँडासम्म आएको मोतीको माला लगाएका छन् । पाखुरामा मोती र रत्नजडित सुनको केयूर लगाएका यिनले मुजायुक्त फिका नीलो रंगको धोती लगाएको छ । पाउमा दुई जोर कल्ली पनि छ । दुई हातले नमस्कार गरेको यो अग्निको मुखबाट तेज वा शक्ति निस्कदै गरेको दृश्य छ । जुन तेज प्रष्ट रुपमा देखिन्छ । कथाअनुसार अग्निले भगवतीलाई तेज वा शक्ति प्रदान गरेको वर्णन छ । जुन तेज वा शक्ति चित्रमा देवीको प्रभावलीमा गएको देखाइएको छ ।

सातौं चित्र वरुणको हो । सेतो वर्णमा देखाइएको वरुणलाई फिका गुलाबी प्रभामण्डल भएको रुपमा देखाएको छ । दुईहातमा पाश लिएर देवीलाई नमस्कार गरेको दृश्य छ । नागको फणाले संरक्षण गर्दै गरेको यिनले फूलसहितको रत्नजडित सुनौलो मुकुट लगाएको छ । कानमा गोलो रत्नजडित कुण्डल, घाँटीमा सुनको हार, नाइटोसम्म आएको सुनको माला, त्यस्तै कालो खालको माला, घुँडासम्म आएको मोतीको माला लगाएका छन् । खैरो रंगको धोती लगाएका वरुणले पाउमा रत्नजडित आर्कषक पाउजू पनि लगाएको छ । साथै कम्मरमा सुनौलो पेटी पनि बाँधेको छ ।

आठौ चित्रको देवतालाई फिका रातो वर्णमा देखाइएको छ । हरियो घेरायुक्त नीलो प्रभामण्डल भएको प्रजापतिले भिन्नै खालको रातो टोपी लगाएको छ । कानमा रत्नजडित गोलो सुनौलो कुण्डल, नाडीमा सुनको बाजु लगाएको छ । यिनको जुँगा

पनि रहेको छ । यिनले पूरै शरिर ढाक्ने कालो धर्के भएको जामा लगाएको छ । दुवै हातले देवीलाई स्फटिकाक्ष माला दिदैं गरेको दृश्य छ । सुनौलो किनारा भएको खैरो बुट्टायुक्त पटुका कम्मरमा बाँधेको छ । यिनको पहिरन राजपुत शासकहरुले लगाउने पहिरन जस्तो देखिन्छ ।

यस्तै देवीको बाँयापट्टि दशजना देवीदेवताहरु रहेका छन् । यी देवीदेवताहरुलाई माथिबाट क्रमशः एक, दुई, तीन र चारजना गरि देखाइएका छन् । जसलाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

देवीको बाँयापट्टिको माथिल्लो सुरुमा रहेको चित्र देवीको हो । गुलाबी रंगको वर्ण भएकी यी देवीलाई गाढा हरियो किनारायुक्त फिका हरियो प्रभामण्डलमा देखाइएको छ । यिनका चारवटा हातहरु रहेका छन् । दाँयातर्फको माथिल्लो हातमा दण्ड समातेको छ भने तलपट्टिको हात देखिदैंन । त्यस्तै बाँयातर्फको माथिल्लो हातमा कमलको फूल समातेको छ भने तलपट्टिको हात देखिदैंन । गलामा तीन थरीको माला लगाएकोमा सुनको हार, नाइटोसम्म आएको सुनकै माला र अर्को घुँडासम्म आएको मोतीको माला रहेका छन् । कानमा रत्नजडित सुनौलो झुम्काका साथै रत्नजडित सुनौलो मुकुट, नाडीमा सात जोर सुनको बाला, पाखुरामा रत्नजडित सुनौलो केयूर, कम्मरमा सुनौलो पेटी र पारदर्शी पछ्यौरा ओढेकी छिन् । शरिरको माथिल्लो भागमा गाढा खैरो रंगको वस्त्र र तलपट्टि मुजा परेको रातो धोती लगाएकी छिन् ।

दोस्रोमा भएको चित्र शिवको हो । सेतो वर्णमा देखाइएको शिवको सुनौलो किनारायुक्त खैरो प्रभामण्डलमा रहेको छ । जुँगासहित भएको यिनको चार हातमा दाँयातर्फको माथिल्लो हातमा डमरु, तलपट्टिको हातमा त्रिशुल र बाँयातर्फको माथिल्लो हात मुट्ठी गरेको छ भने तलपट्टिको हात देखिदैंन । कानमा सर्पकुण्डल

, चारथरिका माला लगाएकोमा रत्नजडित सुनको हार, मोतीको माला, सुनको अर्को माला र अर्को लामो मोतीको माला, नाडीमा दुई जोर बाला, पाखुरामा रत्नजडित केयूर र कम्मरमा सुनौलो पटुका बाँधेका छन् । फिका नीलो रंगको धोती लगाएका शिवले कम्मरमा बाघको छाला बेरेको छ ।

तेस्रो चित्रमा रहेको देवतालाई पहेंलो वर्णमा देखाएको छ । खैरो रंगको प्रभामण्डल भएको यी देवताको चारवटा हातहरु रहेका छन् । जसमा दाँयातर्फको माथिल्लो हातमा दण्ड, बाँयातर्फको माथिल्लो हातमा कमलको फूल समातेको छ भने दाँयाबाँयाको तलट्टिको हात देखिदैंन । गलामा मोतीको माला, सुनको आर्कषक बुट्टायुक्त माला र लामो मोतीको माला लगाएका छन् । कानमा रत्नजडित गोलो कुण्डल, नाडीमा दुई जोर सुनको बाला र पाखुरामा मोतीको र सुनको केयूर लगाएका छन् । शिरमा सुनौलो रत्नजडित आर्कषक मुकुट पहिरिएको यिनले गुलाबी रंगको धोती लगाएको छ ।

चौथो चित्रमा ईन्द्र रहेको छ । ईन्द्रलाई रातो वर्णमा देखाइएको छ । सुनौलो घेरा भएको फिका गुलाबी प्रभामण्डलमा देखाइएको ईन्द्रले चोसो परेको मुकुट लगाएको छ । कानमा रत्नजडित गोलो कुण्डल, घाँटीमा पाँच प्रकारको माला लगाएको छ जसमा मोतीको माला, रत्नजडितको सुनको माला, मोतीकै अर्को माला, सुनको माला र लामो मोतीको माला छन् । यिनको चारवटा हातहरु रहेका छन् । जसमध्ये दाँयातर्फको माथिल्लो हातमा बज्र, तलपट्टिको हात वरद मुद्रामा रहेको छ भने बाँयातर्फको माथिल्लो र तल्लो हातमा केही देखिदैन । साथै फिका हरियो परेको धोती लगाएको छ ।

पाँचौ चित्र वायुको हो । फिका हरियो वर्णमा देखाइएको वायुलाई सुनौलो घेरायुक्त रातो रंगको प्रभामण्डलमा देखाइएको छ । यिनले विभिन्न रत्नजडितको

सुनौलो आर्कषक मुकुट लगाएको छ । कानमा सुनौलो गोलो कुण्डल, गलामा ईन्द्रले लगाएको जस्तै माला, पाखुरामा रत्नजडित केयूर, नाडीमा सुनको बाला लगाएको छ । चारवटा हात भएकोमा दाँयातर्फको माथिल्लो हातमा धनुष, तलपट्टिको हात मुट्ठी पारेको र बाँयातर्फको माथिल्लो हातमा कमलको फूल र तलपट्टि वाण समातेको छ । यिनले पहेंलो रंगको धोती लगाएको छ ।

छैठौ चित्रको रुपमा कुबेर रहेका छन् । सेतो वर्णमा रहेको कुबेरलाई सुनौलो घेरायुक्त फिका नीलो रंगको प्रभामण्डलमा देखाइएको छ । चार हात रहेकोमा दाँयातर्फको माथिल्लो हातमा सुरापात्र, बाँया तर्फको माथिल्लो हातमा कमलको फूल समातेको छ भने दाँयाबाँया दुवैपट्टिको तलको हात देखिंदैन । यिनले विभिन्न रत्नजडितको सुनौलो मुकुट लगाएको छ । कानमा रत्नजडितको सुनौलो गोलो कुण्डल, गलामा रत्नजडितको सुनको हार र नाइटोसम्म आएको अर्को सुनको माला, नाडीमा दुई जोर बाला, पाखुरामा रत्नजडित केयूर लगाएका छन् । खैरो रंगको पछ्यौरा ओढेको यिनले कम्मरमा सुनको पेटी र खैरो रंगकै धोती लगाएको छ ।

सातौ चित्रमा विश्वकर्मालाई देखाइएको छ । जुन गुलाबी वर्णमा रहेको छ । यिनले आफ्नो दुई हातले कमलको फूल र गरगहनाहरु देवीलाई दिंदै गरेको छ । कानमा रत्नजडित कुण्डल, घाँटीमा सुन र मोतीको मालाहरु, नाडीमा सुनको बाला, पाखुरामा सुन र मोतीको केयूर लगाएका छन् । यिनले लगाएको टोपी भने अन्य देवताहरुले लगाएको भन्दा फरक छ । यिनलाई सेतो रंगको धोतीमा देखाइएको छ । तर यो चित्रमा प्रभामण्डलको अभाव देखिन्छ । यसको दाँयापट्टि हात्तीको टाउको मात्र भएको चित्र पनि रहेको छ ।

आठौं चित्रको देवतालाई रातो वर्णमा देखाइएको छ । फिका रातो प्रभामण्डल भएको यी देवताको दाँयापट्टिको माथि र तलको दुई हात मात्र देखिन्छ । जसमध्ये

माथिको हातमा भाला र तलको हात वरद मुद्रामा रहेको छ । यिनले गलामा लगाएको गरगहना ईन्द्रले लगाएको जस्तै समान रहेको छ। नाडीमा दुई जोर सुनको बाला र पाखुरामा रत्नजडित केयूर लगाएको छ। विभिन्न रत्नजडित आर्कषक मुकुट लगाउनुका साथै फिका नीलो रंगको धोती लगाएको छ।

नवौं चित्रमा ब्रह्माको चित्र रहेको छ। यिनलाई फिका पहेंलो वर्णमा देखाएको छ । चारवटा शिर भएकोमा सबै शिरमा रत्नजडित आर्कषक मुकुट लगाएका छन् । चारवटै अनुहारमा दाह्री र जुँगा भएको ब्रह्माले कानमा गोलो सुनौलो कुण्डल, चारवटा हात भएकोमा दाँयातर्फको माथिल्लो हातमा कमन्डलु र तलपट्टिको हातमा विभूत छ भने बाँया तर्फको माथिल्लो हातमा पुस्तक र तलपट्टिको हातमा अक्षमाला समातेको छ । यिनले लगाएको गरगहना पनि ईन्द्रले लगाएको अनुरुप छ । साथै यिनले रातो रंगको धोती लगाएको छ।

दशौं र अन्तिम चित्र यमराजको हो। सुनौलो घेरायुक्त रातो प्रभामण्डल रहेको यमराजको फिका नीलो रंगको वर्ण रहेको छ । निधारमा समेत नेत्र भएको यी देवताले फूलसहितको विभिन्न रत्नजडित आर्कषक मुकुट लगाएको छ । कानमा रत्नजडित गोलो कुण्डल, गलामा पाँचथरिका माला जसमा मोतीको माला, सुनको हार, सुनकै अर्को माला, मोतीको माला र अर्को लामो मोतीको माला लगाएका छन् । नाडीमा दुई जोर सुनको बाला, खुट्टामा दुई जोर कल्ली, पाखुरामा रत्नजडित दुईवटा केयूर लगाएका छन् । चारवटा हातहरु भएकोमा दाँयातर्फको माथिल्लो हातमा कालदण्ड, तलपट्टिको हात वरद मुद्रामा र बाँयातर्फको माथिल्लो हातमा कमलको फूल र तलपट्टिको हातमा अक्षमाला समातेको छ। वस्त्रपरिधानमा यिनले सेतो रंगको धोती लगाएको छ।

यसरी यो चित्रमा सबै देवीदेवताहरुले आ-आफ्ना आयुधहरु देवीलाई दिदैं गरेको दृश्य रहेको छ । समग्रमा यो चित्रलाई हेर्दा भगवती महिषासुरसँग युद्ध गर्न आतुर भएको देखिन्छ ।

## चित्र नं. ५.५ : देवताहरु र ऋषिहरुद्वारा देवीको प्रार्थना

यो चित्रमा देवी भगवती, तीनजना देवताहरु र तीनैजना ऋषिहरु देखाइएका

छन् । सबैले देवीलाई नमस्कार गरि प्रार्थना गर्दै गरेको दृश्य रहेको छ । देवी पनि दैत्यसँग लडाई गर्न तम्तयार रहेको देखिन्छ । यो चित्रको ठीकपट्टि .....**नादेषीन् सिंह वाहिनी भग**.......... **इंद्रादिदेवता**.........................**जयकार गऱ्या रिषिहरु स्तुति गर्दा भऱ्या** भनेर लेखिएको छ । यसरी यस कथामा रहेका पात्रहरुलाई निम्न तरिकाले व्याख्या गर्न सकिन्छ ।

### क) भगवती

यी देवी आफ्नो वाहन सिँहमाथि घुँडा टेकेर बसेकी छिन् । देवीले लगाएको वस्त्र, गरगहना, वर्ण सबै चित्र नं. चित्र नं. ५.४ (क) मा देखाइएको चित्रसँग मेल खान्छ । तर चित्र नं. ५.४ (क) मा देवीले समातेको आयुधहरु र यस चित्रमा देवीले समातेको आयुधहरुमा केही फरक पाईन्छ । यस देवीको दाँया हात माथिबाट क्रमशः तरवार, अक्षमाला, चक्र, कालदण्ड, बज्र, शंख, कमन्डलु, वाण र पात्र समातेकी छिन् भने बाँया हात तलबाट माथि क्रमशः धनुष, अभय मुद्रामा, कमलको फूल, भाला, त्रिशुल, खट्वाङ्ग, मुठ्ठी पारेको, परशु र ढाल समातेकी छिन् । सिँहलाई पनि चित्र नं. ५.४ (क) मा देखाए अनुरुप छ ।

### ख) देवताहरु

देवीको बाँयातिर तीनजना देवताहरु नमस्कार मुद्रामा रहेका छ । यिनीहरुको शरीरको अधोभाग मात्र देखिन्छ ।

माथितिरको सुरुको चित्रको वर्ण रातो रहेको छ । यिनलाई सुनौलो र गाढा हरियो रंगको किनारायुक्त प्रभावलीमा देखाइएको छ । यिनले विभिन्न रत्नजडित मुकुट, कानमा गोलो कुण्डल, गलामा मोतीको माला, सुनको हार र अर्को लामो मोतीको लामा र पाखुरामा मोतीको केयूर लगाएका छन् । यिनलाई नमस्कार मुद्रामा प्रस्तुत गरिएको छ ।

दोस्रो चित्र ईन्द्रको हो । जुन निधार भएको तेस्रो आँखाले पिुष्टि हुन्छ । खैरो वर्णमा प्रस्तुत गरिएको ईन्द्रले रत्नजडित सुनौलो चोसो परेको मुकुट लगाएका छन् । यिनको गुलाबी रंगको प्रभामण्डल रहेको छ । कानमा गोलो कुण्डल, गलामा अग्निको जस्तै माला, पाखुरामा रत्नजडित दुईवटा र मोतीको एकवटा केयूर लगाएका छन् । चार हातहरुमध्ये दुई हात नमस्कार मुद्रामा, दाँयातर्फको माथिल्लो हात मुट्ठी पारेको छ भने बाँयातर्फको तल्लो हात देखिदैंन ।

तेस्रो चित्रमा रहेको देवतालाई सेतो वर्णमा देखाइएको छ । सुनौलो किनारायुक्त फिका हरियो प्रभामण्डल भएको यी देवताले प्वाँखयुक्त रत्नजडित सुनौलो मुकुट लगाएका छन् । कानमा रत्नजडित गोलो कुण्डल, नाडीमा दुई जोर सुनौलो बाला, गलामा पाँचथरिका माला जसमा मोतीको माला, सुनको माला, अर्को मोतीको माला, नाइटोसम्म आएको मोतीको माला र अर्को नाइटोसम्म आएको सुनको माला लगाएका छन् । दुई हात नमस्कार मुद्रामा छ भने गुलाबी रंगको धोती लगाएको छ ।

**ग) ऋषिहरु**

तीनजना ऋषिहरु लहरै नमस्कार गरि देवीको प्रार्थना गरेको दृश्य रहेको छ । तीनै जना ऋषिहरु बज्रासनमा बसेका छन् । पहिलो ऋषिलाई फिका गुलाबी वर्णमा देखाएको छ । कानमा गोलो सुनौलो कुण्डल, गलामा चारथरिका माला जसमा सुनको माला, मोतीको डबल खालको माला, नाइटोसम्म आएको मोतीको माला र अर्को नाइटोसम्म आएको सुनको माला लगाएका छन् । पाखुरामा रत्नजडित सुनको केयूर, नाडीमा दुई जोर सुनको बाला, कम्मरमा सुनौलो रंगको पटुका लगाएको छ । दाह्री र जुगाँमा समेत भएका यी ऋषिले रातो धोतीको साथै पारदर्शी पछ्यौरा ओढेको छ ।

दोस्रो चित्र माथि उल्लेख गरेको ऋषिसँग ठ्याक्कै मेल खान्छ । केवल टोपी र मुकुटमा मात्र फरक छ । रातो आर्कषक गोलो टोपी र फिका नीलो रंगको धोती लगाएको अवस्थामा देखाइएको छ ।

तेस्रो चित्र पनि माथि उल्लेख गरेको ऋषिसँग मेल खान्छ । यसमा पनि टोपी र मुकुटमा मात्र फरक छ । यिनले आर्कषक हरियो रंगको गोलो टोपी लगाएको छ भने सुन्तला रंगको धोतीमा प्रस्तुत गरिएको छ । साथै दाह्री नभएको अवस्थामा यिनलाई देखाइएको छ ।

**चित्र नं. ५.६ : भगवती र महिषासुरबीच घमासान युद्ध**

यसमा भगवती र महिषासुरका गणहरुबीच घमासन युद्ध भएको देखाइएको छ । यसमा भगवती, राक्षसगणहरु, देवगणहरु र एक नर्तकी देखाइएको छ । देवगणहरुले शंख, नगरा, मृदंग र तुरही आदि बजाएर देवीलाई हौसला प्रदान गर्दै गरेको दृश्य छ । देवी र राक्षसहरुबीचको युद्धमा कयौंको लास टुक्रा टुक्रा भई यत्रतत्र छरिएर रहेका छन् । सिँहले पनि राक्षसहरुमाथि आक्रमण गर्दै गरेको दृश्य रहेको छ । यो चित्रको ठीक तलपट्टि .............. **अति आश्वर्यमार्ना महिषासुर आँउदा तेज तिन लोक व्याप्त**

**गरि व स्नाकि देवी ................................................ दिव दानश .....................हाति घोडा रथ जाँदा कोटिको ................. बीह जां रांगरष पैदा भया मृद नगरा बजाउछन् .......................... घोडा रथ ........सबै त्योन दीमाकाटि ........... देवीले सिंहले केहि वेग रिसले गर्जि सेनाको नास भया देवता............बजाउनु लाग्नुभयो** भनेर लेखिएको छ । तसर्थ यस चित्रमा भएका पात्रहरुलाई यसप्रकार व्याख्या गरिन्छ ।

**क) भगवती**

यस चित्रमा देवीलाई आफ्नो वाहन सिँहबाट ओलेर राक्षससँग युद्ध गर्न तयार भएको अवस्थामा देखाइएको छ । देवीको वर्ण, वस्त्र, गरगहना सबै चित्र नं. ५.४ (क) मा देखाइएको चित्रसँग मेल खान्छ । तर चित्र नं. ५.५ (क) मा देवीले लिएका

आयुधहरु यसमा भने समान रुपमा समातेको देखिंदैन । यसमा देवीले दाँयातर्फको माथिल्लो हातबाट क्रमशः तरवार, अक्षमाला, चक्र, बज्र, कालदण्ड, शंख, कमलको फूल, कमन्डलु र वाण लिएकी छिन् भने बाँयातर्फको हातमा तलबाट माथि क्रमशः पाश, पात्र, भाला, मुठ्ठी पारेको, धनुष, त्रिशुल, खट्वाङ्ग, परशु, ढाल लिएकी छिन् । सिँह पनि ज्यादै नै आक्रमक रुपमा प्रस्तुत भएको छ ।

**ख) देवताहरु**

भगवतीको दाँयातिर देवगणहरुले शंख, नगरा, मृदंग र तुरही आदि बजाएर देवीलाई हौसला प्रदान गर्दै गरेको दृश्य छ । यसमा जम्मा पाँचजना देवताहरु छन् । जसअनुसार पहिलो देवता अग्निलाई रातो वर्ण र नीलो प्रभामण्डलमा देखाइएको छ । यिनी नमस्कार मुद्रामा रहेका छन् । कानमा रत्नजडित सुनको गोलो कुण्डल, घाँटीमा मोतीको माला, रत्नजडित सुनको हारका साथै विभिन्न रत्नजडित आर्कषक मुकुट लगाएको छ ।

दोस्रो चित्रको वर्ण हरियो रंगको, सुन्तला रंगको प्रभामण्डल, फूलसहितको रत्नजडित आर्कषक मुकुट, घाँटीमा मोतीको माला, रत्नजडित हार र मोतीको अर्को माला लगाएका छन् । र यिनले शंख फुक्दै गरेको छ ।

तेस्रो चित्रमा रहेको देवतालाई पहेंलो वर्णमा देखाइएको छ । रातो प्रभामण्डलयुक्त यी देवताले कानमा रत्नजडित सुनको गोलो कुण्डल, घाँटीमा मोतीको माला, घुडाँसम्म आउने मोतीको माला, रत्नजडित सुनको हार, पारदर्शी पछ्यौराका साथै विभिन्न रत्नजडित आर्कषक तहतह परेको प्वाँखयुक्त सुनौलो मुकुट लगाएका छन् । यिनले मुजा परेको फीका नीलो रंगको धोती लगाएको छ । साथै पाउमा सुनको कल्ली लगाएको छ । र यिनले वीणा बजाउँदै  देवीलाई प्रोत्साहन गर्दै गरेको देखिन्छ ।

चौथोमा रहेको देवतालाई फिका गुलाबी वर्णमा देखाइएको छ । फीका हरियो

प्रभामण्डल भएको यी देवता ६ थरिका गहनाहरुबाट सुशोभित भएका छन् । जसमा मोतीको माला, सुनको हार, अलि लामो मोतीको माला, नाइटोसम्म आएको माला, सुन र मोतीको माला र घुडाँसम्म आएको अर्को मोतीको माला छन् । कानमा रत्नजडित गोलो कुण्डल, पाखुरमा रत्नजडित केयूर, नाडीमा सुनको बाला र रत्नजडित प्वाँखयुक्त सुनौलो मुकुट लगाएका छन् । रातो रंगको मुजा परेको धोती लगाएको छ भने पाउमा सुनको कल्ली लगाएको छ । यिनले दुई हातले नगरा बजाउँदै गरेको छ ।

पाँचौमा रातो प्रभामण्डल भएको सेतो वर्णको देवता रहेको छ । गलामा तीन थरिका गरगहनाहरु छन् । जसमा सुनको हार, सुनकै लामो माला र घुडाँसम्म आएको मोतीको माला छन् । विभिन्न रत्नजडित प्वाँखयुक्त सुनौलो मुकुट लगाएको

छ भने पाउमा सुनकै कल्ली लगाएको छ । साथै यिनले मृदंग पनि बजाउँदै गरेको छ ।

**ग) नर्तकी**

यहाँ एउटा नर्तकी पनि देखाइएको छ । देवताहरुले बजाएको बाजाको तालमा बाँया हात निधारमा लगि नर्तकी ज्यादै नै आर्कषक ढंगले नाच्दै गरेको छ । कानमा विभिन्न रत्नजडित सुनौलो झुम्का, गलामा चार किसिमका गहनाहरु जसमा मोतीको माला, सुनको हार, मोतीकै अर्को माला र रत्नजडित माला लगाएकी छिन् । शरिर नै ढाक्ने गरि घाँटीदेखि घुँडासम्म आउने वस्त्र र रातो रंगको सुरुवाल लगाएकी छिन् । सुनौलो घेरा भएको रातो रंगको पटुका कम्मरमा बाँधेकी छिन् ।

**घ) देवीका गणहरु**

यहाँ देवीका गणहरु र असुर गणहरुबीच लडाई गर्दै गरेको दृश्य रहेको छ । चार जना देवीगणहरुले चार जना राक्षससँग लडाई गर्दै गरेको छ । फीका नीलो वर्णको रुपमा देखाइएको यी गणले रातो रंगको गोलो टोपी लगाएको छ । कानमा

गोलो सुनौलो कुण्डल, गलामा सुनको हार र नाइटोसम्म आउने सुनको माला, नाडीमा सुनकै बाला लगाएका छन् । साथै कम्मरदेखि तिघ्रासम्म आउने रातो रंगको आधा वस्त्र लगाएको छ । यी गणले बाजा बजाउँदै गरेको छ ।

दोस्रो गणले हातमा तरबार लिएर राक्षसलाई आक्रमण गर्दै गरेको दृश्य छ । रातो गोलो टोपी लगाएको यी गणलाई पहेंलो वर्णमा देखाइएको छ । कानमा गोलो कुण्डल, गलामा सुनको हार, नाइटोसम्म आउने मोतीको माला, नाडीमा सुनकै बाला लगाएका छन् । यिनले कम्मरदेखि तिघ्रासम्म आउने नीलो रंगको आधा वस्त्र पहिरिएको छ ।

तेस्रो गणलाई सेतो वर्णमा देखाइएको छ । कानमा रत्नजडित गोलो सुनौलो कुण्डल, गलामा सुनको माला, अर्को नाइटोसम्म आउने सुनको माला, पाउमा सुनकै कल्ली, रातो टोपी, नाडीमा सुनकै बाला र हातमा तरबार लिएर राक्षससँग लडाँई गर्दै गरेको दृश्य छ । साथै कम्मरदेखि तिघ्रासम्म आउने रातो रंगको आधा वस्त्र पहिरिएको छ ।

चौथो गणलाई रातो वर्णमा देखाइएको छ । यिनले सहनाई बजाउँदै गरेको छ । कालो टोपी, कानमा रत्नजडित गोलो सुनौलो कुण्डल, गलामा सुनको हार, नाइटोसम्म आउने अर्को मोतीको माला, पाउमा सुनकै कल्ली, नाडीमा सुनको बाला लगाएका छन् । र कम्मरदेखि तिघ्रासम्म आउने नीलो रंगको आधा वस्त्र लगाएको छ ।

**ङ) असुर गणहरु**

यसमा चारजना असुरहरुले देवीमाथि आक्रमण गर्दै गरेको दृश्य रहेको छ । दुई जना हात्तीमाथि, एक जना घोडामाथि र अर्को रथमाथि सवार भई देवीलाई आक्रमण गरेको देखाइएको छ । पहिलो असुरले हातमा तरबार लिएको छ । हात्तीमाथि बसेका यी असुरले रत्नजडित आर्कषक चोसो परेको रातो टोपी लगाएको छ । कानमा गोलो सुनको कुण्डल, पाखुरामा सुनको केयूर र नाडीमा सुनकै बाला लगाएको यो असुरले गलामा सुनको हार र नाइटोसम्म आउने मोतीको माला लगाएको छ । कम्मरमाथि गाढा रंगको नीलो वस्त्र र मुजा परेको रातो रंगको सुरुवाल लगाएको छ ।

दोस्रो असुरको शिर देवीले छेदन गरिदिएको छ । उनको शिर जमिनमा खस्न लागेको अवस्थामा देखाइएको छ । विभिन्न रत्नजडित प्वाँखयुक्त चोसो परेको मुकुट, कानमा रत्नजडित सुनौलो कुण्डल, पाखुरामा रत्नजडित सुनको केयूर, नाडीमा

सुनको बाला र गलामा सुनको हार र नाइटोसम्म आउने मोतीको माला लगाएका छन् । शरीरको माथिल्लो भागमा रातो वस्त्र र तलपट्टि दुई तह परेको गाढा हरियो र गुलाबी रंगको जामा जस्तो वस्त्र लगाएको छ । यिनलाई हात्तीमाथि देखाइएको छ ।

तेस्रो असुरले दाँया हातमा तरबार लिंदै बाँया हात मुठ्ठी पारेको अवस्थामा देखाइएको छ । यिनको गहना, मुकुट माथि उल्लेख गरेको असुर अनुरुप छ । शरीरको माथिल्लो भागमा गाढा नीला रंगको वस्त्र र तलपट्टि दुई तह परेको रातो र हरियो रंगको जामा जस्तो वस्त्र लगाएको छ । यिनी घोडाले तानेको रथमा बसेको छ ।

चौथो असुर घोडामाथि बसेको छ । बाँया हातले घोडाको लगाम तोनेको छ भने दाँया हातमा तरबार समातेको छ । यिनले विभिन्न रत्नजडित चोसो परेको हरियो मुकुट, कानमा गोलो कुण्डल, नाडीमा बाला, पाखुरामा सुनको केयूर, गलामा सुनको हार र नाइटोसम्म आउने मोतीको माला लगाएका छन् । शरीरको माथिल्लो भागमा हरियो वस्त्र र तलपट्टि कम्मरदेखि तिघ्रासम्म आउने रातो रंगको आधा वस्त्र लगाएका छन् ।

यसरी यो चित्रमा देवी र असुरहरुबीच घमासन युद्ध भएको देखाइएको छ । देवीले आफ्नो अस्त्रहरु जस्तै वाण, पास आदिले असुरहरुमाथि प्रहार गर्दै गरेको दृश्य रहेको छ । देवीको यस्तो प्रहारले कयौं असुरहरु शिर छेदन भएको, शरीर टुक्रा टुक्रा भएको, रगत बगिरहेको देखाइएको छ । सिँहले पनि राक्षसको शिरमाथि आक्रमण गर्दै गरेको दृश्य देखाइएको छ ।

**चित्र नं. ५.७ : भगवती तथा उनको वाहनद्वारा महिषासुर सेनापतिको वध**

यस चित्रमा देवी भगवती ज्यादै आक्रमक तरिकाले प्रस्तुत भएकी छिन् । यो चित्रको ठीक तलपट्टि **सेना..... पछि........विघनु मारिन् सिंहले वामरकन मार्‍या........... दुई .....नुख...यति मंत्रि सर्दारहरुकन मारीन्** भनेर लेखिएको छ । देवीको वाहन सिँहले असुरको हात्तीमाथि चढेर असुरलाई आक्रमण गर्दै गरेको छ । यी असुरको दाँयातर्फको हातमा तरबार र बाँयातर्फको हातमा ढाल समातेको छ भने अर्को असुरलाई देवीको वाहनले आक्रमण गरि उनको शिर जमिनमा खसालेको देखाइएको छ । उनको पनि दाँया हातमा तरबार र बाँया हातमा ढाल समातेको छ । साथै देवीले घोडालाई पनि मार्न सफल भएको देखिन्छ भने असुरहरुको रथ पनि टुक्रा टुक्रा पारी यत्रतत्र छरिएको अवस्थामा देखाइएको छ ।

यसमा देखाइएको देवीको वर्ण, गरगहना, वस्त्र र प्रभामण्डल सबै माथि चित्र नं. ५.४ (क) जस्तै समान रहेको छ । तर यिनले लिएका आयुधहरु भने हात अनुसार फरक फरक रहेका छन् । यसमा देवीले दाँयातर्फको माथिल्लो हातबाट क्रमशः तरवार, अक्षमाला, चक्र, बज्र, वाण, शंख, कमलको फूल र कमन्डलु समातेकी छिन् भने बाँयातर्फको हातमा तलबाट माथि क्रमशः धनुष, पात्र, पाश, भाला, मुट्ठी पारेको, दण्ड, त्रिशुल, खट्वाङ्ग, परशु र ढाल लिएकी छिन् । देवीले धनुष वाणद्वारा असुरहरुमाथि प्रहार गरेको दृश्य रहेको छ । देवीको वाण असुरको शिरमा लागि शिर जमीनमा खस्न लागेको अवस्थामा देखाइएको छ । साथै छ जना असुरहरुले हातमा तरबार लिएर देवीमाथि आक्रमण गर्दै गरेको छ । यिनीहरुले लगाएको वस्त्र, गहनाहरु, मुकुट सबै चित्र नं. ५.६ (ङ) मा देखाइएको चित्रसँग मेल खान्छ । तर

वस्त्रको रंग भने फरक रहेको छ । शरीरको कम्मरभन्दा माथिल्लो भागमा कसैले रातो, कसैले गुलाबी र कसैले नीलो रंगको वस्त्र लगाएको छ भने कम्मरमुनि सुनौलो घेरायुक्त विभिन्न रंगको तीन तह परेको आर्कषक जामा लगाएको छ ।

**चित्र नं. ५.८ : भगवतीद्वारा पाश प्रहार**

यस चित्रमा भगवतीलाई आफ्नो वाहन सिँहमाथि बसेको देखाइएको छ । यो चित्रको ठीक तलपट्टि **यस् प्रकारले सेना सवीर मंत्रि सबै मरि सक्यापछि रांगाको स्वरुपधारि महिषासुरले रणभूमिमा आई कोहि देवगणलाई घु...ले, कसैलाई खुरले कसैलाई पुछरले कसैलाई सिंले कसैलाई निश्रवास वायुले यस् प्रकारले देवगण समुदायमारि सिंहलाइ हान्न जाइलाग्यो देवीका उपर सीङ्ले वडा वडा पर्वत फेकि वडो क्रुद गर्‍यो वेगले .....पृथ्वी फादिन् पुछरले हांदा समुद्रमा जलले डुबायो सिंङ्ले हाँदा मेध** ...................... भनेर लेखिएको छ । भगवती र महिषासुर युद्धमा मस्त देखिन्छ भने महिषले देवगणहरुलाई आफ्नो घुडाँले, खुरले, श्वासले, सिंङले घोपेर मार्दै गरेको, आफ्नो सिंङद्वारा ठूल्ठूला पत्थरहरु देवी र उनको वाहनलाई प्रहार गर्दै गरेको छ । यस्तो प्रहारले गर्दा थुप्रै मात्रामा देवगणहरुको मृत्यु भएको देखिन्छ । साथै देवगणहरुको शरीर पनि टुक्रा टुक्रा भई यत्रतत्र छरिएको र रगत पनि बगेको अवस्थामा देखाइएको छ ।

यसमा पनि देवी ज्यादै आक्रमक रुपमा प्रस्तुत भएकी छिन् । यिनको वर्ण, गरगहना, वस्त्र र प्रभावली चित्र नं. ५.४ (क) मा देखाइएको जस्तो समान रहेको छ । यसमा पनि हातमा लिएको आयुधहरु भने हात पिच्छे फरक फरक रहेको छ । देवीको दाँयातर्फको माथिल्लो हातमा रहेका आयुधहरु माथि उल्लेख गरे जस्तै समान छ भने बाँया तर्फको हातमा केही फरक रहेको पाईन्छ । बाँयातर्फको हातमा तलबाट

माथि क्रमशः सुरापान, भाला, पासले महिषको घाँटीमा बेरि तान्न लागेको, घण्ट सहितको सानो त्रिशुल, त्यसै हातमा धनुषमा वाण राखेर तार्क्दै गरेको, नागसहितको त्रिशुल, दण्ड, परशु र ढाल रहेका छन् । उनको वाहन सिँह पनि चित्र नं. ५.४ (क) मा देखाइएको जस्तै समान रहेको छ ।

**चित्र नं. ५.९ : भगवतीद्वारा सिँहरुपी असुरको वध**

यस चित्रमा महिषासुरले आफ्नो रुप सिँहमा परिवर्तन गरि देवीसँग लड्दै गरेको छ । यो चित्रको ठीक तलपट्टि **यस्ता क्रुद.......महीषासुरकन क्रुद भै भगवतीले पाशले बाँधा रांगाको रुप छाडि सिंह भयो जसै भगवतीले त्यस सिंहको सिर काटिन् तसै पुरुषको स्वरुप धारिन .....................भनेर लेखिएको छ ।** देवीले पनि आफ्नो हातमा रहेको तरवारले सिँहरुपी असुरको शिर छेदन गरिदिएको छ । यसबाट उनको शिर भुईमा खसेको छ भने घाँटीबाट रगत बगिरहेको अवस्थामा देखाइएको छ ।

यसमा देवीको वाहन र सिँहरुपी महिषासुर झण्डै झण्डै उस्तै देखिएको छ । देवी पनि आफ्ना वाहनमा बसेर सिँहरुपी असुरलाई मार्दै गरेको दृश्य रहेको छ । देवीको वर्ण, गरगहना, वस्त्र, प्रभावली सबै चित्र नं. ५.४ (क) मा उल्लेख गरे जस्तै समान रहेको छ । तर हातमा लिएको आयुधहरु भने हातपिच्छे फरक फरक रहेको छ । दाँया तर्फको माथिल्लो हातबाट क्रमशः कालदण्ड, अक्षमाला, चक्र, बज्र, वाण, शंख, कमलको फूल, कमन्डलु र तरवार समातेकी छिन् भने बाँयातर्फको हातमा तलबाट माथि क्रमशः पात्र, पाश, धनुष, त्रिशुलसहितको घण्ट, नागसहितको त्रिशुल, खट्वाङ्ग, परशु र ढाल आदि लिएकी छिन् ।

**चित्र नं. ५.१० : भगवतीद्वारा दानव तथा हात्तीरुपी असुरको वध**

यस कथामा सिँहरुपी महिषासुरलाई मार्दा पनि महिषासुर पुरुषको रुपमा प्रकट भएको देखाइएको छ । यो चित्रको ठीक तलपट्टि **फेरी भगवतीले त्यस पुरुषको सिर काटिन् तसै बखतमा बडो हाती भै सिंहलाइ सूडले ....देवीले सूड काटिदीन् ........ फेरी रांगाको स्वरुपधारी तिनै लोककन पीश गर्न लाग्यो** भनेर लेखिएको छ । यसमा भगवती र पुरुषरुपी महिषासुरबीच युद्ध भइरहेको देखाइएको छ । महिषासुरले देवीलाई तरवारले आक्रमण गर्न खोजेको देखिन्छ । भगवतीले पनि आफ्नो वाण प्रहार गर्दा उनको शिर छेदन भई जमीनमा खस्दै गरेको देखिन्छ । यति हुँदासम्म पनि राक्षस हात्तीको रुप धारण गरेर भगवतीमाथि फेरि आक्रमण गर्न खोजेको देखिन्छ ।

यी महिषासुरलाई फिका नीलो वर्णमा देखाइएको छ । विभिन्न रत्नजडित प्वाँखयुक्त गुलाबी रंगको मुकुट लगाइएका यिनले कानमा रत्नजडित गोलो सुनौलो कुण्डल, पाखुरामा रत्नजडित केयूर, नाडीमा एक जोर सुनको, एक जोर मोतीको र एक जोर सुनको बाला, गलामा रत्नजडित सुनको हार र नाइटोसम्म आउने मोतीको माला लगाएका छन् । कम्मरभन्दा माथि गुलाबी रंगको वस्त्र लगाएको छ तलपट्टि तीन तहको जामा लगाएको छ । जुन खैरो, सेतो र रातो रंगको रहेको छ । दाँया हातमा तरबार रहेको छ भने बाँया हातमा ढाल समातेको छ ।

भगवतीको वर्ण, गरगहना, वस्त्र सबै चित्र नं. ५.४ (क) मा उल्लेख गरेजस्तै समान छ भने केवल हातमा भएका आयुधहरु हातपिच्छै फरक फरक रहेका छन् । देवीको दाँयातर्फको माथिल्लो हातबाट क्रमशः कालदण्ड, अक्षमाला, चक्र, बज्र, शंख, वाण, कमलको फूल, कमन्डलु र तरवारले राक्षसरुपी हात्तीको सूँडमा हानी सूँडलाई टुक्रा टुक्रा पारिदिएकी छिन् भने बाँयातर्फको हातमा तलबाट माथि क्रमशः हात

मुट्ठी, पाश, दण्ड, भाला, धनुष, नागसहितको त्रिशुल, खट्वाङ्ग, परशु, ढाल समातेकी छिन् ।

हात्तीको सूँडमा देवीले आक्रमण गरेको हुँदा हात्ती लड्न लागेको अवस्थामा देखाइएको छ । साथै देवीकी वाहन सिँह पनि चित्र नं. ५.४ (क) अनुरुप नै रहेको छ ।

**चित्र नं. ५.११ : भगवतीद्वारा महिषासुरको शिर छेदन**

यस चित्रमा महिषासुर फेरि महिषको रुप धारण गरि देवीमाथि आक्रमण गर्दै गरेको देखिन्छ । भगवतीले महिषको शिर छेदन गरिसकेपछि त्यो महिषको घाँटीबाट पुरुषरुपी राक्षसको उत्पन्न भएको देखाइएको छ । यो चित्रको ठीक तलपट्टि **भगवती पनि ऋुद भयाकी मधुपान गरी त्यस रांगाको उपर सवार भै पासले तेस्को .....देषी त्रिशुलले ................ ती देखीन् आधा पुरुषाकार सरीर .........मुख देषीन् निकासि युद्ध गर्दा भगवतीले महिषासुरको सिर काटिदीन्** भनेर लेखिएको छ । ज्यादै नै क्रोधित देवीले यी शक्तिशाली दानवलाई मार्न सुरापान गर्दै गरेको देखाइएको छ । देवीको वर्ण, वस्त्र, गरगहनाहरु सबै चित्र नं. ५.४ को (क) मा उल्लेख गरे जस्तै समान रहेको छ । केवल देवीले हातमा समातेका आयुधहरु फरक रहेका छन् । यसमा देवीले आफ्नो दाँयातर्फको माथिल्लो हातबाट क्रमशः कालदण्ड, अक्षमाला, चक्र, बज्र, शंख, कमलको फूल, वाण, कमन्डलु र तरवार समातेकी छिन् भने बाँयातर्फको माथिल्लो हातबाट क्रमशः ढाल, परशु, खट्वाङ्ग, नागसहितको त्रिशुल, धनुष, घण्ट, त्यस्तै अर्को त्रिशुल, पाश र हात मुट्ठी पारेकी छिन् । उनले समातेको एउटा त्रिशुलले महिषरुपी महिषासुरको शिर छेदन गरिदिएकी छिन् भने अर्को

तरवारले त्यहि महिषको घाँटीबाट उत्पन्न भएको पुरुषरुपी महिषासुरको शिर काटिदिएकी छिन् ।

**चित्र नं. ५.१२ : देवताहरुद्वारा भगवतीको स्तुति**

यस चित्रमा देवताहरु ज्यादै खुशी भई दुई हात जोडेर देवीको स्तुति गरेको दृश्य देखाइएको छ । यो चित्रको ठीक तलपट्टि **युद्धमा .......भगवतीले महिषासुर........ता......भया गंधर्व गान गर्छन् अप्सरा नाच गर्छन् । इंर्दआदिदेवता सबै बहुतै ......स्तुति गर्दा भगवतीले पनि प्रसन्न भै वरदान बक्सनुभयो शुभम् भवतुनित्पज्ञ : ॥ महिषासुरमर्दिनी विजवयति ॥** भनेर लेखिएको छ । यस चित्रमा भएका पात्रहरुलाई यसप्रकार व्याख्या गत्रिरन्छ ।

**क) भगवती**

यी देवीको वर्ण, वस्त्र, प्रभामण्डल, गरगहना, मुकुट सबै माथि चित्र नं ५.४ को (क) मा उल्लेख गरे जस्तै समान रहेको छ । तर यिनले समातेको आयुधहरु हातैपिच्छे फरक फरक रहेका छन् । जसअनुसार दाँयातर्फको माथिल्लो हातबाट क्रमशः तरवार, अक्षमाला, चक्र, बज्र, वाण, शंख, कमलको फूल, कमन्डलु र कालदण्ड समातेकी छिन् भने बाँयातर्फको हातमा तलबाट माथि क्रमशः पात्र, पाश, दण्ड, सानो त्रिशुल, धनुष, नागसहितको त्रिशुल, खट्वाङ्ग, परशु र ढाल समातेकी छिन् । यिनी आफ्नो वाहन सिँहमाथि बज्रासनमा बसेकी छिन् ।

## ख) देवताहरु

यहाँ चित्रित देवताहरुको आयुधहरु नभएको कारणले गर्दा यी कुन देवताहरु हुन् भनेर ठम्याउन निक्कै गाऱ्हो छ । तर पनि देवताहरुको वर्ण, स्वरुपका आधारमा यी देवताहरुलाई यसप्रकार व्याख्या गर्न सकिन्छ । यहाँ दशजना देवताहरुले देवीको स्तुति गर्दै गरेको छ । जसलाई तीन पंक्तिमा चित्रण गरिएको छ । माथिल्लो पंक्तिमा दुईजना देवताहरु रहेका छन् । पहिलो देवतालाई गाढा हरियो वर्ण र रातो घेरायुक्त गुलाबी रंगको प्रभामण्डलमा देखाइएको छ । कानमा गोलो कुण्डल, पाखुरामा रत्नजडित केयूर र गलामा सुनको हार, नाइटोसम्म आउने सुन र मोतीको माला, रत्नजडित आर्कषक मुकुट लगाएको छ र यिनी नमस्कार मुद्रामा रहेको छ ।

दोस्रोमा रहेको देवतालाई फिका हरियो वर्ण र रातो प्रभामण्डलमा देखाइएको छ । यिनले पनि कानमा गोलो कुण्डल, पाखुरामा रत्नजडित केयूर, गलामा सुनको हार, नाइटोसम्म आउने सुन र मोतीको माला र रत्नजडित आर्कषक मुकुट लगाएको छ र यिनी पनि नमस्कार मुद्रामा रहेको छ ।

बीचको पंक्तिमा चारजना देवताहरु रहेका छन् । पहिलो चित्रमा रातो प्रभामण्डल र पहेंलो वर्ण भएको ब्रह्माको चित्र रहेको छ । दाह्री र जुँगासहित देखाइएको यो चित्रमा ब्रह्माले कानमा गोलो कुण्डल, गलामा सुनको हार र मोतीको माला लगाएका छन् । रत्नजडित आर्कषक सुनौलो मुकुट पहिरिएको छ । यिनले हरियो धोती लगाएको छ भने नमस्कार मुद्रामा रहेको छ ।

दोस्रोमा रहेको चित्र शिवको हो । यिनलाई सेतो वर्ण र फिका नीलो प्रभामण्डलमा देखाइएको छ । कानमा रत्नजडित सुनको गोलो कुण्डल, नाडीमा सुनकै बाला, गलामा सुनको माला र रातो माला लगाएका छन् । विभिन्न रत्नजडित आर्कषक खालको मुकुट लगाएको छ । यिनी पनि नमस्कार मुद्रामा रहेको छ ।

तेस्रोमा रहेको देवतालाई सेतो वर्ण र रातो वर्णमा देखाइएको छ । विभिन्न रत्नजडित प्वाँखयुक्त सुनौलो मुकुट लगाएको छ भने नागको फणाले शिरमा संरक्षण प्रदान गरेको छ । कानमा गोलो सुनौलो कुण्डल, नाडीमा सुनको बाला, गलामा विभिन्न रत्नजडित सुनको हार र नाइटोसम्म आउने सुनको लामो हार लगाएका छन् । साथै यिनी पनि नमस्कार मुद्रामा देखाइएको छ ।

चौंथोमा देखाइएको देवताको गाढा नीलो प्रभामण्डल र रातो वर्ण रहेको छ । रत्नजडित सुनको मुकुट, कानमा गोलो कुण्डल, नाडीमा बाला र गलामा सुनको माला र मोतीको माला लगाएका छन् । यिनी पनि नमस्कार मुद्रामा रहेको छ ।

तेस्रो पंक्तिमा पनि चारजना देवताहरु रहेका छन् । पहिलोमा रहेको देवतालाई नीलो प्रभामण्डल र रातो वर्णमा देखाइएको छ । चोसो परेको सुनौलो मुकुट लगाएको यी देवताको कानमा रत्नजडित गोलो कुण्डल, नाडीमा सुनको बाला, पाखुरामा रत्नजडित केयूर र गलामा सुनको हार, अर्को अलि लामो सुनको माला र घुँडासम्म आएको मोतीको माला लगाएका छन् । पहेंलो रंगको धोती लगाएको छ भने यिनी पनि नमस्कार मुद्रामा रहेको छ ।

दोस्रोमा देखाइएको देवताको वर्ण रातो र एकदमै फीका हरियो रंगको प्रभामण्डलमा देखाइएको छ । विभिन्न रत्नजडित प्वाँखयुक्त आर्कषक मुकुट, कानमा गोलो कुण्डल, गलामा नाइटोसम्म आउने सुनको माला र घुँडासम्म आउने मोतीको माला लगाएका छन् । यिनले लगाएको धोती फिका हरियो रंगको रहेको छ भने यिनलाई पनि नमस्कार मुद्रामा देखाइएको छ ।

तेस्रो चित्रमा रहेको देवताको वर्ण गाढा नीलो र रातो रंगको प्रभामण्डल रहेको छ । प्वाँखयुक्त रत्नजडित सुनौलो मुकुट, कानमा गोलो कुण्डल, गलामा

नाइटोसम्म आउने सुनको माला र घुँडासम्म आउने मोतीको माला लगाएका छन् । यिनले गुलाबी रंगको धोती लगाएको छ भने नमस्कार मुद्रामा रहेको छ ।

चौथौं चित्रमा रहेको देवतालाई पहेंलो वर्ण र गुलाबी रंगको प्रभामण्डलमा देखाइएको छ । कानमा गोलो कुण्डल, गलामा सुनको हार, नाइटोसम्म आउने अर्को सुनको हार र घुँडासम्म आउने मोतीको माला र आर्कषक खालको टोपी लगाएको छ । यिनले रातो रंगको धोती लगाएको छ भने नमस्कार मुद्रामा रहेको छ ।

### ३.२.२ दोस्रो भागका भित्तेचित्रहरु

दोस्रो भागमा रहेका चित्रहरुमा Full Size का ६ वटा ठूल्ठूला देवीदेवताका चित्रहरु रहेका छन् जुन १६ फुट १० ईन्च लम्बाई र ७ फुट ७ ईन्च चौडाईमा कोरिएका छन् । यी देवीदेवताका चित्रहरुमा ब्रम्हा, विष्णु, महेश्वर, गणेश, कुमार र कालीको रहेका छन् । यी चित्रहरुलाई क्रमशः विस्तृत रुपमा व्याख्या गरिन्छ ।

#### क) गणेश

यस कोठामा शिव र पार्वतीको पुत्र गणेशको ठूलो चित्र रहेको छ। यो चित्र

४ फीट २ इन्च लम्बाई र ३ फीट १ चौडाईमा कोरिएको छ । चोसो परेको नीलो रंगको पृष्ठभूमिमा कोरिएको यो गणेशको वर्ण सेतो रहेको छ । चारवटा हात भएकोमा दाँयातर्फको माथिल्लो हातले अक्षमाला, तलपट्टि मूला लिएको छ भने बाँयातर्फको माथिल्लो हातले  परशु र तलपट्टि हातमा सेतो लड्डु लिएको अवस्थामा

देखाइएको छ । सुनौलो घेरायुक्त नीलो रंगको प्रभामण्डल भएको गणेशको निधारमा आधा मात्र देखिने नेत्र, शिरमा विभिन्न रत्नहरुजडित प्वाँखयुक्त आर्कषक सुनौलो मुकुट पहिरिएका छन् । गणेश विभिन्न गरगहनाबाट सुशोभित भएका छन् । जसअनुसार गलामा तीन थरिका माला लगाएका छन् । सुरुमा चन्द्रमा आकारको सुनको हार, दोस्रोमा विभिन्न रत्नहरुजडित हरियो माला र अर्कोमा विभिन्न रत्नहरुजडित मोतीको मालामा लगाएका छन् । यो बाहेक नाइटोसम्म आउने सर्पको माला पनि लगाएका छन् । त्यस्तै गलादेखि खुट्टासम्म आउने गरि सेतो फूलको माला पनि लगाएको छन् । चारवटा हातमा दुई - दुई जोर सुनको बाला, पाउमा दुई जोर सुनको कल्ली र पाखुरामा विभिन्न रत्नजडित दुई जोर सुनौलो आर्कषक केयूर र पाउमा सुनकै पाउजू लगाएका छन् । यिनी हरियो बुट्टायुक्त घेरा भएको रातो रंगको धोतीमा सजिएका छन् । साथै पहेंलो रंगको घेरा भएको हरियो रंगको पछ्यौरा पनि ओढेको छ । जुन पछाडिबाट ओढेर खुट्टासम्म आएको देखाइएको छ । यिनले बाँया खुट्टा आफ्नो वाहन मुसामाथि राखेको छ । वाहन भने बाँयातिर फर्केर बसेको छ । तलतिर पत्रहरु फर्केको एकोहोरो पद्मपीठमाथि यिनलाई देखाइएको छ ।

**ख) ब्रह्मा**

यो चित्रको लम्बाई ४ फीट २ ईन्च र चौडाई ३ फीट १ ईन्च रहेको छ । नीलो रंगको चोसो परेको पृष्ठभूमिमा यो चित्र कोरिएको छ । पहेंलो घेरायुक्त बीचमा ठूल्ठूलो नीलो थोप्ला भएको खैरो रंगको प्रभामण्डल भएको ब्रह्माको चारवटा शिरहरु रहेका छन् । हरेक शिरमा आर्कषक मुकुट पहिरिएका छन् । जसमा प्वाँखयुक्त तीन

तीनवटा रत्नहरुजडित छन् । प्रत्येक अनुहारमा एक एक वटा आँखा, दाह्री र जुँगा देखाइएको छ । चारवटा हातहरु भएकोमा दाँयातर्फको माथिल्लो हातमा अक्षमाला,

तलपट्टिको हातमा विभूत र बाँयातर्फको माथिल्लो हातमा पुस्तक र तलपट्टिको हातमा कमन्डलु समातेको छ। यिनलाई पहेंलो वर्णमा देखाइएको छ। चारवटा शिर भएतापनि यिनको एउटै मात्र कान रहेको छ । कानमा रत्नजडित गोलो कुण्डल, प्रत्येक नाडीमा दुई जोर सुनको बाला, पाखुरामा पनि दुई जोर रत्नअंकित केयूर, पाउमा दुई जोर कल्ली र सुनको पाउजूबाट यिनी सुशोभित भएका छन् । गलामा लहरै चार थरिका गहनाहरु लगाएका छन् । जसमा पहिलोमा रत्नजडित सुनको हार, दोस्रोमा सुनको माला, तेस्रोमा रत्नजडित अर्को माला र चौथोमा रत्नअंकित मोतीको माला रहेका छन् । त्यस्तै गरेर घाँटीदेखि पाउसम्म आएको सेतो फूलको माला पनि लगाएका छन् । यिनले हरियो बुट्टा भएको आर्कषक रातो रंगको धोती लगाउनुका साथै सुनौलो घेरायुक्त खैरो रंगको पछ्यौरा ओढेका छन् । यिनले आफ्नो बाँया खुट्टा आफ्नो वाहन हाँसको जीउमाथि राखेको छ । वाहनलाई सेतो रंगमा देखाइएको छ भने वाहन बाँयातिर फर्केर बसेको छ। तलपट्टि फर्केको एकोहोरो पद्मपीठ ब्रह्मालाई देखाइएको छ।

**ग) शिव**

शिवलाई ४ फीट २ ईन्च लम्बाईमा र ३ फीट १ ईन्च चौडाईमा देखाइएको छ। जसको वर्ण सेतो रहेको छ। चोसो परेको नीलो पृष्ठभूमिमा कोरिएको शिवको यो चित्रमा पहेंलो घेरा भएको रातो प्रभावलीमा देखाइएको छ । यिनको चारवटा हातहरु रहेका छन् । जसमा दाँयातर्फको माथिल्लो हातमा डमरु र तलपट्टि विभूत समातेको छ भने बाँयातर्फको माथिल्लो हातमा नागसहितको त्रिशुल र तलपट्टि कमन्डलु समातेको छ। यिनले विभिन्न रत्नजडित फूलयुक्त सुनौलो मुकुट पहिरिएको छ। शिरमा चन्द्रमा समेत रहेको शिवले कानमा सर्प कुण्डल, चारवटै नाडीमा

सुनको, सर्पको र रत्नजडित सुनको बाला लगाएका छन् भने दुईवटा पाखुरामा रत्नजडित र सर्प कुण्डल लगाएका छन् । घाँटीमा पाँचथरिको गरगहनाहरु लगाएका छन् । जसअनुसार पहिलोमा सुनको हार, दोस्रोमा माणिक्य रत्नको माला, तेस्रोमा रत्नअंकित मोतीको माला, चौथौमा नाइटोसम्म आएको रत्नअंकित मोतीको माला र पाँचौमा सर्पको माला लगाएका छन् । साथै घाँटीदेखि पाउसम्म आएको नरमुण्डको माला पनि पहिरिएको छ । पाउमा सर्पको कल्ली र सुनको पाउजू लगाएको छ । यिनले नीलो र पहेंलो रंगको घेरा भएको रातो धोती लगाउनुका साथै त्यसको माथि नै बाघको छाला बेरेको छ । साथै सुनौलो घेरा भएको हरियो पछ्यौरा पनि ओढेको छ । यिनले दाँयापट्टि फर्केर बसेको साँढेमाथि आफ्नो दाँया खुट्टा राखेको छ । यो चित्रलाई तलपट्टि पत्रहरु फर्केको एकोहोरो पद्मपीठमा देखाइएको छ ।

### घ) विष्णु

यो चित्रको लम्बाई ४ फीट २ ईन्च र चौडाई ३ फीट १ ईन्च रहेको छ । यसको पृष्ठभूमि पनि नीलो रंगमा नै रहेको छ । विष्णुलाई हरियो वर्णमा देखाइएको छ । सुनौलो घेरायुक्त खैरो प्रभामण्डल भएको यो चित्रमा विष्णुले विभिन्न रत्नजडित प्वाँखयुक्त आर्कषक सुनौलो मुकुट पहिरिएको छ । यिनले लगाएको गरगहनाहरु ब्रह्माले लगाए अनुरुप रहेको छ । यिनले घाँटीदेखि खुट्टासम्म आएको लामो सेतो रंगको फूलको माला पनि लगाएको छ । चारवटा हातहरु भएकोमा दाँयातर्फको माथिल्लो हातमा चक्र र तलपट्टिको हातमा कमलको फूल समातेको छ भने बाँयातर्फको माथिल्लो हातमा गदा र तलपट्टिको हातमा शंख समातेको छ । यिनले रातो बुट्टायुक्त पहेंलो रंगको आर्कषक मुजा भएको धोतीका साथै सुनौलो घेरा भएको

खैरो रंगको पछ्यौरा पनि ओढेको छ । यिनलाई तलपट्टि पत्रहरु फर्केको एकोहोरो पद्मपीठमा देखाइएको छ ।

विष्णुले दाँया खुट्टा आफ्नो वाहन गरुडमाथि राखेको छ । गरुडलाई रातो वर्ण र नीलो पखेटामा देखाइएको छ भने यिनले पनि विष्णुको नाडी, पाखुरा र गलामा भएको जस्तो सुनको बाला, केयूर र हार लगाएको छ । यिनी दाँया फर्केर बसेको छ ।

**ङ) कुमार**

नीलो चोसो परेको पृष्ठभूमिमा कुमारको चित्र रहेको छ । यो चित्रलाई लम्बाई ४ फीट २ ईन्च र ३ फीट १ ईन्च चौडाईमा कोरिएको छ । रातो रंगको वर्ण भएको कुमारको पहेंलो घेरायुक्त नीलो रंगको गोलो प्रभावली रहेको छ । चारवटा हातहरु भएकोमा दाँयातर्फको माथिल्लो हातमा अक्षमाला, तल्लोपट्टिको हातमा विभूत र बाँयातर्फको माथिल्लो हातमा भाला र तल्लो पट्टिको हातमा कमन्डलु समातेको छ । विभिन्न रत्नजडित प्वाँखयुक्त सुनौलो मुकुट पहिरिएका कुमारले कानमा रत्नजडित गोलो कुण्डल, चारैवटा नाडीमा दुई - दुई जोर सुनको बाला, पाखुरामा रत्नजडित केयूर र पाउमा दुई - दुई जोर सुनको कल्ली लगाएका छन् । गलामा तीनवटा विभिन्न किसिमका गहनाहरुबाट विभूषति भएका छन् । जस्तै पहिलोमा चन्द्रमा आकारको सुनको हार, दोस्रोमा हरियो रत्नजडित अलि लामो माला, तेस्रोमा नाइटोसम्म आएको रत्नजडित मोतीको माला रहेको छ । त्यस्तै गलादेखि खुट्टासम्म आएको सेतो रंगको फूलको माला पनि लगाएको छ । पहेंलो रंगको घेरायुक्त हरियो रंगको धोती र पछ्यौरा ओढेका छन् । यिनले दाँया खुट्टा आफ्नो वाहन मयूरको जीउमाथि राखेको छ भने बाँया खुट्टा मयुरको प्वाँखमाथि राखेको छ । मयुर भने

दाँयातिर फर्केर बसेको छ । यिनलाई पनि तलपट्टि पत्रहरु फर्केको एकोहोरो पद्मपीठमा देखाइएको छ ।

### च) काली

यो चित्रको लम्बाई ४ फीट २ ईन्च र चौडाई ३ फीट १ ईन्च रहेको छ । जसको पृष्ठभूमि रातो रहेको छ । गाढा हरियो रंगको घेरायुक्त फिका हरियो प्रभामण्डलमा देखाइएको यी कालीको वर्ण नीलो रहेको छ । चारवटा हातहरु भएकोमा दाँयातर्फको माथिल्लो हात अभय मुद्रामा र तलपट्टिको हात वरद मुद्रामा रहेको छ भने बाँयातर्फको माथिल्लो हातमा तरबार र तलपट्टिको हातमा नरमुण्ड समातेकी छिन् । निधारमा समेत नेत्र भएकी यी देवीको शिरमा नरमुण्ड र चन्द्रमा समेत रहेको छ । देवीको कपाल जमिनसम्म छोएको देखाइएको छ । जिब्रो बाहिर निकालेकी देवीको दुवै कानको माथिको भागमा वाण छिऱ्याएको अवस्थामा देखाइएको छ भने कानको तलपट्टि मानवाकृतिको लासलाई कुण्डलको रुपमा प्रयोग गरिएको छ । चारवटै हातहरुमा सुनको साधारण बाला, पाखुरामा रत्नजडित केयूर लगाएकी छिन् । यिनले घाँटीमा पाँच प्रकारका मालाहरु लगाएकी छिन् । सुरुमा विभिन्न रत्नहरुजडित सुनको हार, दोस्रोमा पाँचवटा रत्नअंकित मोतीको माला, तेस्रोमा नाइटोसम्म आएको सुनौलो नागको माला, चौथौमा घुँडासम्म आएको सानो खालको मोतीको माला र अन्तिममा पिडौलासम्म आएको लामो नरमुण्ड माला लगाएकी छिन् । साथै पाउमा पनि सुनको कल्ली लगाएकी छिन् । त्यस्तै यिनले कम्मरमा मानवको हातहरु झण्डाएर त्यसलाई वस्त्रको रुपमा प्रयोग गरेकी छिन् । यिनले शिवलाई कुल्चिरहेको अवस्थामा देखाइएको छ भने शिवको नजिकै अर्को लास पनि शिव जस्तै उतानो परेर सुतिरहेको छ ।

यो चित्रमा कालीले शिवलाई कुल्चिरहेको अवस्थामा देखाइएको छ । सुनौलो घेरायुक्त रातो प्रभामण्डलमा रहेको यी शिवको वर्ण सेतो रहेको छ । यिनले विभिन्न रत्नजडित फूलसहितको आर्कषक सुनौलो मुकुट पनि पहिरिएको छ । कानमा सर्प कुण्डल, चारै नाडीमा सुनको र माणिक्य रत्नको बाला, पाखुरामा माणिक्य रत्नको केयूर लगाएका छन् । चारवटा हातहरु रहेकोमा दाँयातर्फको माथिल्लो हात अभय

मुद्रा, तलपट्टिको हातमा डमरु समातेको छ भने बाँया हाततर्फको माथिल्लो हातमा त्रिशुल र तलपट्टिको हातमा कमन्डलु समातेको छ । यिनले घाँटीमा विभिन्न रत्नहरुजडित सुनको हार, माणिक्यको माला र सर्पको माला लगाएका छन् । साथै घाँटीदेखि घुँडासम्म आएको नरमुण्डको माला पनि धारण गरेको छ । पाउमा सुनको र सर्पको कल्लीको साथै पाउजू पनि लगाएको छ भने कम्मरमा बाघको छाला बेरेको छ ।

शिवको दाहिनेतिर नग्न अवस्थामा एउटा लास पनि रहेको छ । यसलाई कालीको वाहनको रुपमा देखाइएको छ । यसको अलावा यिनीहरुको वरिपरि स्याल, मानवका लासका टुक्राहरु यत्रतत्र छरिएर रहेका छन् ।

### छ) कृष्ण तथा गोपिनी

हाल कृष्णले बजाउँदै गरेको बाँसुरी र गोपिनीको चित्र मात्र देखिन्छ । कृष्णको चित्र भने पूरै देख्न सकिँदैन । यी चित्रहरुलाई बंसी (Wood Partition) मा प्लास्टर गरि त्यसमाथि बनाइएको छ । तर यो भित्ता भत्किएको हुनाले केवल ५ फीट २ ईन्च लम्बाई र १ फीट २ ईन्च चौडाईसम्मका मात्र चित्रहरु उपलब्ध भएका छन् । श्यामसुन्दर राजवंशीका अनुसार तीन चार वर्ष अघिसम्म मात्र यहाँ कृष्णको पूरै चित्र रहेको थियो । ठेकेदारले कुनै सल्लाह नै नगरि यो चित्र कोरिएको बंसीको काठ

निकाल्दा यहाँका पूरै चित्रहरु भत्कन पुग्यो । फलस्वरुप हाल कृष्णले बाँसुरी बजाउँदै गरेको हात र एउटी राम्री गोपिनी मात्र चित्र देखिन्छ । तरपनि जति प्राप्त भएका छन्, तिनलाई यसप्रकार व्याख्या गर्न सकिन्छ ।

कृष्णलाई नीलो वर्णमा देखाइएको छ । गाढा हरियो घेरायुक्त रातो प्रभामण्डल भएको यो चित्रमा कृष्णले दाँया हातमा पहेंलो रंगको बासुरी बजाँउदै गरेको छ । नाडीमा दुई जोरको सुनौलो बाला र पाखुरामा पनि दुई जोरको सुनौलो केयूर लगाएका छन् । यिनले पछ्यौरा पनि ओढेको हुनुपर्दछ । जसको तलको भाग मात्र देख्न सकिन्छ । यिनले पहेंलो, रातो र खरानी रंगको घेरा भएको कलेजी रंगको मुजा परेको पछ्यौरा ओढेको छ । यसरी माथि उल्लेख गरेबाहेक कृष्णको अरु केहि पनि देखिन्न । कृष्णको पछाडि भएको रुखमा मयूर, बक्कुला, डाँफे जस्ता विभिन्न चराचुरुङ्गीहरु रहेका छन् ।

कृष्णको दाँयापट्टि हातमा चमर लिएकी सेतो वर्णकी गोपिनी पनि साथमा रहेकी छिन् । यिनले दाँया हातमा चमर र बाँया हातमा मख्खन कृष्णलाई दिंदै गरेकी छिन् । शिरमा सुनौलो शिरबन्दी लगाएकी छिन् भने कानमा गोलो सुनौलो झुम्काका साथमा स-साना सुनको टप लगाएकी छ । घाँटीमा रत्नजडित माला र अर्को मोतीको मालाबाट विभूषित भएकी छिन् । नाडीमा तीन-तीन जोर रत्नजडित सुनको बालाका साथै सुनकै अर्को बाला र पाखुरामा सुनको नै केयूर लगाएकी छिन् । वस्त्रपरिधानमा भन्नुपर्दा शरीरको माथिल्लो भागमा खैरो रंगको चोलो र तलपट्टि बुट्टेदार सुनौलो घेरायुक्त नीलो र रातो रंग भएको लहेंगा लगाएकी छिन् । पाउमा सुनको पाउजू लगाएकी  यिनले थोप्लायुक्त सेतो पारदर्शी पछ्यौरा ओढेकी छिन् । यी दुवैलाई तलपट्टि फर्केको पत्रपत्र भएको एकोहोरो पद्मपीठमा देखाइएको छ ।

यसरी पहिलो भागका भित्तेचित्रहरु मार्कण्डेय पुराणमा आधारित भएर बनाइएका छन् भने दोस्रो भागका चित्रहरु धार्मिक भावनाले प्रेरित भएर बनाइएका देखिन्छन् । कलाकारले यी चित्रहरुलाई उत्कृष्ट बनाउन सानोभन्दा सानो कुरामा बढि ध्यान दिएको पाईन्छ । यी भित्तेचित्रहरुले नेपाली धार्मिक विषयका चित्रहरुमा पर्याप्त रुपमा महत्वपूर्ण स्थान राखेका छन् । तसर्थ नेपाली कलाको क्षेत्रमा यी भितेचित्रहरुको आफ्नो छुट्टै पहिचान रहेको छ ।

❖

**अध्याय चार**

# नेपाली भित्तेचित्र निर्माण गर्ने प्रविधि

चित्रकलाको इतिहासमा भित्तेचित्रको आफ्नो छुट्टै महत्व रहेको छ । नेपालमा जतिपनि भित्तेचित्रहरु प्राप्त भएका छन् ती सबै पौराणिक तथा धार्मिक ग्रन्थहरुसँग सम्बन्धित रहेका छन् । जुन ज्यादै नै उत्कृष्ट रहेका छन् । यस्ता उत्कृष्ट कलाका नमुनाहरुलाई तत्कालिन चित्रकारहरुले कसरी निर्माण गर्दथे, त्यो बुझ्नु जरुरी छ । तसर्थ यस्ता भित्तेचित्र निर्माण गर्दा के कस्ता प्रविधिहरु अपनाइन्थ्यो यसबारेमा तलका पंक्तिहरुमा चर्चा गरिन्छ ।

## क) भित्ताको तयारी

भित्तेचित्रहरु बनाउँदा सर्वप्रथम राम्रो भित्ताको चयन गर्नुपर्छ । भित्तालाई राम्रो र टिकाउ बनाउनु छ भने त्यसमा लगाइने प्लास्टर पनि बलियो हुनु आवश्यक छ । यस सम्बन्धमा विष्णुधर्मोत्तर पुराणमा चित्र लेख्ने भित्तामा लगाइने प्लास्टरलाई कसरी बनाउनुपर्छ भन्ने बारेमा उल्लेख गरिएको छ । जसअनुसार तीन भागको ईट पाउडरमा एक भाग माटो मिसाउनु पर्छ । त्यसपछि त्यसमा केशर, गुग्गल, सक्खर, मह र तेल राखेर राम्ररी चलाउनु पर्दछ । अनि तीन भागको एक भाग बलेको चूनको पाउडर त्यसमा मिसाउनु पर्छ । सबैलाई खलमा राखेर आवश्यकता अनुसार बालुवा र पानी हालेर राम्ररी मुछ्नुपर्दछ । यसरी तयार भएको प्लास्टर कम्तिमा पनि एक महिना राख्नुपर्छ । एक महिनापछि कलाकारले सावधानीपूर्वक त्यसलाई भित्तामा लगाउनु पर्छ । यसरी लगाएको प्लास्टरलाई न मोटो न पातलो गरि अर्थात् समान तरिकाले लगाउनु पर्दछ । अनि त्यसमा दूधको छिर्का वा पालिस गरेर चिल्लो

बनाईन्छ। यो प्रक्रियालाई अपनाएको खण्डमा भित्तेचित्रहरु सयौं वर्षसम्म टिक्ने गर्दछ । (परिशिष्ट ग )

भित्तेचित्रहरुलाई विशेष गरि दुई प्रविधिबाट निर्माण गरिएको पाईन्छ। पहिलो फ्रेस्को र अर्को टेम्परा प्रविधि। नेपालमा जति पनि भित्तेचित्रहरु प्राप्त भएका छन्, ती सबै टेम्परा प्रविधिबाट निर्माण भएका छन्। फ्रेस्को प्रविधिबाट निर्माण भएका भित्तेचित्रहरु नेपालमा प्राप्त भएको छैन। (यादव,२०५७:२१) चित्र लेख्दा सुरुमा राम्रो भित्ताको छनौट गरिन्छ। चिसो हुने ठाँउमा कहिल्यै पनि चित्रहरु बनाइँदैन। किनभने त्यहाँ चित्र बनाउँदा ढुसी लागि पत्र-पत्र उप्कने गर्दछ। यसको अलावा भित्ताको लेवल मिल्नु पनि ज्यादै महत्वपूर्ण मानिन्छ। लेवल नमिलेको ठाँउमा चित्रहरु आर्कषक देखिंदैन। साथै घामपानी लाग्ने ठाँउमा पनि कहिले चित्र बनाउनु हुँदैन। यसरी घामपानी नआउने ठाँउमा, ओस नलागेको र सतह मिलेको भित्ता चयन गर्ने गरिन्छ। भित्ताको चयन भएपछि भित्तामा लिउन लगाउने काम गरिन्छ। यस्तो लिउन विशेष गरि पाँगो माटो, गोबर, भूस, पटुवा, भाङ्ग मिसाएर बनाउने गरिन्छ। लिउन सुकेपछि सेतो चूनलाई सरेससँग मिसाएर पातलो गरि लेप लगाउने गरिन्छ। त्यो सुकेपछि त्यसलाई चिप्लो पदार्थले घोटेर चिल्लो बनाई लेख्न हुने बनाएपछि भित्तेचित्र लेख्ने काम सुरु हुन्छ। (वाङ्गदेल, २०३४:६४) यसलाई नै टेम्परा प्रविधि भनिन्छ।

फ्रेस्को प्रविधिमा जे चित्र भित्तामा लेख्नुपर्ने हो त्यो पहिले कागजमा खस्रो चित्र तयार पारिन्थ्यो र त्यहि नक्सा बमोजिम सेतो प्लाष्टर लगाएको भित्तामा चिसो चिसो छँदै चित्र बनाइन्छ। त्यसो गर्दा जम्मै भित्तामा एकैचोटी चित्र लेखेर सिध्याउन सम्भव हुँदैनथ्यो। तसर्थ जति भ्याइन्छ त्यत्ति नै प्लास्टर लगाउने काम गरिन्छ। अर्को पटक फेरि फ्रेस्को लेख्दा उही पुरानो प्लास्टरमा जोडेर नयाँ प्लास्टर लगाईकन फ्रेस्को लेख्ने काम हुन्छ। (वाङ्गदेल, २०३४:६५)

यसरी दुईवटा प्रविधिबाट भित्ताको निर्माण गरि भित्तेचित्रहरु बनाउने गरिन्छ । नेपालमा भने टेम्परा प्रविधिबाट निर्माण भएका भित्तेचित्रहरु मात्र प्राप्त भएकाले

तत्कालिन समयमा यो प्रविधिले प्रसिद्धि पाएको थियो भन्नुमा अत्युक्ति नहोला ।

## ख) धार्मिक अनुष्ठान

पहिले-पहिले कुनै पनि चित्रहरु बनाउँदा सर्वप्रथम धार्मिक विधि विधानहरु सम्पन्न गरिन्थ्यो । जुन परम्परा हालसम्म पनि हाम्रो समाजमा विद्यमान रहेको छ । यसरी सम्पन्न गर्दा गण्यमान्य व्यक्तिहरुको समक्ष चित्रकारको हस्तपूजा गरिन्छ । यसबाट कलाकारको हौसला बढ्ने र सन्तुष्ट मनले दत्तचित्त भई उत्कृष्ट रचनाहरुको निर्माण हुने विश्वास गरिन्छ । यस कुरालाई प्राप्त भएका कलाकृतिहरुले नै प्रमाणित गर्दछ । यो विधि सम्पन्न भएपछि चित्रकारले आफ्नो बुद्धि विवेकले भ्याएसम्म चित्रहरुको निर्माण गर्ने गर्दछ । र तान्त्रिक आचार्यहरुको रोहवरमा नै प्रतिमालक्षण अनुसार देवीदेवताहरुको मुद्रा, हावभाव आदिको रेखाङ्कन गर्ने कार्य पनि प्रारम्भ हुन्छ । (बज्राचार्य, २०२६:२३)

## ग) रेखाङ्कन

चित्रहरु निर्माण गर्दा रेखाङ्कन गर्नु ज्यादै नै जरुरी छ । रेखाङ्कन गरिएन भने चित्रहरु राम्रो देखिंदैन । भित्ताको छनौट भएपछि र धार्मिक अनुष्ठान भइसकेपछि प्रतिमालक्षणका आधारमा चित्रांकन गर्ने देवीदेवताहरुलाई कहाँ र कुन अनुपातमा राख्ने भन्ने निश्चित भएपछि रेखाङ्कन गर्ने कार्य सुरु हुन्छ । प्राचीन समयदेखि हालसम्म पनि रेखाङ्कन गर्दा गोल (चारकोल) को प्रयोग गरिएको देखिन्छ । यसको

मुख्य कारण भित्तेचित्र धेरैजसो ठूलो नापमा हुने भएकोले गोलको प्रयोग गरिएको हो । यसको प्रयोगले नमिलेका रेखाहरुलाई पनि छिटो मेट्न सजिलो हुन्छ । यसरी गोलले गरिएका सबै रेखाङ्कनहरुको कार्य सकेपछि ती रेखाहरुलाई कपडाले टक्टक्याइन्छ । र त्यसलाई हातले छुँदा पनि नमेटिने गर्नको लागि कालो रंगद्वारा ब्रुशले उतारिन्छ । (चित्रकार, २०३४:६)

त्यस्तै देवीदेवताहरुले लगाएका गहनाहरु, आयुध, मुकुट, आसन आदि सबै रेखाद्वारा स्पष्ट पार्ने गरिन्थ्यो । यत्ति मात्र नभएर देवीदेवताको हाँसो, क्रोध, रोदन सबै भावहरु पनि चित्रकारले रेखाङ्कनद्वारा नै छुट्याएको पाईन्छ । यसरी सूक्ष्म तरिकाले रेखाङ्कन गरि चित्रलाई सजीवता प्रदान गर्न चित्रकार सफल भएको देखिन्छ ।

## घ) रङ्ग बनाउने विधि

चित्र बनाउनको लागि रङ्गको पनि ज्यादै महत्वपूर्ण भूमिका रहेको हुन्छ । रङ्गद्वारा नै चित्रहरु आर्कषक हुने गर्दछ । तत्कालिन समयमा नेपाली कलाकारहरुले आफैंले रङ्ग बनाउने गर्दथे । विशेष गरि हरितालबाट पहेंलो बासन्ती रङ्ग, हिङ्गुलबाट रातो सिम्रिक रङ्ग, चुनबाट सेतो रङ्ग, अङ्गारबाट कालो रङ्ग र तीलवृक्ष विशेषको फलबाट नीलो रङ्ग बनाउने गर्दथे । साथै गेरु, सपेदा, कमेरो, सीसा र रातो माटो आदि खनिज द्रव्यहरुको शुद्ध प्रयोग र रासायनिक प्रयोगबाट अनेक रातो, सेतो, कालो आदि रङ्गहरु बनाँउथ्यो । त्यस्तै लाहा, काफल, अमला आदिबाट पनि रातो, कालो जस्ता पक्का रङ्गहरु बनाउँथ्यो । चुनबाट सेतो रङ्ग बनाउँदा तीव्र आगोको तापमा आठ, दश पटक चुनलाई भस्म गरेर सेतो फूलको ऱ्यालसँग फिटेर ज्यादै मिहिनेत गरि घोट्नु आवश्यक छ । त्यसपछि घाममा सुकाइन्छ । सुकेपछि फेरि फूलको ऱ्यालमा मिलाएर खल गर्दै जाने र घाममा फेरि सुकाउनु पर्छ । यसप्रकार आठ, दश पटकसम्म यहि प्रक्रिया गर्दा त्यो सेतो चुनको रङ्ग तेल रङ्ग जस्तै टल्कने र हत्तपत्त

पानीले नछुने खालको हुन जान्छ । त्यस्तै अन्य खनिज र रासायनिक रातो, पहेंलो आदि रङ्गहरु पनि यस्तै प्रक्रियाबाट नै बनाइन्छ । तर वनस्पति रङ्गहरुमा भने ज्याल राख्नु जरुरी छैन । रङ्गमा स्थायीपन ल्याउन थोरै मात्रा गुँद जस्ता लस्सादार पदार्थहरुको समिश्रण गरिन्छ । (बज्राचार्य, २०२६:२४-२५) यसको उदाहरणको रुपमा बसन्तपुरको कुमारीघरको भित्तेचित्रहरुलाई लिन सकिन्छ । (दाहाल, २०३५:५२)

नेपाली कलाकारहरुले खनिज तथा वनस्पतिबाट बनेका रङ्गहरुलाई नै बढि प्रयोगमा ल्याइएको पाइन्छ । नीलो रङ्ग बनाउन अजुराइत ढुंगालाई राम्ररी पिंधेर मिहिन गराई छान्ने गरिन्छ र त्यसमा सरेश मिसाएर नीलो रङ्ग बनाईन्छ । साथै लापिस लाजुसी ढुंगाको प्रयोग गरेर पनि नीलो रङ्ग बनाईन्छ । (शाक्य, २०३३:२४) त्यस्तै हरियो रङ्ग बनाउन मालाकाइट ढुंगालाई मिहिन गराई छानेर त्यसमा सरेश मिसाएर बनाईन्छ । (शाक्य, २०३३:२७) हड्डी र जिंक अक्साइडको रुपमा सेतो रङ्गको प्रयोग हुन्थ्यो । सेतो रङ्ग बनाउनको लागि विभिन्न जनावरहरुको हड्डीलाई चर्को आगोमा बाल्ने गरिन्छ । यसरी हड्डीको खरानीलाई ग्लूको प्रयोग गरि सेतो रङ्ग बनाइन्थ्यो । त्यस्तै केशरको फूलको भित्री भागबाट पहेंलो रङ्ग बनाउने गरिन्छ । आइरन अक्साइडको प्रयोगले रातो रङ्ग बनाउने परम्परा पनि रहेको छ । तर नेपाली चित्रकारहरुले भने प्राकृतिक रुपमा प्राप्त खनिज तथा वनस्पतिबाट बनेका रङ्गहरु ज्यादा प्रयोगमा ल्याउँदथे । (मैनाली, २००९:३१-३२)

**ङ) रङ्गको प्रयोग**

चित्रमा रेखाङ्कन गरिसकेपछि रङ्ग भर्ने कार्य सुरु हुन्छ । रङ्ग भर्दा सबै देवीदेवताको लक्षण अनुसार रङ्गको प्रयोग गरिएको हुन्छ । सुरुमा चित्रको पृष्ठभूमिमा रङ्ग लगाइन्छ । त्यसपछि हिमाल, पहाड, रुख, बुट्टा आदिमा रङ्ग भर्ने गरिन्छ ।

त्यसपछि विस्तारै विस्तारै सहायक देवीदेवताको रङ्ग भर्ने काम हुन्छ । अन्त्यमा मुख्य देवीदेवताको चित्रमा रङ्ग भरिन्छ । कुनै कुनै भित्तेचित्रहरुमा छाँया दिने कार्य समेत भएको पाईन्छ । अर्थात् जुन आकृतिमा छाँया दिने हो सोही रङ्गको गाढा रङ्गको प्रयोग गरिएको हुन्छ । त्यस्तै सामान्य अनुहार बनाँउदा कालो र नीलो, क्रोध बनाउनु पर्‍यो भने रातो रङ्ग, अद्‌भुव भाव देखाउन पहेंलो रङ्ग, अज्ञान वा भय देखाउन कालो रङ्ग र शान्त देखाउन सेतो रङ्गको प्रयोग हुने गरेको पाईन्छ । साथै गहनाहरु बनाउनु परेमा सेतो थोप्ला र सुवर्ण विशेष बनाउन पहेंलो रङ्गको प्रयोग भएको पाईन्छ । (दाहाल, २०३५:५०)

यसरी माथि उल्लेख गरिएका बुँदाहरुलाई तत्कालिन कलाकारहरुले पूर्णरुपमा ध्यान दिई भित्तेचित्रहरु निर्माण गरेका देखिन्छन् । जसको फलस्वरुप उत्कृष्ट भित्तेचित्रहरु बन्न पुगे । उदाहरणको रुपमा भक्तपुरको पचपन्ने झ्याले दरबार र तलेजू मन्दिरको भित्तेचित्रहरु, बसन्तपुरको कुमारी घरको भित्तेचित्रहरु, स्वयम्भूस्थित शान्तिपुरको भित्तेचित्रहरु आदिलाई लिन सकिन्छ । विशेषत मध्यकालिन र शाहकालिन भित्तेचित्रहरु बनाउँदा घाममा नपर्ने तथा ओस नलाग्ने ठाँउमा, सूक्ष्म तरिकाले रेखाङ्कन गरि चित्रलाई आर्कषक बनाउने कार्य र सावधानीपूर्वक रंग भर्ने कार्य भएको देखिन्छ । यिनै प्रक्रियाहरुलाई नै अवलम्बन गरिएकाले यी चित्रहरु हालसम्म पनि जस्ताको तस्तै रहेका छन् । त्यसैले तत्कालिन कलाकारहरुले यी प्रक्रियाहरुलाई अपनाएर उत्कृष्ट भित्तेचित्रहरु निर्माण गर्नसकेका हुन् ।

❖

# अध्याय पाँच

## भित्तेचित्र संरक्षण गर्ने प्रक्रिया

भित्तेचित्रकला चित्रकलाको एक उत्कृष्ट नमुना हो । नेपालमा यसका नमुनाहरु मध्यकालदेखि मात्र प्राप्त भएका छन् । जति पनि भित्तेचित्रहरु प्राप्त भएका छन् तिनीहरु निक्कै नाजुक अवस्थामा छन् । जुन संरक्षणको पखाईमा रहेका छन् । यसतर्फ सम्बन्धित निकायको ध्यान गएको देखिँदैन । यसर्थ यस्तो अवस्था सिर्जना हुन नदिन समयमै संरक्षण हुन नितान्त आवश्यक छ । हुन त नेपालमा यस्ता भित्तेचित्रहरुको संरक्षण कार्य समयसमयमा नभएका भने होइनन् । वि.सं. २०२२ सालमा Archaeological Survey Department of India को सहयोगमा भक्तपुरको पचपन्ने झ्याले दरबारका भित्तेचित्रहरुलाई रासायनिक प्रक्रियाबाट संरक्षण गरिएको थियो । त्यस्तै सन् १९८४ मा नेपालको पुरातत्व विभाग र Institute Italian per il Medio ed Estremo Oriente को संयुक्त तत्वाधानमा भक्तपुरकै पचपन्ने झ्याले दरबारका भित्तेचित्रहरुलाई रासायनिक प्रक्रियाबाट संरक्षण गर्ने काम सम्पन्न भएको थियो । यस्तै प्रक्रियाबाट काठमाण्डौको कुमारीघरका भित्तेचित्रहरुलाई पनि संरक्षण गरिएको थियो । यति मात्र नभएर पुरातत्व विभाग अर्न्तगतको केन्द्रिय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशालाले हनुमानढोकास्थित नौतले दरबारको पश्चिमी लङ्को कोठामा रहेका भित्तेचित्रहरु, कीर्तिपुर बाघ भैरव मन्दिरको भित्तेचित्रहरु, स्वयम्भूको शान्तिपुर मन्दिरको भित्तेचित्रहरु र पनौतीको ब्रह्मायणी मन्दिरभित्रका भित्तेचित्रहरु पनि यही प्रक्रिया अर्न्तगत संरक्षण गरिएको थियो । त्यस्तै गरेर वि.सं. २०६७ सालमा हनुमानढोकाको मोहनकाली चोकको पूर्वी लङ्का कोठामा रहेका भित्तेचित्रहरुलाई पनि रासायनिक प्रक्रियाद्वारा संरक्षण गरिएको थियो । यसरी

नेपालमा कुनै पनि पुरातात्विक तथा ऐतिहासिक भित्तेचित्रको रसायन संरक्षण कार्य गर्दा निम्न तरिकाबाट गर्ने गरिन्छ ।

### क) **Photography**

रसायन संरक्षण कार्य गर्दा सुरुमा फोटोग्राफी गर्न नितान्त आवश्यक छ । सम्बन्धि विषयका प्राविधिक वा विज्ञद्वारा स्थलगत निरिक्षण गरि फोटोहरु खिच्ने कार्य गरिन्छ । फोटो खिच्दा विशेष गरि प्राय पिस पिस गरि सबैको फोटो खिचिन्छ । साथै जहाँ चर्केको छ, रङ्गहरु उप्केर गएको छ वा जहाँ चित्रको भागहरु Missing भएको छ, ती स्थानहरुको Close Up Focus गरि फोटो खिचिन्छ । संरक्षण कार्यमा संरक्षण गर्नुभन्दा अगाडि, संरक्षणको दौरानमा र संरक्षण गर्ने कार्य समाप्त भएपछि फोटोग्राफी गर्ने गरिन्छ ।

### ख) **Physical Treatment**

फोटोग्राफीको कार्यपछि सम्बन्धित प्राविधिकहरुले नरम ब्रुशद्वारा त्यस चित्रमा भएका धुलो, कसिंगर, माकुराको जाल आदि सबै विस्तारै विस्तारै झार्ने काम गरिन्छ । यो कार्य गर्दा विशेष सावधानी अपनाइन्छ । यसरी धुलो वा अन्य कसिंगर झारी चित्रलाई स्पष्ट देखिने गरि राखिन्छ । नेपालमा जतिपनि भित्तेचित्रहरु प्राप्त भएका छन्, तिनीहरु विशेष गरि छानाबाट पानी चुहिएर, धुलो, कसिंगर, माकुराको जाल, चराको गुँड, धूपबत्ती बाल्नाले नष्ट हुँदै गएको पाईन्छ ।

### ग) Documentation

Photography र Physical Treatment को काम सकेपछि Documentation को कार्य सुरु हुन्छ । जुन ज्यादै नै आवश्यक छ । डकुमेण्टेशनको कार्य गरिएन भने संरक्षणको कार्य पुरा हुँदैन । तसर्थ डकुमेण्टेशनको कार्य गर्दा निम्न कुरामा ध्यान दिइनुपर्छ ।

- चित्रहरु कुन ठाँउमा अवस्थित रहेको छ त्यसको उल्लेख गर्नुपर्दछ । जस्तैः हनुमानढोका दरबारको मोहनकालीका भित्तेचित्रहरु ।
- चित्रहरु कुन अवस्थामा रहेका छन् त्यसको उल्लेख गर्नुपर्दछ ।
- चित्रको नाप कति रहेको छ, त्यसको पनि उल्लेख गर्नुपर्दछ ।
- चित्रमा भएको सम्पूर्ण विवरण लेख्नुपर्दछ ।
- चित्रको निर्माण समय कहिले भएको हो त्यो पनि लेख्नुपर्दछ ।
- कागजमा बिग्रेको चित्रको Out line Sketch कोरिन्छ । जसमा चित्रको नक्शा तथा रङ्ग उप्केको ठाँउको संकेत र कतै भित्ता चर्केको छ भने ती ठाँउहरुको स्पष्टसँग कागजमा संकेत हुने गरि चिन्ह लगाउनु पर्दछ । हुन त त्यसको फोटो खिच्दा पनि हुन्छ । तैपनि कागजमा Outline Sketch बनाउने चलन रहेको छ ।
- भित्तेचित्रमा कुन खालको रङ्ग प्रयोग गरेको छ र रङ्गको प्रकारलाई पनि उल्लेख गर्नुपर्छ ।
- रङ्गमा मिसावट गरेको वस्तुको विवरण पनि उल्लेख गर्नुपर्छ ।
- चित्रहरुको संरक्षण कार्यमा के कस्ता सामाग्रीहरुको प्रयोग भएको छ त्यसको उल्लेख गर्ने ।
- चित्रहरुको संरक्षण गर्नको लागि कुन प्रविधि अपनाइएको छ त्यसलाई पनि सविस्तार उल्लेख गर्नुपर्छ ।

यी सम्पूर्ण कार्य गरिसकेपछि Documentation गर्ने कार्य पूरा हुन्छ ।

**घ) Fixing**

Documentation तयार भएपछि चित्रलाई Fixing गर्ने कार्य गरिन्छ । कला संरक्षणविद् पुष्पकृष्ण डंगोलले शोधकर्तालाई दिएको जानकारी अनुसार भित्तेचित्रहरु जहाँ जहाँ चर्केको छ, रङ्ग उप्केर झर्न लागेको छ त्यस ठाँउमा Fevicol (Extra PVA) भएको ५% र ९५% पानीमा मिसाएर पातलो गरि बनाउने गरिन्छ र सानो ६/७ नम्बरको नरम Sable Hair ब्रुश वा सिरिन्ज प्रयोग गरि उक्त उप्कन लागेको चित्रको रङ्गमा वा सम्भव भए चर्केर उप्कन लागेको भागमा लगाउने गरिन्छ । त्यसरी लगाउँदा चर्केको चित्रको धेरै भागमा नगरिकन स-साना २/३ स्क्वायर फिटको एरियामा लगाउने र त्यसपछि Glaze Less प्लाष्टिकले उक्त चर्केको वा उप्कन लागेको रङ्गमाथि सो प्लाष्टिक राखेर विस्तारै विस्तारै बुढि औंलाले थिचेर सो उप्कन लागेको रङ्ग सोही ठाँउमा टाँस्ने गरिन्छ । यही प्रक्रियालाई नै Fixing भनिन्छ । तर यो कार्य गर्दा के ध्यान दिनुपर्छ भने साधारण खालको प्लाष्टिकको प्रयोग कदापि गर्नु हुँदैन । किनभने साधारण प्लाष्टिकमा Glaze हुने गर्दछ । यसरी Glaze भएको प्लाष्टिकलाई प्रयोग गरि थिच्ने कार्य गर्दा चर्केर उप्कन लागेका रंगका पाप्राहरु (Pigment) सोही प्लाष्टिकमा टाँसेर आउने हुदाँ चित्रहरु नष्ट हुने गर्दछ ।

**ङ) Gap Filling**

Fixing को कार्य सकेपछि Gap Filling को कार्य अगाडि बढ्छ । संरक्षणविद्ले शोधकर्तालाई दिएको जानकारी अनुसार भित्तेचित्रको भित्ता जहाँ चर्केको छ त्यस्तो चर्केको भागमा लिउन बनाएर सानो ज्याबलद्वारा लिउनले नै Gap Filling कार्य गर्ने गरिन्छ । तर आजभोलि लिउन बनाउन गाऱ्हो भएकोले Plaster of Peris

को प्रयोग गर्ने गरिन्छ। जुन हनुमानढोका मोहनचोकको भित्तेचित्र संरक्षण कार्य यहि Plaster of Peris को प्रयोग गरिएको थियो। हुन त कतै कतै यस किसिमको Gap Filling कार्य गर्दा चक ढुंगाको धुलो पाउडरमा Fevicol मिसाएर पातलो गरि घोलेर ठिक्कको Syringe द्वारा Gap Filling गर्ने पनि चलन रहेको छ।

**च) Chemical Cleaning**

भित्तेचित्रमा टाँसिरहेको धुलो, धुँवा, तेलको दाग, कसिंगर तथा अन्य किरा फट्याङ्ग्राको विष्टा आदिलाई हटाउन विभिन्न रसायनहरुको प्रयोग गर्नुपर्ने हुन्छ। प्राविधिकहरुले यस्ता रसायनहरुको प्रयोग गर्दा सकभर स्वास्थ्यलाई असर नपार्ने खालको गर्नुपर्दछ। तर कतिपय अवस्थामा भने अलि जोखिमयुक्त रसायनको प्रयोग गर्नुपर्ने हुन्छ। तसर्थ यस्तो कार्य गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ।

संरक्षणविद्का अनुसार भित्तेचित्रको रसायन संरक्षण कार्य गर्दा सर्वप्रथम साधारण धुलोमैलौ हटाउन Medical Cotton लाई Distilled Water मा चोपेर विस्तारै विस्तारै सो चित्रमाथिको धुलो पुछ्दै लैजाउनु पर्दछ। यदि सफा नभएमा सानो पेन ब्रुश जस्तै सिन्कोमा कपास बेरेर इथानलमा चोपेर विस्तारै पुछ्दै जानु पर्दछ। त्यस्तै तेलको दाग मेटाउनको लागि Dimethyl Formamide वा Acetone वा Xylene जस्ता रसायनहरुको प्रयोग गर्नुपर्दछ भने झिङ्गाको विष्टा सफा नभए वा हटाउन Hydrozenperoxide जस्ता अलि कडा रसायनको प्रयोग गर्नुपर्ने हुन्छ। हुन त यस्ता कडा खालका रसायनहरुको प्रयोग यूरोपतिर गर्न पाइदैंन। किनकी सो रसायन प्रयोग गर्दा स्वास्थ्यमा असर पर्ने हुन्छ।

कतिपय चित्रहरुमा अति कडा खालको दाग टाँसेको हुन्छ। यस्तो दाग हटाउन विभिन्न रसायनहरुको प्रयोग गरिन्छ। कहिलेकाँही रसायनहरुको प्रयोग गर्दा पनि दाग नजान सक्छ। त्यस्तो अवस्थामा १/२% Ammonia पानीमा मिसाएर

बनाएको मिश्रणले पेन ब्रुश जस्तै सानो सिन्कामा Medical Cotton बेरेर दाग लागेको ठाँउमा विस्तारै विस्तारै पुछ्नु पर्दछ । यो पुछ्ने वित्तिकै अर्को Tatric Acid को मिश्रणले तुरन्तै कपास चोपेर पुछ्नु पर्दछ । नत्र चित्रको रङ्ग तुरन्तै गई लिउन माटो समेत देख्न सक्छ । त्यसकारण Ammonia रसायन प्रयोग गर्दा धेरै नै सर्तकता अपनाउनु पर्दछ । यसरी Cleaning गर्ने कार्य समाप्त हुन्छ ।

**छ) Retouching**

Chemical Cleaing गरिसकेपछि Retouching को कार्य आरम्भ हुन्छ । Retouching गर्नुअघि एकपल्ट पुनः सबै चित्रहरुको फोटोग्राफी गरिन्छ । Retouching गर्दा Gap Filling गरेको ठाँउमा वा रङ्ग उप्केर झरेको ठाँउमा पुनः रङ्ग भरि त्यसलाई पूर्णता दिने कार्य गरिन्छ । त्यसलाई नै Retouching भनिन्छ । संरक्षणविद्का अनुसार यसरी Retouching कार्य गर्दा सर्वप्रथम भित्तेचित्रको राम्ररी अध्ययन गरि भित्तेचित्रमा प्रयोग भएका सबै खानी रङ्गहरु भिन्नाभिन्दै माटोको वा चाइनिज सेरामिकमा अलग अलग भाँडामा राखी पानी मिसाएर ३/४ घण्टा भिजाउनु पर्दछ । त्यसपछि विस्तारै विस्तारै घोट्नुपर्छ । घोटेर एकदम मलिन भएपछि सरेश मिसाएर चलाउने । यति गरेपछि त्यो रङ्ग प्रयोग गर्नको लागि उपयुक्त हुन्छ ।

रङ्गको प्रयोग गर्नु अघि जहाँ जहाँ चित्रहरु गएको छ त्यसमा सँगै भएका अरु चित्रहरुको सहयोगले वा त्यो चित्रको पुराना तस्वीर भएमा सोही हेरी पेन्सिलले विस्तारै स्केच गर्ने साथै कुनै चित्र टुटेको, फुटेको वा त्यसको पुरानो फोटो पनि नभएको अवस्थामा आफू खुशी स्केच गरेर रङ्ग भर्नु हुँदैन । तर यदि आफूलाई स्पष्ट रुपमा ज्ञान भएको ठाँउमा अर्थात् एउटा मूर्तिको एक पाखुरादेखि हत्केलासम्ममा तल पनि छ माथि पनि छ, तर बीच भागमा मात्र खाली भएको खण्डमा त्यो खाली भएको ठाँउमा स्केच गरेर रङ्ग भर्न सकिन्छ । अन्यथा गर्न सकिंदैन ।

त्यस्तै खाली भागमा रङ्ग भर्ने भनेर पुरै रङ्ग भर्नु हुँदैन । Retouching गर्दा आफ्नै खालको सिद्धान्त रहेको छ । जस्तै खाली ठाँउमा रङ्ग भर्नु अगाडि खाली भएको ठाँउसँगै कुन रङ्ग रहेको छ, त्यसमा विशेष ध्यान दिनुपर्दछ । यसरी खाली भएको ठाँउसँगै चित्रको रंग जस्तै विभिन्न आवश्यता अनुसारको रंगहरु मिसावट गरि पातलो बनाउनु पर्दछ । रङ्ग बनाइसकेपछि सानो खालको मसिनो ब्रुशले खाली भएको ठाँउमा रेशा रेशा तान्नु पर्दछ । यही प्रक्रियालाई २/३ पटक दोर्‍हाएर खाली ठाँउमा रङ्ग भर्ने गरिन्छ । यसरी Retouching गरेको ठाँउमा अलि टाढाबाट हेर्दा बिग्रेको जस्तो देखिंदैन । तर अगाडि आएर केलाएर हेरेमा त्यो संरक्षण कार्य भइसकेको थाहा हुन्छ । कला संरक्षणविद् सूर्यकुमारी मानन्धरले शोधकर्तालाई दिएको जानकारी अनुसार यस्तै किसिमले हनुमानढोका मोहनचोकको भित्तेचित्रको Retouching कार्य सम्पन्न भएको थियो । साथै उक्त हनुमानढोका मोहनकाली चोकको भित्तेचित्रहरुमा सुन तथा चाँदी रंगको प्रयोग गरेको पाईन्छ । उपत्यकाभित्रका भित्तेचित्रहरुमध्येमा चाँदीको रंग प्रयोग गरिएको यो नै प्रथम भित्तेचित्र मान्न सकिन्छ ।

**छ) Preservative Coated**

भित्तेचित्रको Retouching कार्यसकेपछि ती चित्रहरुलाई साधारणतया धुलो, धुँवा, चिसोको प्रभाव नपरुन् भनेर चित्रको माथिबाट रसायनको मिश्रण लगाइन्छ । यही प्रक्रियालाई नै Preservative Coated भनिन्छ । यो मिश्रणलाई यसरी तयार गरिन्छ । Polyvinyl Acetate वा Paraloid B72 वा Paraloid B73 मध्येमा ५% Sulphure Free Toluene मा मिसाएर घाममा सुकाउनु पर्दछ । त्यसरी सुकाएको सो ठोस रसायन Toluene सिसीभित्र पूर्ण रुपमा पग्लेर घोलिसकेपछि एउटा सफा सिसाको गिलास वा स्टिलको कचौरामा राखेर २/३ ईन्चको ब्रुशले चित्रमाथि एकोहोरो तरिकाले कतै नछुटाइकन लगाएर छोडि दिनुपर्छ । यसरी लगाईसकेपछि

त्यो रसायन चित्रमाथि टाँसिन्छ भने Toluene उडेर जान्छ । यदि त्यसबेला प्राविधिकहरु त्यँहा बसेको खण्डमा त्यसले स्वास्थ्यलाई नकरात्मक असर पार्दछ । त्यसकारण दक्षिण कोरिया, फ्रान्स, इटालीमा यो रसायन पगाल्दा Toluene को सट्टा Acetone वा Xylene मा पगाल्ने कार्य गरिन्छ ।

यस किसिमले माथिको सम्पूर्ण कार्य सकेपछि पुनः अन्तिम एकपटक फोटोग्राफी लिने गर्दछ । यो कार्य गरिसकेपछि रसायन संरक्षण गर्ने कार्य पनि समाप्त हुन्छ । नेपालमा भित्तेचित्रहरुको संरक्षण गर्ने कार्य पुरातत्व विभाग अर्न्तगतको केन्द्रिय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशालाले गर्दै आइरहेको छ । नेपालमा जति पनि भित्तेचित्रहरु प्राप्त भएका छन्, तिनीहरुको समय अनुसार उचित संरक्षण हुन सकेको छैन । यस्ता राष्ट्रिय धरोहरहरुलाई समयमा नै आवश्यक संरक्षण गरि जोगाई राख्नु सम्बन्धित निकायको कर्तव्य हो ।

❖

**अध्याय छ**

# उपसंहार

नेपाल सांस्कृतिक विविधताले भरिपूर्ण देश हो । कला, धर्म र संस्कृतिको क्षेत्रमा नेपाल प्राचीन समयदेखि नै निक्कै सबल थियो । अझ मध्यकालमा यसले उच्चतम गति लिन सफल भयो । कलाको सन्दर्भमा यस समयमा थुप्रै मात्रामा उत्कृष्ट ग्रन्थचित्र, पौभाचित्रहरु बने । यति मात्र नभएर भित्तेचित्रहरु पनि उत्कृष्ट तरिकाले निर्माण भए । तर जतिपनि भित्तेचित्रहरु उपलब्ध भएका छन्, तिनीहरु ज्यादै जीर्ण अवस्थामा पुगिसकेका छन् । नेपालमा प्राप्त भित्तेचित्रहरु हिन्दू तथा बौद्ध धर्मसँग सम्बन्धित छन् । यिनीहरुको सूक्ष्म तरिकाले अध्ययन गर्ने हो भने तत्कालिन समयमा प्रचलित भेषभूषा, धर्म, कला लगायत त्यसमा प्रयुक्त रङ्गहरुको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । यति मात्र नभई देशको आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक पक्षहरुको बारेमा पनि सजिलै जानकारी प्राप्त गर्न सकिन्छ ।

नेपालमा लिच्छविकालिन भित्तेचित्रकलाका नमुनाहरु उपलब्ध छैनन् । तर तत्कालिन समयका अभिलेख र साहित्यिक स्रोतहरु भने लिच्छविकालिन चित्रकारिताको बारेमा वर्णन गरेको पाईन्छ । मध्यकालमा आइपुग्दा भित्तेचित्रकलाका नमुनाहरु पन्धौं शताब्दी पछिका मात्र उपलब्ध छन् । मध्यकालिन भित्तेचित्रहरुलाई हेर्दा समग्रमा राजपुत- मुगल कलाशैलीको प्रभाव देखिन्छ । वास्तवमा भारतमा मुसलमानहरुको आक्रमणले गर्दा त्यसबेलाका प्रमुख कला केन्द्र नालन्दा तथा विक्रमशील विश्वविद्यालयका कलाकारहरु नेपाल पसेपछि नेपाली कलाको क्षेत्रमा निक्कै परिवर्तन आए । पछिल्लो समयमा युरोपेली कलाले समेत नेपाली कलामा गहिरो छाप पार्न सफल भएको देखिन्छ । यसरी समयक्रमसंगै नेपाली चित्रकलामा

विदेशी कलाशैलीको प्रभाव परेपनि नेपाली कलाकारहरुले आफ्नोपनलाई नत्यागी धार्मिक भावनाको साथमा नेपाली कलाको विकास गर्दै लगेको पाईन्छ ।

चित्रहरु बनाउनको लागि सबैभन्दा प्रभावकारी तत्वको रुपमा रंगलाई लिईन्छ । यस मोहनचोकका भित्तेचित्रहरुलाई आर्कषक रुपमा प्रस्तुत गर्न कलाकारले बढि भन्दा बढि रङ्गहरुको प्रयोग गरेका छन् । देवीदेवताका मुखाकृतिमा शास्त्र अनुसार प्रतिकात्मक रंगहरुकै प्रयोग गरिएको पाईन्छ । विशेष गरि सुनौलो रङ्गको अधिक रुपमा प्रयोग गरिएको छ । सुनौलो रंगको प्राधान्यता विशेष गरि गरगहना, मुकुट, पहिरन र सिंहासनमा गरिएको छ । सुनौलो रङ्गपछि बढि प्रयोगमा आएको रङ्ग रातो हो । क्रोधित रुपमा देवी भगवतीलाई देखाउन कलाकारले रातो रङ्गलाई बढि प्रयोगमा ल्याएको छ भने देवी र असुरबीचको लडाई, देवीदेवताका प्रभावली, वर्ण, वस्त्रमा रातो रङ्गको प्रचुर मात्रामा प्रयोग गरिएको छ । यसरी यहाँ चित्रित देवीदेवताहरु, असुरहरु, राजा, ऋषि, जनावरहरु, रुखहरु, पहाड, हिमाल आदिलाई सेतो, हरियो, नीलो, कालो, खैरो आदि जस्ता विभिन्न रङ्गहरुद्वारा आर्कषक तरिकाले प्रस्तुत गरिएको छ । त्यस्तै एउटै चित्रलाई पनि फरक फरक रुपमा प्रस्तुत गरिएको छ । उदाहरणको रुपमा देवी भगवतीले एउटा चित्रमा लिएका आयुधहरु अर्को चित्रमा समान रुपले लिएको पाईदैन । त्यस्तै गरि वैश्यलाई एउटा चित्रमा सेतो पहिरिनमा देखाइएको छ भने अर्को चित्रमा रातो पहिरनमा देखाएको छ । यति मात्र नभई देवीलाई एउटा चित्रमा आफ्नो वाहनमाथि उठेको र अर्को चित्रमा वाहनमाथि बसि लडाई गर्दै गरेको देखाइएको छ ।

मोहनचोकका भित्तेचित्रहरुलाई अझ सजीवता प्रदान गर्न कलाकारले पृष्ठभूमिमा हिमाल, पहाड, बादल, रुखहरुलाई आर्कषक रुपमा प्रस्तुत गरेको छ । यद्यपि चित्रहरुको पृष्ठभूमिमा प्राकृतिक दृश्य देखाउने चलन चिनियाँ तिब्बती कलाशैलीको प्रभाव स्वरुप १५,१६ औं शताब्दीदेखि नेपाली चित्रकलामा देखिएको हो ।

यहाँका कथाचित्रहरु दुई रुखहरुको बीचमा कोरिएका छन् । जुन माथिल्लो भागमा रहेका चित्रहरुमा देख्न सकिन्छ । यसरी चित्रमा विविधता ल्याउन कलाकारले ज्यादै मिहिनेत गरेको देखिन्छ । जसमा कलाकार सफल पनि भएको देखिन्छ । धेरै समय वितिसक्दा पनि यी चित्रहरुमा प्रयोग भएका रंगहरु सुन्दर र चम्किला देखिन्छन् । जसले जो कोहीलाई पनि आकर्षित गर्दछ । यति हुँदा हुँदै पनि चित्र निर्माणमा कलाकारले पूर्ण रुपमा ध्यान नदिएको वास्तविकता पनि कतिपय ठाँउमा खट्किन्छ । उदाहरणको रुपमा चित्र नं. ३.४ को (ग) मा मेधामुनि ऋषिलाई विभिन्न आभूषणबाट सजाइएको छ । जुन एक ऋषिको लागि स्वाभाविक लाग्दैन । त्यस्तै चित्र नं. ४.१ मा लक्ष्मीलाई विना प्रभावली देखाइएको छ । यो बाहेक चित्र नं. ५.१ मा महिषासुरलाई देवत्वको प्रतिक प्रभावलीमा देखाइएको छ । त्यस्तै देवताहरुलाई जोर संख्यामा नागको फणाले संरक्षण गरिएको छ । वास्तवमा नागको फणाहरुलाई विजोर संख्यामा देखाउनुपर्ने विधान रहेको छ ।

मार्कण्डेय पुराणमा आधारित यी भित्तेचित्रहरु कुन समयमा र कसले बनाएका हुन् भन्ने बारेमा कौतुहलता हुनु स्वभाविकै हो । हुन त सबै चित्रहरुको तल्लो भागमा देवनागरी लिपिमा चित्रहरुको वर्णन गरिए तापनि तत्कालिन राजा, कलाकार र समयको उल्लेख भने गरिएको छैन । जसले गर्दा यही समयमा निर्माण गरिएको हो भनेर यकिनका साथ भन्ने अवस्था छैन । श्यामसुन्दर राजवंशीका अनुसार दोस्रो कोठामा रहेका Full Size का चित्रहरुमध्ये शिवको चित्रको अनुहार रणबहादुर शाहको अनुहारसँग मिल्ने हुनाले सम्भवतः यी चित्रहरु रणबहादुर शाहले बनाउन लगाएका हुन सक्छन् । तर पेशल दाहालका अनुसार यहाँ चित्रित चित्रहरु राजा राजेन्द्र वीर बिक्रम शाहदेवको समयमा कोरिएका हुन् । उनका अनुसार अलौ पर्व असफल भएपछि राजा राजेन्द्र वीर बिक्रम शाहदेवलाई यहीं कोठामा थुनिएको थियो । आफ्नो बन्दी जीवनमा यी भित्तेचित्रहरु बनाउन लगाएका हुन् । यहाँका चित्रहरु अठारौं

शताब्दीको अन्त्यतिर वा उन्नाइसौं शताब्दीको शुरुतिरका हुन् । यी चित्रहरुको बनावट, रंगको प्रयोग, धार्मिक मान्यतालाई हेर्दा यी चित्रहरुलाई अठारौं शताब्दी पूर्वका मान्न सकिदैंन । यसै सन्दर्भमा नारायणबहादुर सिँहले आफ्नो पुस्तक समसामायिक नेपाली चित्रकलाको इतिहासमा यी भित्तेचित्रहरु राजा राजेन्द्रवीर विक्रम शाहदेवको पालामा नै निर्माण भएका हुन् भनेका छन् । यहाँ चित्रित सुरथ राजाको कथा र राजा राजेन्द्रवीर बिक्रम शाहदेवको जीवनमा घटेको घटना ठ्याक्कै मेल खान आउँछ । हुन त नेपालको इतिहासलाई हेर्दा राजा राजेन्द्र वीर विक्रम शाहदेवको पालामा उनको रानी र भारदारहरु मिलेर उनलाई देश निकाला गरिदिएको विवरण पाईन्छ । यसर्थ पनि राजा राजेन्द्रवीर बिक्रम शाहदेवले आफ्नो जीवनमा घटेको घटनालाई सुरथ राजाको कथा मार्फत् प्रस्तुत गर्न खोजेका हुन् कि?

साथै यी चित्रहरु लेख्ने कलाकारको बारेमा कतै कुनै उल्लेख छैन । ती चित्रहरु लेख्ने अज्ञात कलाकारका सम्बन्धमा चर्चा गर्नु सम्भव पनि छैन । नारायणबहादुर सिँहका अनुसार तत्कालिन राजा राजेन्द्रवीर बिक्रम शाहदेवको समयलाई विचार गर्दा भीमसेनस्थानका धीर्ज नारायण चित्रकार र वटुका राजमान सिँह जस्ता चित्रकारहरु समकालिन देखापर्दछन् र यिनै धीर्ज नारायण हनुमानढोका दरबारमा नै जागिरे थिए भन्ने कुराले सम्भवत: ती भित्तेचित्रहरु उनैले लेखेका हुन् भन्ने अनुमानसम्म गर्न सकिन्छ । तर यसलाई पुष्टि गर्ने कुनै प्रमाण भने देखिदैंन । जे भएतापनि यी भित्तेचित्रहरु शाहकालिन भित्तेचित्र हुन् भन्ने कुरामा दुई मत छैन ।

यहाँका चित्रहरुलाई गहिरिएर हेर्दा विदेशी कलाशैलीको प्रभाव परेको देखिन्छ । त्यसमा पनि विशेष गरि राजपूत मुगल कलाशैलीको प्रभाव परेको छ । यहाँ देवीदेवताहरुका चित्रहरु अर्ध र पूर्ण चेहरामा निर्माण भएका छन् । साथै गुम्बज शैलीको दरबारको चित्र, राजा सुरथले लगाएको पहिरन, टोपी, चुच्चो परेको नाक , लाम्चा आँखा, शिरमा लगाएको पगरी, राजर्षी जुंगा, कम्मरमा लगाएको पटुका,

तरबार र पछाडिपट्टि बालिष्ठमा ऋषिले अडेस लगाएको देखाइएको छ । यसरी निर्माण गरिनु भनेको राजपूत मुगल कलाशैलीको प्रभाव पर्नु हो ।

नेपालका शाहकालिन भित्तेचित्रहरुमध्येमा अभिलेखसहितको भित्तेचित्रमा सायद यो नै पहिलो भित्तेचित्र हुनुपर्दछ । यो भित्तेचित्र बनाउने तत्कालिन कलाकारले चित्रमार्फत् मात्र नभई अभिलेखद्वारा पनि चित्रलाई प्रष्टाउने कार्य गरेको छ । जुन ज्यादै नै सराहनीय छ । साथै तत्कालिन समयको शिल्पकारीतालाई पनि यसले प्रष्ट पारेको छ ।

हुन त मोहनचोकका भित्तेचित्रहरु केही वर्ष अगाडि मात्र रासायनिक प्रक्रियाबाट संरक्षण गरिएको थियो । यस्ता भित्तेचित्रहरु नेपालका अन्य विभिन्न स्थानमा पनि रहेका छन्, जुन संरक्षणको अभावमा दिन प्रतिदिन जीर्ण भइरहेका छन् । दरबार, मन्दिर, गुफा आदि ठाँउहरुमा यस्ता भित्तेचित्रहरु गर्भमा नै लुकिरहेका हुन सक्छन् । त्यस्ता भित्तेचित्रहरुलाई प्रकाशमा ल्याउनु ज्यादै नै आवश्यक भईसकेको छ । नेपालमा भित्तेचित्रहरु दरबारमा मात्र सिमित नभई मन्दिरको बाहिरी भित्तामा पनि रहेका छन् । जसमा कीर्तिपुर बाघभैरव मन्दिरको भित्तेचित्रहरु, स्वयम्भू शान्तिपुरको भित्तेचित्रहरु, जयबागेश्वरीको भित्तेचित्र र बनेपा चण्डेश्वरीको भित्तेचित्रहरु पर्दछन् । मन्दिरको बाहिरी भागमा रहेका भित्तेचित्रहरुमा ज्ञानको अभावमा जतातत‍ै चकले कोर्ने, आफ्नो नाम लेख्ने, धूपबत्ती बाल्ने, चुना लगाउने जस्ता कार्यहरु भइरहेकोमा यसतर्फ सम्बन्धित निकायको ध्यान जान सकेको छैन । साथै उपलब्ध भएका भित्तेचित्रहरुको संरक्षण गर्ने कार्यमा पनि खासै चासो देखाएको पाइदैंन । यसरी सम्बन्धित निकायले समयमै संरक्षण कार्यलाई अगाडि नबढाएमा देशको गौरवमय चित्रकलाको इतिहास समाप्त हुने कुरामा कुनै शंका छैन । यसतर्फ सम्बन्धित निकायको ध्यान जान अबेर भैसकेको छ ।

# परिशिष्ट क

## अध्ययन अनुसन्धानको क्रममा शोधकर्ताले अन्तर्वार्ता लिएका सम्बन्धित विज्ञ तथा ज्ञाताहरुको नामावली

१. हरिराम जोशी, संस्कृति शिरोमणि, मानभवन, ललितपुर

२. श्यामसुन्दर राजवंशी (५२), तत्कालिन कार्यालय प्रमुख, हनुमानढोका दरबार हेरचाह अड्डा, बसन्तपुर, काठमाण्डौ र हाल कार्यालय प्रमुख, पाटन दरबार हेरचाह अड्डा, पाटन

३. पुष्पकृष्ण डंगोल (५३), कला संरक्षण अधिकृत, दलु, वडा नं. १५, काठमाण्डौ

४.सूर्यकुमारी मानन्धर (५२), कला संरक्षण अधिकृत, सोह्रखुट्टे, वडा नं. २९, काठमाण्डौ

५.पुष्परत्न शाक्य (७०), भूतपूर्व अध्यक्ष, योङ्ग आर्टिस् ग्रुप, ठमेल, वडा नं. २९, काठमाण्डौ

# परिशिष्ट ख

## यो शोधपत्र तयार पार्नको लागि सम्बन्धित विज्ञहरुसँग राखिएका प्रश्नहरु

१. नेपालमा भित्तेचित्र लेख्ने कार्यको सुरुवात कहिलेबाट भयो ?

२. हनुमानढोकास्थित मोहनकाली चोकमा रहेका भित्तेचित्रहरुको बारेमा कहि बताई दिनु होस् ?

३. यस भित्तेचित्रको संरक्षण गर्नुभन्दा अगाडि यसको अवस्था कस्तो रहेको थियो ?

४. यस भित्तेचित्रको संरक्षण कार्य पहिले कतिचोटि सम्पन्न भइसकेको थियो ?

५. नेपाली चित्रकलामा रङ्गको कत्ति महत्व रहेको छ ?

६. नेपाली चित्रकलामा प्रयोग हुने रङ्गहरु कसरी बनाइन्छ ?

७. नेपाली भित्तेचित्रमा के कस्ता रङ्गहरुको प्रयोग गरिन्छ ?

८. पौभा चित्र र भित्तेचित्रमा प्रयोग गरिएका रङ्गहरु एउटै हुन् ?

९. भित्तेचित्रहरुको संरक्षण कार्य कसरी गरिन्छ ?

१०. संरक्षण गर्दा के कुरामा बढि ध्यान दिइन्छ ?

११. नेपालमा पाइएका भित्तेचित्रहरु कति समयको अन्तरालमा संरक्षण गर्नु आवश्यक छ ?

# सन्दर्भ ग्रन्थसूची


अमात्य, साफल्य, (वि.सं.२०३१), “नेपालका केहि महत्वपूर्ण भित्तेचित्रहरु”, **प्राचीन नेपाल**, संख्या २८, श्रावण, काठमाण्डौ : पुरातत्व विभाग

उपाध्याय, रामकृष्ण, (इ.सं.२००८), **श्रीमार्कण्डेय पुराण,** हरिद्वार : रणधीर प्रकाशन

चित्रकार, अमर, (वि.सं. २०३४), **परम्परागत र आधुनिक चित्रकलाको एक झलक,** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

थापा, भीमवर, (वि.सं. २०६०), “डेटोरेशन एण्ड रेस्टोरेशन अफ पेन्टिङ्ग”**, प्राचीन नेपाल**, संख्या ७९, काठमाण्डौ : पुरातत्व विभाग

दाहाल, पेशल, (वि.सं.२०३५), “नेपाली भित्तीचित्रकला”**, शोध ग्रन्थ** (अप्रकाशित), कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, त्रि.वि.

दाहाल, पेशल र सोमप्रसाद खतिवडा, (वि.सं. २०५८), **नेपालको कला र वास्तुकला**, काठमाण्डौ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूर्टस

पाल, प्रतापादित्य, (इ.सं. १९७८), **द आर्ट अफ नेपाल भाग २,** नेदरल्याण्ड : ई. जे. ब्रिल

—————————— (इ.सं. १९९५), **आर्ट अफ नेपाल,** लस एन्जेलस एण्ड लन्डन : लस एन्जेलस काउन्टी म्युजियम

पौड्याल, वीणा, (वि.सं. २०५७), **नेपाली मूर्तिकला र चित्रकला,** काठमाण्डौ : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, त्रि.वि.

बर्किट, एम.सी.,(इ.सं.१९८५), **द ओल्ड स्टोन एज,** दिल्ली : रुपा एण्ड कम्पनी

बज्राचार्य, गौतमबज्र, (वि.सं. २०३३), **हनुमानढोका राजदरबार,** काठमाण्डौ : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि.

बज्राचार्य, धनबज्र, (वि.सं. २०३०),**लिच्छविकालका अभिलेख,** काठमाण्डौ : नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि.

बज्राचार्य, मनबज्र, (मिति छैन), **नेपालको मध्यकालिन कला,** काठमाण्डौ : श्री ५ को सरकार, सूचना विभाग

मिश्र, मनुजबाबु, (वि.सं. २०३९), **विश्वकलाको इतिहास,** काठमाण्डौ : सूचना विभाग

मैनाली, सावित्री, (इ.सं. २००९ ), **हिन्दू मिनियचर पेन्टिङ्ग अफ द काठमाण्डौ भ्याली**, काठमाण्डौ : विश्वकान्त मैनाली

————————, (वि.सं. २०५८), "एन्टीक्यूटी अफ म्यानुस्क्रिप्ट पेन्टिङ्गस् इन नेपाल", **प्राचीन नेपाल**, संख्या १४८, कार्तिक, काठमाण्डौ : पुरातत्व विभाग

यादव, ओमप्रकाश, (वि.सं.२०५७), "कन्जरभेसन अफ वाल पेन्टिङ्ग अफ राम मन्दिर, बत्तीसपुतली"**, प्राचीन नेपाल**, संख्या १४५, असार, काठमाण्डौः पुरातत्व विभाग

रेग्मी, दिनेशचन्द्र र रामनिवास पाण्डे, (वि.सं. २०३२), **नेपालको पौराणिक इतिहास,** काठमाण्डौ : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान

रेग्मी, जगदीशचन्द्र, (वि.सं. २०२६), **लिच्छवि सँस्कृति,** काठमाण्डौ : रत्न पुस्तक भण्डार

————————, (वि.सं. २०३५), **प्राचीन नेपालको इतिहास** काठमाण्डौ : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान

————————, (वि.सं.२०३९), **नेपालको धार्मिक ईतिहास,**काठमाण्डौ : रत्न पुस्तक भण्डार

वाङ्गदेल, लैनसिङ्ग, (वि.सं. २०३४), **प्राचीन नेपाली चित्रकला,**काठमाण्डौ :नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान

________________, (इ.सं. १९६८), "पेन्टिङ्ग अ कम्प्यारातिभ स्टडिज", **नेपाल मोनोग्राफ कल्चर,** काठमाण्डौ : डिर्पाटमेन्ट अफ इन्फरमेसन

________________, (इ.सं. १९८०),"नेपलिज पेन्टिङ्ग", **नेपाल अ कनस्पेटस्,** काठमाण्डौ : द प्रिप्यरर्टी कमिटि

शाक्य, पुष्परत्न, "खानीरंगको परिचय", (अप्रकाशित लेख)

शाह, प्रियम्बला, (इ.सं. १९५८),**विष्णुधर्मोत्तर पुराण तृतीय खण्ड,** बरोडा : ओरिएण्टल इन्सिच्युट

सिंह, नारायणबहादुर, (वि.सं.२०३३), **समसामायिक नेपाली चित्रकलाको इतिहास,**काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

श्रेष्ठ, सलोनी, (ने.सं. ११२७), "कलाका मूलभूत सिद्धान्त", **तिसा,** काठमाण्डौ : ललितकला क्याम्पस

श्रेष्ठ, संगी, (वि.सं. २०६५), "मध्यकालिन नेपाली भित्तेचित्रकलामा प्रयुक्त रंगहरु", **शोध ग्रन्थ** (अप्रकाशित), कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग, त्रि.वि.

हट, माइकल, (इ.सं. १९९५),**नेपाल अ गाइड टु दि आर्ट एण्ड आर्किटेचर अफ दि काठमाण्डौ भ्याली**, बोस्टन : शामभला

क्षेत्री, गणेश र रामचन्द्र रायमाझी, (वि.सं. २०६०), **नेपाली कला, वास्तुकला र प्रतिमालक्षण,** काठमाण्डौ : एसियन पब्लिकेशन

# चित्रहरु




मोहनचोकका भित्तेचित्रहरु




**मोहनचोकका भित्तेचित्रहरु**




चित्र नं. १ : सिद्धि,वुद्धि सहित गणेश




**चित्र नं. २ : महाकाली**



चित्र नं. ३ सुरथ राजाको कथा



**चित्र नं. ३.१ : म्लेच्छहरुद्वारा सुरथ राजाको दरबारमा आक्रमण**



चित्र नं. ३.२ : सुरथ राजा वन प्रस्थान



चित्र नं. ३.३ : वनमा वैश्यसँग भेट



चित्र नं. ३.४ : समाधि वैश्य, सुरथ राजा र मेधामुनि ऋषि




**चित्र नं. ४ : मधुकैटभ वध सम्बन्धि सम्पूर्ण कथा**




**चित्र नं. ४.१ : मधुकैटभद्वारा ब्रह्मामाथि आक्रमण**



**चित्र नं. ४.२ : विष्णु र मधुकैटभको बाहु युद्ध**




**चित्र नं. ४.३ : विष्णुद्वारा मधुकैटभ वध**




चित्र नं. ५ : महिषासुर र देवगणहरुबीच घमासन युद्ध




चित्र नं. ५.१ : इन्द्रासनमा महिषासुरको राज्याभिषेक




**चित्र नं. ५.२ : देवगणहरु शिव र विष्णुको शरणमा**



**चित्र नं. ५.३ : विभिन्न देवदेवीहरुका तेजबाट उत्पन्न भगवती**



चित्र नं. ५.४ : देवीदेवताहरुद्वारा भगवतीलाई आयुध प्रदान



चित्र नं. ५.५ : देवताहरु र ऋषिहरुद्वारा देवीको प्रार्थना




चित्र नं. ५.६ : भगवती र महिषासुरबीच घमासान युद्ध




**चित्र नं. ५.७ : भगवती तथा उनको वाहनद्वारा महिषासुर सेनापतिको वध**



चित्र नं. ५.८ : भगवतीद्वारा पाश प्रहार



चित्र नं. ५.९ : भगवतीद्वारा सिँहरुपी असुरको वध



चित्र नं. ५.१० : भगवतीद्वारा दानव तथा हात्तीरुपी असुरको वध



**चित्र नं. ५.११ : भगवतीद्वारा महिषासुरको शिर छेदन**




चित्र नं. ५.१२ : देवताहरुद्वारा भगवतीको स्तुति




क) गणेश




**ख) ब्रह्मा**



ग) शिव





**घ) विष्णु**




**ङ) कुमार**




**च) काली**



छ) कृष्ण तथा गोपिनी



**ज) जीर्णोद्धार अघिको चित्र**




**झ) जीर्णोद्धार पछिको चित्र**